# कवि ताराप्रसाद श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**
**गणपति भट्टराई**
शैक्षिक सत्र ०६२–६४
त्रि.वि. दर्ता नं. ५७२४/९०



नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०६६

**शोधनिर्देशक**
**होमनाथ सापकोटा**
सहप्राध्यापक

# कवि ताराप्रसाद श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
**गणपति भट्टराई**
शैक्षिक सत्र ०६२–६४
त्रि.वि. दर्ता नं. ५७२४/९०
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०६६

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन
## नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका विद्यार्थी गणपति भट्टराईले नेपाली एम्.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **कवि ताराप्रसाद श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कनसमिति

**प्रा.डा. नारायणप्रसाद खनाल**
विभागीय प्रमुख

____________________
हस्ताक्षर

**सह–प्रा.होमनाथ सापकोटा**
शोधनिर्देशक

____________________
हस्ताक्षर

..............................
बाह्यपरीक्षक

____________________
हस्ताक्षर

मिति : २०६६/ /

**कवि ताराप्रसाद श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** गणपति भट्टराई २०६६

## परिच्छेद : एक

# शोधपरिचय

## परिच्छेद : दुई

# ताराप्रसाद श्रेष्ठको जीवनवृत्त

परिच्छेद : तीन

# ताराप्रसाद श्रेष्ठको व्यक्तित्व

## परिच्छेद : चार

# ताराप्रसाद श्रेष्ठको कवितायात्रा र चरण विभाजन

## परिच्छेद : पाँच

# कवि ताराप्रसाद श्रेष्ठका कृतित्वको अध्ययन

## परिच्छेद : छ

# नेपाली कवितामा ताराप्रसाद श्रेष्ठको योगदान र मूल्याङ्कन तथा उपसंहार

# परिशिष्ट

# सन्दर्भसामग्रीसूची

# (ख) तस्वीरहरूमा ताराप्रसाद श्रेष्ठ



(१) एकल छायाँचित्र : ताराप्रसाद श्रेष्ठ



(२) धर्मपत्नीका साथ ताराप्रसाद श्रेष्ठ



(३) सानाकिसान सहकारी संस्थाबाट सम्मान ग्रहण गर्दै ताराप्रसाद श्रेष्ठ



(४) नेवा: भिङ्गुबाट सम्मान ग्रहण गर्दै ताराप्रसाद श्रेष्ठ



(५) नेपाल आदिवासी जनजाति महासङ्घ पञ्चनगर इकाइमा सम्बोधन गर्दै ताराप्रसाद श्रेष्ठ

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र गणपति भट्टराईले **कवि ताराप्रसाद श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६६/ /

**होमनाथ सापकोटा**
सहप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**नेपाली विभाग**
भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

**कवि ताराप्रसाद श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकमा आधारित प्रस्तुत शोधकार्य आदरणीय गुरु सहप्राध्यापक होमनाथ सापकोटाको निर्देशनमा तयार पारेको हुँ । आफ्नो मूल्यवान् समय दिएर स्नेहपूर्वक कुशल निर्देशन गरिदिनुहुने सहप्राध्यापक होमनाथ सापकोटाप्रति म सर्वप्रथम हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोधकार्यका लागि मैले विभागमा प्रस्तुत गरेको शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्ने महत्त्वपूर्ण अवसर प्रदान गर्नुहुने वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागका विभागीय प्रमुख तथा आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालप्रति र नेपाली विभागका सम्पूर्ण गुरुजनहरूप्रति म हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्रको तयारीको क्रममा आफ्नो व्यक्तिवृत्तबारे कत्ति पनि झर्को नमानी जानकारी गराइदिनु भई सामग्रीसङ्कलनमा पर्याप्त सहयोग पुऱ्याउनुहुने शोधनायक ताराप्रसाद श्रेष्ठप्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु । त्यसैगरी शोधप्रस्ताव लेखनदेखि शोधपत्र तयार पार्दासम्म नै अनवरत रूपमा सहयोग गरी प्रेरणा र हौसला प्रदान गर्ने मेरा अनन्य मित्र श्यामप्रसाद न्यौपाने, रामबहादुर क्षेत्री तथा दाजु ज्ञानप्रसाद भट्टराईप्रति विशेष आभार प्रकट गर्न चाहन्छु ।

यसरी नै विविध व्यावहारिक कठिनाइका बीच पनि मलाई यस क्याम्पससम्म ल्याइपुऱ्याउन सहयोग गर्नुहुने मेरी ममतामयी आमा प्रेमकला भट्टराई र बुवा ओमकान्त भट्टराईप्रति हार्दिक आभार प्रकट गर्नु म आफ्नो परमकर्तव्य ठान्दछु । यसैगरी मेरा लागि सम्पूर्ण घरायसी झन्झट तथा व्यावहारिक जिम्मेवारीसमेत आफ्नो थाप्लोमा बोकेर मलाई उन्मुक्त वातावरण प्रदान गर्दै यो शोधपत्र लेखनमा अविस्मरणीय सहयोग पुऱ्याउने र शीघ्रताका लागि बारम्बार घच्घच्याइरहने मेरी जीवनसङ्गिनी श्रीमती जीवा भट्टराईलाई म विशेष धन्यवाद दिन चाहन्छु ।

यस शोधपत्रलाई यथाशक्य छिटो र शुद्ध टङ्कण गरिदिनुहुने कम्प्युटर केयर एन्ड डिजाइनिङ सेन्टर, नारायणगढका टङ्कणकर्ता दीपेन्द्रकुमार जोशी 'निक'लाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

**गणपति भट्टराई**

मिति : २०६६/ /

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अ.प्र. | अप्रकाशित |
| ए.मा.ले. | एकीकृत मार्क्सवादी लेनिनवादी |
| क्र.सं. | क्रमसङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| जु.रे.स. | जुनियर रेडक्रस सर्कल |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| द.सं. | दर्तासङ्ख्या |
| नं. | नम्बर |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान |
| पं. | पण्डित |
| प्र.ले.स. | प्रगतिशील लेखक सङ्घ |
| प्रा. | प्राध्यापक |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पृ. | पृष्ठ |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम सम्वत् |
| स्था. | स्थापित |
| स्व. | स्वर्गीय |
| सङ्क. | सङ्कलक |
| संस्क. | संस्करण |
| सम्पा. | सम्पादक |

# विषयसूची


(क) शोधपत्रको स्वीकृतिपत्र

(ख) शोधनिर्देशकको मन्तव्य

(ग) कृतज्ञताज्ञापन

(घ) सङ्क्षेपीकृत शब्दसूची


## परिच्छेद : एक
## शोधपरिचय


| | | |
|---|---|---|
| १. | **शोधपरिचय** | १ |
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधप्रयोजन | १ |
| १.३ | विषयपरिचय | १ |
| १.४ | समस्याकथन | २ |
| १.५ | शोधकार्यका उद्देश्यहरू | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | ३ |
| १.७ | शोधकार्यको औचित्य र महत्त्व | ५ |
| १.८ | प्राक्कल्पना | ५ |
| १.९ | शोधकार्यको सीमाङ्कन | ६ |
| १.१० | सामग्रीसङ्कलन र शोधविधि | ६ |
| १.११ | सैद्धान्तिक ढाँचा | ६ |
| १.१२ | शोधपत्रको रूपरेखा | ७ |


## परिच्छेद : दुई
## ताराप्रसाद श्रेष्ठको जीवनवृत्त


| | | |
|---|---|---|
| २. | **ताराप्रसाद श्रेष्ठको जीवनवृत्त** | ९ |
| २.१ | जन्म र जन्मस्थान | ९ |

| | | |
|---|---|---|
| २.२ | वंशपरम्परा र पारिवारिक पृष्ठभूमि | ९ |
| २.३ | बाल्यकाल र संस्कार | १० |
| २.४ | शिक्षादीक्षा | ११ |
| २.५ | सेवा | ११ |
| २.६ | दाम्पत्यजीवन र सन्तानलाभ | १२ |
| २.७ | पारिवारिक स्थिति र बसोबास | १३ |
| २.८ | आर्थिक अवस्था | १३ |
| २.९ | मानसिक आघातका क्षणहरू | १३ |
| २.१० | रुचि र स्वभाव | १४ |
| २.११ | प्रभाव र प्रेरणा | १५ |
| २.१२ | साहित्य सिर्जना र प्रकाशन | १५ |
| २.१३ | सामाजिक सङ्घसंस्थामा संलग्नता | १६ |
| २.१४ | पुरस्कार तथा सम्मान | १६ |
| २.१५ | भ्रमण | १७ |
| २.१६ | जीवनदर्शन र साहित्यिक धारणा | १७ |
| | २.१६.१ जीवनदर्शन | १७ |
| | २.१६.२ साहित्यसम्बन्धी धारणा | १८ |
| २.१७ | निष्कर्ष | १८ |

## परिच्छेद : तीन
## ताराप्रसाद श्रेष्ठको व्यक्तित्व

| | | |
|---|---|---|
| ३. | **ताराप्रसाद श्रेष्ठको व्यक्तित्व** | २० |
| ३.१ | बाह्यव्यक्तित्व र स्वभाव | २० |
| ३.२ | सामाजिक व्यक्तित्व | २१ |
| ३.३ | बहुभाषिक व्यक्तित्व | २१ |
| ३.४ | राजनीतिक व्यक्तित्व | २२ |
| ३.५ | साहित्यिक व्यक्तित्व | २२ |
| | ३.५.१ कवि व्यक्तित्व | २२ |
| | ३.५.२ गीतकार व्यक्तित्व | २३ |
| ३.६ | जीवनी, व्यक्तित्व र साहित्यसिर्जनाबीच आन्तरिक सामञ्जस्य | २४ |
| ३.७ | निष्कर्ष | २५ |

## परिच्छेद : चार
## ताराप्रसाद श्रेष्ठको कवितायात्रा र चरण विभाजन


| | | |
|---|---|---|
| ४. | **ताराप्रसाद श्रेष्ठको कवितायात्रा र चरण विभाजन** | २६ |
| ४.१ | ताराप्रसाद श्रेष्ठको कवितायात्रा | २६ |
| ४.२ | ताराप्रसाद श्रेष्ठको कवितायात्राको चरण विभाजन | २७ |
| ४.२.१ | पहिलो चरण (२०१६–२०३८) | २८ |
| ४.२.२ | दोस्रो चरण (२०३९–२०५७) | २८ |
| ४.२.३ | तेस्रो चरण (२०५८ – हालसम्म) | २९ |
| ४.३ | ताराप्रसाद श्रेष्ठका पुस्तकाकार कृतिको कालक्रमिक विवरण | ३० |
| ४.४ | फुटकर रचनाहरूको चरणगत कालक्रमिक विवरण | ३० |
| ४.४.१ | प्रथम चरणका फुटकर रचनाहरू | ३१ |
| ४.४.२ | द्वितीय चरणका फुटकर रचनाहरू | ३२ |
| ४.४.३ | तृतीय चरणका फुटकर रचनाहरू | ३२ |
| ४.५ | निष्कर्ष | ३८ |


## परिच्छेद : पाँच
## कवि ताराप्रसाद श्रेष्ठका कृतित्वको अध्ययन


| | | |
|---|---|---|
| ५. | **कवि ताराप्रसाद श्रेष्ठका कृतित्वको अध्ययन** | ४० |
| ५.१ | 'श्री नेपाल तारा' कवितासङ्ग्रहको अध्ययन | ४० |
| ५.१.१ | परिचय | ४० |
| ५.१.२ | संरचना | ४१ |
| ५.१.३ | भावविधान | ४१ |
| ५.१.३.१ | देशभक्तिको भावना | ४२ |
| ५.१.३.२ | प्राकृतिक सुन्दरताको वर्णन | ४३ |
| ५.१.३.३ | शैक्षिक चेतना | ४३ |
| ५.१.३.४ | शृङ्गारिकता | ४५ |
| ५.१.३.५ | ईश्वरप्रतिको भक्तिभाव | ४५ |
| ५.१.३.६ | पशुपन्छी स्वतन्त्रताको आग्रह | ४६ |
| ५.१.३.७ | रूढीवादी संस्कारको विरोध | ४६ |
| ५.१.३.८ | सामाजिक चेतना | ४७ |
| ५.१.३.९ | धर्म संस्कृति र परम्पराको वर्णन | ४७ |

| | | | |
|---|---|---|---|
| | ५.१.४ | भाषाशैली | ४८ |
| | ५.१.५ | बिम्ब/प्रतीक तथा अलङ्कार | ४९ |
| | ५.१.६ | लयविधान | ५० |
| | ५.१.७ | शीर्षकविधान | ५१ |
| | ५.१.८ | निष्कर्ष | ५१ |
| ५.२ | 'तीजको गीत' गीतिसङ्ग्रहको अध्ययन | | ५२ |
| | ५.२.१ | परिचय | ५२ |
| | ५.२.२ | संरचना | ५२ |
| | ५.२.३ | भावविधान | ५३ |
| | | ५.२.३.१ प्रगतिशील भावना | ५३ |
| | | ५.२.३.२ राष्ट्रप्रेमको भावना | ५४ |
| | | ५.२.३.३ सामाजिक चेतना | ५५ |
| | | ५.२.३.४ सामाजिक न्यायको आग्रह | ५५ |
| | | ५.२.३.५ श्रमप्रति सम्मान | ५६ |
| | | ५.२.३.६ एकताको आग्रह | ५७ |
| | | ५.२.३.७ कर्मचारीवर्गप्रति सहानुभूति | ५७ |
| | ५.२.४ | भाषाशैली | ५८ |
| | ५.२.५ | बिम्ब तथा अलङ्कार | ५८ |
| | ५.२.६ | लयविधान | ५९ |
| | ५.२.७ | शीर्षकविधान | ५९ |
| | ५.२.८ | निष्कर्ष | ६० |
| ५.३ | 'किसान चित्कार' कवितासङ्ग्रहको अध्ययन | | ६० |
| | ५.३.१ | परिचय | ६० |
| | ५.३.२ | संरचना | ६१ |
| | ५.३.३ | भावविधान | ६१ |
| | | ५.३.३.१ प्रगतिशील चिन्तन | ६२ |
| | | ५.३.३.२ राजनैतिक शासनव्यवस्थाप्रतिको असहमति | ६३ |
| | | ५.३.३.३ राजनैतिक विकृतिप्रति तीव्र असन्तोष | ६४ |
| | | ५.३.३.४ समाजयथार्थको उद्घाटन | ६५ |
| | | ५.३.३.५ स्वतन्त्रताको आग्रह | ६६ |
| | ५.३.४ | भाषाशैली | ६६ |
| | ५.३.५ | शीर्षकविधान | ६७ |
| | ५.३.६ | लयविधान | ६७ |
| | ५.३.७ | बिम्बअलङ्कार | ६७ |
| | ५.३.८ | निष्कर्ष | ६९ |

५.४ 'सम्झना' कवितासङ्ग्रहको अध्ययन ६९
५.४.१ परिचय ६९
५.४.२ संरचना ७०
५.४.३ भावविधान ७०
५.४.३.१ प्रकृतिप्रेम ७१
५.४.३.२ सामाजिक चेतना ७३
५.४.३.३ राष्ट्रप्रेम ७४
५.४.३.४ विकृति र विसङ्गतिप्रति व्यङ्ग्य ७६
५.४.३.५ संस्कृतिप्रेम ७६
५.४.३.६ स्वतन्त्रताको आग्रह ७७
५.४.३.७ नारीवेदनाको प्रस्तुति ७७
५.४.३.८ प्रगतिशील दृष्टिकोण ७८
५.४.३.९ प्रतीकात्मक भाषाको प्रयोग ७९
५.४.३.१० जन्मभूमिको सम्झना ७९
५.४.३.११ शान्तिको कामना ७९
५.४.३.१२ स्वास्थ्यचेतना ८०
५.४.४ भाषाशैली ८१
५.४.५ बिम्ब तथा अलङ्कार ८१
५.४.६ शीर्षकविधान ८२
५.४.७ लयविधान ८२
५.४.८ निष्कर्ष ८३


## परिच्छेद : छ
## नेपाली कवितामा ताराप्रसाद श्रेष्ठको योगदान र मूल्याङ्कन तथा उपसंहार


६. **नेपाली कवितामा ताराप्रसाद श्रेष्ठको योगदान र मूल्याङ्कन तथा उपसंहार** ८४
६.१ नेपाली कवितामा ताराप्रसाद श्रेष्ठको योगदान ८४
६.२ मूल्याङ्कन तथा उपसंहार ८५
६.२.१ परिच्छेद एकको निष्कर्ष ८५
६.२.२ परिच्छेद दुईको निष्कर्ष ८६
६.२.३ परिच्छेद तीनको निष्कर्ष ८६
६.२.४ परिच्छेद चारको निष्कर्ष ८७

६.२.५ परिच्छेद पाँचको निष्कर्ष ८८
६.२.६ समग्र मूल्याङ्कन ८९

## सन्दर्भसामग्रीसूची

(क) प्रमुख पुस्तकसूची ९०
(ख) सहायक पुस्तकसूची ९०
(ग) पत्रपत्रिकासूची ९१

## परिशिष्ट खण्ड

**(क) कवितासङ्ग्रहमा नपरेका पत्रपत्रिकामा प्रकाशित केही फुटकर रचना** ९२
१. ढोका थुनी नकुट बिरालो ९२
२. हाम्रो आवाज ९४
३. लागूपदार्थ सेवनबाट बचौँ र बचाऊँ ९५
४. कविता ९८
५. गजल ९९
६. नेवा:नेपा:को सारसङ्क्षिप्त परिचय १००
७. पीडित महिलाको कथा १०३

**(ख) तस्वीरहरूमा ताराप्रसाद श्रेष्ठ**
१. एकल छायाँचित्र : ताराप्रसाद श्रेष्ठ १०५
२. धर्मपत्नीका साथ ताराप्रसाद श्रेष्ठ १०६
३. सानाकिसान सहकारी संस्थाबाट सम्मान ग्रहण गर्दै ताराप्रसाद श्रेष्ठ १०७
४. नेवा: भिङ्गुबाट सम्मान ग्रहण गर्दै ताराप्रसाद श्रेष्ठ १०८
५. नेपाल आदिवासी जनजाति महासङ्घ, पञ्चनगर एकाइमा सम्बोधन गर्दै ताराप्रसाद श्रेष्ठ १०९

## तालिकासूची

(क) प्रथम चरणका फुटकर रचनाहरू तालिका सङ्ख्या – १ ३१
(ख) द्वितीय चरणका फुटकर रचनाहरू तालिका सङ्ख्या – २ ३२
(ग) तृतीय चरणका फुटकर रचनाहरू तालिका सङ्ख्या – ३ ३२

# परिच्छेद : एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **कवि ताराप्रसाद श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

वि.सं. २००१ आषाढ १५ गते पाल्पाको दोभान गा.वि.स.मा जन्मिएका ताराप्रसाद श्रेष्ठ नवलपरासी जिल्लाका प्रगतिशील कविका रूपमा चिनिएका छन् । वि.सं. २०१८ सालमा उनको **श्री नेपाल तारा** कवितासङ्ग्रह प्रकाशित भएको छ । त्यसपछि उनी निरन्तर कवितासिर्जनामा लागेको देखिन्छ । श्रेष्ठका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । उनका प्रकाशित सिङ्गा कृतिहरू यसप्रकार छन् :

(क) **श्री नेपाल तारा** (कवितासङ्ग्रह) २०१८

(ख) **किसान चीत्कार** (कवितासङ्ग्रह) २०४८

(ग) **तीजको गीत** (गीतिसङ्ग्रह) २०४८

(घ) **सम्झना** (कवितासङ्ग्रह) २०६२

उनका थुप्रै फुटकर कविताहरू, शब्दचित्र र गीतसङ्ग्रहसमेत प्रकाशित छन् । यहाँ कवि ताराप्रसाद श्रेष्ठको जीवनी र व्यक्तित्वका आलोकमा उनका कृतिहरूको अध्ययन शोधको विषय रहेको छ ।

## १.४ समस्याकथन

ताराप्रसाद श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन-विश्लेषण र मूल्याङ्कन नै यस शोधकार्यको मूल समस्या रहेको छ । प्रस्तुत शोधकार्यका आधारभूत समस्याहरू यसप्रकार रहेका छन् :

(क) कवि ताराप्रसाद श्रेष्ठको जीवन के-कस्तो छ ?

(ख) कवि श्रेष्ठको व्यक्तित्व के-कस्तो छ ?

(ग) उनको कवितायात्रा के-कस्तो छ ?

(घ) उनका प्रमुख कविताकृतिहरू के-कस्ता रहेका छन् ?

(ङ) नेपाली कविताका क्षेत्रमा कवि ताराप्रसाद श्रेष्ठको योगदान के-कस्तो छ ?

यिनै समस्याहरूको अध्ययन-समाधानमा प्रस्तुत शोधकार्य केन्द्रित छ ।

## १.५ शोधकार्यका उद्देश्यहरू

कवि ताराप्रसाद श्रेष्ठको जीवनी र व्यक्तित्वका विविध पाटा, कवितायात्रा र कवितागत योगदानको मूल्याङ्कन गर्नु नै यस शोधको प्रमुख उद्देश्य रहेको छ । यस शोधकार्यका निम्नलिखित विशेष उद्देश्य रहेका छन् :

(क) कवि ताराप्रसाद श्रेष्ठको जीवनीका विभिन्न पाटाहरू केलाउनु ।

(ख) उनको व्यक्तित्वका विविध पाटाहरू केलाउनु ।

(ग) कवि र गीतकार व्यक्तित्वलाई प्रकाशमा ल्याउनु ।

(घ) उनको कवितायात्राको अध्ययन गर्नु ।

(ङ) नेपाली साहित्यमा उनको कवित्व र कवितागत योगदानको निरुपण गर्नु ।

यिनै उद्देश्यहरूमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

करिब पाँच दशकदेखि कविता सिर्जनामा लागिपरेका कवि ताराप्रसाद श्रेष्ठका बारेमा सामान्य टीकाटिप्पणी र चर्चापरिचर्चा गरिएको छ । हालसम्म उनका कृतिबारे भएगरेका पूर्वकार्यहरूको कालक्रमिक विवरण यसप्रकार रहेको छ –

नारायण शास्त्रीले **श्री नेपाल तारा** कवितासङ्ग्रह (२०१८) को *सानु व्यक्तिको सम्मति* भूमिकालेखमा शिखरको चोटिमा पुग्नुभएका ठूलाठूला कविहरूले आविर्भूत गरिएका कविता भावगम्य हुन्छन्, तर ती कविताहरू पढेर अनपढ मानिसले यथार्थता सम्झन कठिन नै पर्ने देखिन्छ, परन्तु लेखकका कविताहरू थोरै पढेलेखेका मानिसहरूलाई पनि उपयोगी सम्झिन्छ र 'गागरमा सागर' भन्ने कहावत यहाँ चरितार्थ हुन आउँछ भनेका छन् ।[1]

घनश्याम न्यौपाने 'परिश्रमी' ले **तीजको गीत** कवितासङ्ग्रह (२०४८) को *दुई शब्द* भूमिकालेखमा वर्तमान परिवेश यस **तीजको गीत**भित्र आक्रोशको रूपमा अभिव्यक्त भएको छ भनेका छन् ।[2] यो गीत अवश्य नै जनप्रिय हुने कुरामा आफू विश्वस्त भएको उल्लेख गर्दै श्रेष्ठलाई प्रगतिशील विधारधाराका सक्रिय कवियोद्धाका रूपमा चिनाएका छन् ।

घनश्याम न्यौपाने 'परिश्रमी' ले **किसान चीत्कार** कवितासङ्ग्रह (२०४८) को *मन्तव्य* शीर्षकमा कतिपय कविताहरू कलात्मकताको सोपानमा चढ्न नसकिरहे तापनि यसभित्रका सबैजसो कविता सरल र सुबोध्य छन् भनेका छन् ।[3]

देवप्रसाद श्रेष्ठले हेटौँडाबाट प्रकाशित हुने **कुराकानी साप्ताहिक**को *रोडम्यापभित्र ताराप्रसाद श्रेष्ठ* शीर्षकमा सामाजिक र न्यायिक व्यवस्था अत्यन्त फितलो रहेको व्यवहारमा देखिएको कुरालाई कविताले छर्लङ्ग्याएको छ भनी उल्लेख गरेका छन् ।[4]

अजम्बरध्वज खातीले **सम्झना** कवितासङ्ग्रह (२०६२) को *मऱ्याकमा सम्झना टेकाएर* शीर्षकको भूमिकालेखमा यस सङ्ग्रहका कविताले नेपालको दृश्यदर्शन र आदर्शलाई सजिलै भेटाउन सकेका छन् र तिनीहरूलाई पाठकको हृदयमा पुऱ्याउन सकेका छन् भनी उल्लेख गरेका छन् ।[5]

---

१ ताराप्रसाद श्रेष्ठ, **श्री नेपाल तारा**, (पाल्पा : लेखक स्वयम्, २०१८), पृ. 'क' ।

२ ताराप्रसाद श्रेष्ठ, **तीजको गीत**, (नवलपरासी : लेखक स्वयम्, २०४८), पृ. 'क' ।

३ ताराप्रसाद श्रेष्ठ, **किसान चित्कार**, (नवलपरासी : लेखक स्वयम्, २०४८), पृ. 'ख' ।

४ देवप्रसाद श्रेष्ठ, *रोडम्यापभित्र ताराप्रसाद श्रेष्ठ,* **कुराकानी साप्ताहिक**, (वर्ष २२, अङ्क २४, २०६१), पृ. ३ ।

५ ताराप्रसाद श्रेष्ठ, **सम्झना**, (नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६२), पृ.'ख' ।

घनश्याम न्यौपाने 'परिश्रमी' ले **सम्झना** कवितासङ्ग्रह (२०६२) को *भूमिकालेख*मा ताराप्रसाद श्रेष्ठका कविता सामान्य साक्षर पाठकले पनि बुझ्न सक्दछन्, लयको आनन्द र ज्ञान दिने खालका यिनका कविता बौद्धिक पाठकका लागि भन्दा सर्वसाधारणका लागि बढी उपयोगी देखिन्छन् । सामान्य पाठकहरूको मन छुने कविता लेख्ने भएकाले यिनलाई 'जनकवि' भन्दा पनि हुन्छ भनेका छन् ।[६]

विष्णु लामिछानेले **सम्झना** कवितासङ्ग्रह (२०६२) को *बिनाशीर्षकको भूमिका* लेखमा साहित्य र सामाजिक क्षेत्रमा समेत पुऱ्याएको योगदानको कारण सबैको आँखाको नानी लाग्ने कविहृदयका ताराप्रसाद श्रेष्ठ जति सरल छन् सरलताको सागर पनि । फलत: उनको रचनाको लक्ष्यित क्षेत्र पनि सामान्य साक्षर एवम् निरक्षर वर्गले बुझ्नेतर्फ नै केन्द्रित रहेको देखिन्छ । यस सन्दर्भमा उनलाई नवलपरासीका जनकविको स्थान नि:सन्देह दिन सकिन्छ भनेका छन् ।[७] यस भूमिकालेखमा श्रेष्ठलाई जनकविका रूपमा चिनाइएको छ ।

भगवती अर्यालले **नवलपरासीका साहित्यिक गतिविधि** (२०६३) पुस्तकको पृष्ठ ७८ मा **किसान चीत्कार** कवितासङ्ग्रहको विवेचना गर्दै गरिब तथा किसान दाजुभाइ-दिदीबहिनीहरूको चर्को व्यथा र चीत्कारलाई कविताले प्रस्तुत गरेको छ भनेकी छन् ।[८] लेखिकाले श्रेष्ठलाई अन्याय-अत्याचारको चिरफार गर्दै मेचीदेखि महाकालीसम्मका हरेक नेपालीहरूलाई एक हुन आह्वान गर्ने प्रगतिशील कविका रूपमा चिनाएकी छन् ।

हिमलाल ज्ञवालीले **लालीगुराँस** मासिक पत्रिका (वर्ष २८, अङ्क १, २०६४) को पृष्ठ ४३ मा **सम्झना** कवितासङ्ग्रहमा प्रगतिशील चेतनाको विकास, निम्न वर्गीय जनजीवन, अचेतना, अशिक्षितता र अस्वस्थताजस्ता विषयले स्थान पएका छन् । सामाजिक विकृति र विसङ्गतिको चित्रण, सामाजिक सुधार र परिवर्तनको आग्रह, प्रकृति, संस्कृति र परम्पराप्रतिको मोह पनि कवितामा झल्किएको छ भनी उल्लेख गरेका छन् ।[९]

---

६ ऐजन, पृ.'ङ' ।

७ ऐजन, पृ.'छ' ।

८ भगवती अर्याल, **नवलपरासीका साहित्यिक गतिविधि**, (नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६३), पृ. ७८ ।

९ हिमलाल ज्ञवाली, *सम्झना कवितासङ्ग्रहको विवेचना,* **लालीगुराँस**, (वर्ष २८, अङ्क १, २०६४), पृ. ४३ ।

यसप्रकार ताराप्रसाद श्रेष्ठका कृतिगत र फुटकर कृति एवम् कवितागत योगदानका बारेमा विभिन्न व्यक्तिहरूले सामान्य चर्चा-परिचर्चा गरेको पाइए तापनि यिनको जीवनी, व्यक्तित्व र कृतिहरूको गहन अध्ययन र मूल्याङ्कन गर्ने काम भने आजसम्म भएको पाइँदैन । प्रस्तुत शोधमा कवि श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

करिब पाँच दशक लामो साहित्यिक जीवन व्यतीत गरिसकेका कवि ताराप्रसाद श्रेष्ठ सामान्य पाठकका लागि समेत पठनयोग्य कविता सिर्जना गर्ने लुकेका कविप्रतिभा हुन् । कविता, मुक्तक, हाइकुजस्ता विधामा कलम चलाउने कविस्रष्टाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन-अनुसन्धान हुनु आवश्यक छ । कविता सिर्जनामा आफ्नो जीवनलाई समर्पण गर्ने आदर्श प्रतिभाहरूको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन समवर्ती र उत्तरवर्ती प्रतिभाहरूका लागि प्रेरणादायी बन्नुका साथै यसबाट उनका बारेमा जान्न चाहने व्यक्ति, साहित्यानुरागी पाठक तथा अनुसन्धानकर्ताहरूसमेत लाभान्वित हुनेछन् । उनका कृतिहरूबाट प्राप्त हुने उक्ति, सन्देश, भाव तथा जानकारीहरू समाज र राष्ट्रका लागि समेत प्रेरणादायी हुने देखिन्छ ।

## १.८ प्राक्कल्पना

**कवि ताराप्रसाद श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** नामक यस शोधकार्यको प्राक्कल्पना यसप्रकार रहेको छ :

(क) ताराप्रसाद श्रेष्ठको जीवनी सामान्य उतारचढावमय रहेको छ ।

(ख) सामाजिक, राजनैतिक र सङ्घसंस्थाका क्षेत्रमा नि:स्वार्थी, खरो, स्पष्टवादी र सरल व्यक्तित्वका रूपमा उनी चिनिन्छन् ।

(ग) ताराप्रसाद श्रेष्ठको कवितायात्राले पाँच दशक पूरा गरेको छ ।

(घ) ताराप्रसाद श्रेष्ठले कविता र गीत दुवै रचेका छन् ।

(ङ) ताराप्रसाद श्रेष्ठका कविताकृतिहरू कविता, गीत, हाइकु र शब्दचित्रजस्ता विविध रूपमा फैलिएका छन् ।

(च) सामाजिक, राजनीतिक विकृतिप्रति व्यङ्ग्य तथा पाठकहरूमा जनचेतना जगाउने किसिमका सरल र बोधगम्य कविताकृतिका रूपमा उनको योगदान रहेको छ ।

यिनै प्राक्कल्पनाहरूको परीक्षणतर्फ यो शोधकार्य अग्रसर रहेको छ ।

## १.९ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य कवि ताराप्रसाद श्रेष्ठको जीवनी र व्यक्तित्वका आलोकमा उनका प्रकाशित पुस्तकाकार कृतिहरूको अध्ययनमा सीमित रहेको छ । उनका जीवनका प्रमुख घटनाक्रमहरू, साहित्यतर्फ प्रेरित गर्ने प्रसङ्गहरूलाई प्रस्तुत शोधकार्यको जीवनीपक्षमा समेटिएको छ भने उनका व्यक्तित्वका विविध पाटाहरूलाई व्यक्तित्व पक्षमा र उनीद्वारा सिर्जित रचनाहरूलाई कृतित्व पक्षमा समेटिएको छ । प्रस्तुत शोधकार्यको सीमा यसप्रकार रहेको छ :

(क) प्रस्तुत शोधपत्र शीर्षकअनुसार कवि ताराप्रसाद श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा विशेष केन्द्रित रहेको छ ।

(ख) यस शोत्रकार्यमा कवि श्रेष्ठका प्रकाशित पुस्तकाकार कृतिहरूको विशेष अध्ययन गरिएको छ भने फुटकर रूपमा २०६५ सम्म प्रकाशित रचनाको विवरण प्रस्तुत गरिएको छ ।

यिनै सीमाभित्र रही यो कार्य सम्पन्न गरिएको छ ।

## १.१० सामग्रीसङ्कलन र शोधविधि

शोधसँग सम्बद्ध विभिन्न सामग्रीहरूको खोज गरी तिनलाई एकत्रित गरिएको छ । कवि श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन-विश्लेषणका लागि सामग्रीसङ्कलन गर्दा भेटघाट, अन्तर्वार्ता र पुस्तकालयीय अध्ययनलाई आधार बनाइएको छ ।

## १.११ सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधकार्यअन्तर्गत जीवनी खण्डमा स्वयम् अनुसन्धेय व्यक्तिसँगको अन्तर्वार्ता र भेटघाटलाई मूल आधार मानिएको छ भने व्यक्तित्व खण्डमा अनुसन्धेय व्यक्तिका व्यक्तित्वका विभिन्न पाटाहरूलाई केलाइएको छ । कृतिहरूको अध्ययनका लागि कविताका तत्त्वहरू – शीर्षक, संरचना, भावविधान, भाषाशैली, लयविधान, बिम्बअलङ्कार र दृष्टिकोणलाई मूल आधार बनाइएको छ ।

## १.१२ शोधकार्यको रूपरेखा

प्रस्तुत अध्ययनलाई सङ्गठित र व्यवस्थित रूपमा विभिन्न पाँच परिच्छेदमा विभाजन गरी यसरी प्रस्तुत गरिएको छ :

(क) परिच्छेद : एक – **शोधपरिचय**

यसमा शोधको परिचय प्रस्तुत गरिएको छ । यसमा शोधपरिचयका आवश्यक शीर्षक-उपशीर्षकहरू रहेका छन् ।

(ख) परिच्छेद : दुई – **ताराप्रसाद श्रेष्ठको जीवनी**

यस परिच्छेदमा ताराप्रसाद श्रेष्ठको जीवनका विविध पक्षको परिचय प्रस्तुत गरिएको छ ।

(ग) परिच्छेद : तीन – **ताराप्रसाद श्रेष्ठको व्यक्तित्व**

यस परिच्छेदमा ताराप्रसाद श्रेष्ठको व्यक्तित्वका विविध पाटाहरूको परिचय प्रस्तुत गरिएको छ ।

(घ) परिच्छेद : चार – **ताराप्रसाद श्रेष्ठको कवितायात्रा र चरण विभाजन**

यस परिच्छेदमा मूलतः श्रेष्ठका कवितायात्राको चरण विभाजन गरिएको छ ।

(ङ) परिच्छेद : पाँच – **ताराप्रसाद श्रेष्ठका कृतित्वको अध्ययन**

यस परिच्छेदमा मूलतः श्रेष्ठका सिर्जनात्मक पुस्तकाकार कृतिको अध्ययन गरिएको छ ।

(च) परिच्छेद : छ – **कवि ताराप्रसाद श्रेष्ठको योगदान, मूल्याङ्कन तथा उपसंहार**

यसमा कवि ताराप्रसाद श्रेष्ठकोयोगदान र मूल्याङ्कनका साथै अघिल्ला परिच्छेदहरूमा गरिएको अध्ययनको सार-सङ्क्षेप प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुत शोधपत्रलाई छ परिच्छेदमा विभाजन गरिएको छ र आवश्यकताअनुसार प्रत्येक परिच्छेदलाई विविध शीर्षक र उपशीर्षक आदिमा विभाजन गरिएको छ । शोधपत्रको परिच्छेद एक शोधपरिचयका रूपमा रहेको छ । परिच्छेद दुईमा श्रेष्ठको जीवनलाई विभिन्न शीर्षक-उपशीर्षक आदिमा विभाजन गरी अध्ययन गरिएको छ । परिच्छेद तीनमा श्रेष्ठको बहुमुखी व्यक्तित्वलाई विश्लेषणात्मक तरिकाले चिनाउने प्रयास गरिएको छ । परिच्छेद चारमा

श्रेष्ठको साहित्यमा आगमन एवम् उनको साहित्यिक यात्रा, चरणविभाजन रहेको छ र उनका फुटकर रचनाहरूको कालक्रमिक तालिकीकरण प्रस्तुत गरिएको छ । परिच्छेद पाँचमा श्रेष्ठका कविताकृतिहरूको अध्ययन गरिएको छ । परिच्छेद छमा श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतिहरूका साथै उनको योगदान र प्रवृत्तिहरूको समेत समग्र मूल्याङ्कन गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसप्रकार शोधपत्रको पूर्वभाग-उत्तरभागसमेत तयार गरी पादटिप्पणी, सन्दर्भसामग्रीसूची र परिशिष्ट भागसहित सर्वाङ्गपूर्ण शोत्रपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई
# ताराप्रसाद श्रेष्ठको जीवनवृत्त

## २.१ जन्म र जन्मस्थान

ताराप्रसाद श्रेष्ठको जन्म पिता स्व. चित्रमान श्रेष्ठ र माता स्व. मानकुमारी श्रेष्ठका ज्येष्ठ सुपुत्रका रूपमा वि.सं. २००१ साल आषाढ १५ गतेका दिन लुम्बिनी अञ्चल, पाल्पा जिल्ला, दोभान गाउँ विकास समिति वडा नं. २ मरेकमा भएको हो । स्वाति नक्षत्र, तुला राशिमा जन्मेका हुनाले उनको न्वारनको नाम रेवलाल श्रेष्ठ हो भने उनी नेपाली साहित्यमा ताराप्रसाद श्रेष्ठका नामबाट चिनिएका छन् ।

## २.२ वंशपरम्परा र पारिवारिक पृष्ठभूमि

सामान्य परिवारमा जन्मेका ताराप्रसाद श्रेष्ठका पुर्खा करिब सोह्रौँ शताब्दीतिर काठमाडौँबाट गुल्मी हुँदै पाल्पा जिल्लामा आई बसोबास गरेको पाइन्छ । जीवनयापनका विविध स्रोत र साधनको खोजी गर्दै उनका जिजुबाजेहरू पाल्पा जिल्लाको दोभान गाउँ विकास समिति वडा नं. २ मरेकको पहाडी भूभागमा आई बसोबास गर्न थालेको कवि बताउँछन् ।[1] उनीहरूले पहिलेदेखि नै खेतीपाती र व्यापार-व्यवसाय सञ्चालन गर्न रुचि राख्थे । कवि श्रेष्ठका वंशजहरू आर्थिक, सामाजिक, सांस्कृतिक एवम् धार्मिक रूपमा कमजोर नभए तापनि उनीहरूको शैक्षिकस्तर भने मध्यम खालको रहेको थियो ।

ताराप्रसाद श्रेष्ठ मध्यम आर्थिक अवस्थाको परिवारमा हुर्केबढेका व्यक्ति हुन् । उनका बुवा चित्रमान श्रेष्ठ सरकारी जागिरे थिए । त्यसो हुनाले उनका घरमा सरकारी कर्मचारीहरू र उच्च पदस्थ व्यक्तिहरूको आवतजावत भइरहन्थ्यो । गुल्मी, पाल्पा, स्याङ्जासम्मका मानिसहरू सरकारी कामकाजका लागि उनको घरमा आउने गरेकाले विभिन्न व्यक्तित्वहरूसँग कवि श्रेष्ठको भेटघाट हुने गरेको थियो । यसबाट श्रेष्ठका निम्ति कविता लेख्न फराकिलो परिवेश निर्माण भएको हो ।[2]

---

१ शोधनायकबाट प्राप्त जानकारी ।

२ ऐजन ।

ताराप्रसाद श्रेष्ठका आमाबुवा आफ्ना सन्तानप्रति उत्तरदायित्व पूरा गर्नुलाई सदैव आफ्नो कर्तव्य ठान्दथे । त्यसैले पारिवारिक मायाममता, अनौपचारिक भए पनि पढाइ, लेखाइ, धार्मिक तथा सांस्कृतिक रीतिरिवाजबाट आफू वञ्चित हुन नपरेको कुरा श्रेष्ठ बताउँछन् । पारिवारिक सद्भाव र सहयोगी भावनाले सदैव आफ्नो मन-मस्तिष्कमा असल कुराहरूको सोचमात्र रहेकाले उनी यसको श्रेय पूजनीय आमाबुवालाई दिन चाहन्छन् । आर्थिक अवस्था मध्यम खालको भए तापनि सामाजिक र धार्मिक दृष्टिले राम्रो परिवारमा जन्मेका ताराप्रसाद श्रेष्ठको जीवनका रूपरेखा पनि सोहीअनुसार कोरिएको पाइन्छ । यसप्रकार कवि श्रेष्ठको पारिवारिक पृष्ठभूमिलाई हेर्दा उनको परिवार पारम्परिक, धार्मिक, सामाजिक आदर्शका रूपमा रहेको छ । पुर्ख्यौलीदेखिको मध्यमस्तरीय आर्थिक अवस्थाले कविलाई यो अवस्थासम्म आइपुग्न अत्यन्त सजिलो भएको हो ।[३] आदर्श, निम्नवर्गप्रतिको सहानुभूति र हार्दिक भावना नै उनको साहित्यको आधार हो । कविले आफ्नो परिवार र घरलाई आदर्श स्थानको रूपमा मान्दछन् । यही परिवेशले उनलाई साहित्यिक क्षेत्रमा लाग्न प्रेरित गरेको हो । मध्यमवर्गीय परिवारमा जन्मेका श्रेष्ठ पारिवारिक पृष्ठभूमि र साहित्य साधकहरूको संसर्गले साहित्यकार बन्न पुगेका हुन् ।

## २.३ बाल्यकाल र संस्कार

ताराप्रसाद श्रेष्ठको जन्म उनका पिता ३० वर्षको हुँदा भएको थियो । उनको बाल्यकाल मातापिता, हजुरबुवा र हजुरआमाको मायाममताका साथ व्यतीत भएको थियो । मरेकका डाँडाकाँडा, खोलानाला, पाखापखेरा र चउरहरूमा उकालीओराली गर्दै र गाईवस्तु चराउँदै आफ्ना साथीभाइका साथ कवि श्रेष्ठले आफ्नो बाल्यकाल बिताएका थिए । मातापिताको ममतामयी माया र साथीभाइहरूसँगको मिलनसारिताका कारणले गर्दा कवि श्रेष्ठको बाल्यकाल रमाइलोसँग बितेको थियो । बाल्यकालदेखि नै कविता सुन्ने, गुन्गुनाउने प्रवृत्तिले गाउँछिमेकका मानिसहरू उनीप्रति आकर्षित हुन्थे । अर्काले भनेको कुरा तुरुन्तै टिपी तत्कालै लयात्मक पाराले व्यक्त गर्न सक्ने भएकाले सबै साथी उनीसँग कविता सुन्न चाहन्थे । यही प्रवृत्तिले गर्दा गाउँघर तथा समाजमा एक आदर्श व्यक्तित्वका रूपमा उनलाई चिनिन सजिलो बनायो । उनमा सानैदेखि गरिब र दुःखी व्यक्तिहरूप्रति सहानुभूति देखाउने र मानवताप्रतिको सकारात्मक दृष्टिकोण रहेको थियो । गरिब दलितहरूलाई हेला गर्नु हुँदैन र अवसर पाएमा उनीहरू पनि सक्षम हुन सक्छन् भन्ने उनको धारणा थियो । तत्कालीन परिवेशमा समाजमा विद्यमान अन्धविश्वास र छुवाछुत भावनाका उनी विरोधी थिए । उनका कविताकृतिहरूमा यस्तै भाव झल्केको पाइन्छ । समग्रमा भन्नुपर्दा उनको बाल्यकाल सुख, सन्तोष र सामान्य ढङ्गबाट बितेको देखिन्छ ।

---

३ कविपत्नी तेजकुमारी श्रेष्ठबाट प्राप्त जानकारी ।

ताराप्रसाद श्रेष्ठ आर्य हिन्दूपरम्परालाई आत्मसात् गर्ने धार्मिक, आध्यात्मिक पृष्ठभूमि भएको परिवारमा जन्मेहुर्केको हुँदा उनका संस्कार र कर्महरू हिन्दू धर्मशास्त्रअनुसार अनुप्राणित हुँदै आएका छन् । हिन्दू धर्मावलम्बीहरूमा बालक जन्मेको एघारौँ दिनमा न्वारन गर्ने परम्परा रहिआएको छ । यसै संस्कृति र परम्परामा भिजेको श्रेष्ठको परिवारले उनी जन्मेको एघारौँ दिनका दिन उनको नामकरण संस्कार गरेका थिए ।

## २.४ शिक्षादीक्षा

ताराप्रसाद श्रेष्ठको समयमा देशका सबै ठाउँहरूमा शिक्षाग्रहणको सुलभ व्यवस्था थिएन । पारिवारिक अवस्था र शिक्षाग्रहणको सुलभ व्यवस्था नभएको हुनाले श्रेष्ठले औपचारिक शिक्षा ग्रहण गर्ने अवसर प्राप्त गरेनन् । आमा र बुवाको प्रेरणाबाट अक्षर चिन्न सफल बनेका ताराप्रसाद ठूलो वर्णमाला र विभिन्न धार्मिक पुस्तकहरू घरमै अध्ययन गरेको कुरा बताउँछन् । औपचारिक रूपमा यथेष्ट शिक्षा ग्रहण गर्ने अवसर नपाए तापनि विभिन्न साहित्यकारका साहित्यिक कृतिहरूको अध्ययनले यिनलाई साहित्यलेखनतर्फ अग्रसर बनाएको पाइन्छ । **श्री नेपाल तारा** कवितासङ्ग्रहको *मेरो भन्नु* भूमिकालेखमा ताराप्रसाद श्रेष्ठले म धेरै पढेलेखेको कवि पनि होइन, नेपालको पश्चिमाञ्चलको कुनामा जन्मेको ठाउँ र समय सुहाउँदो अपठित युवक हुँ भनेका छन् ।[४] यसरी हेर्दा तारा्रसाद श्रेष्ठ औपचारिक रूपमा प्रशस्त शिक्षाग्रहण गरेका व्यक्ति नभई आफ्नै घरमा स्व-अध्ययनको माध्यमबाट साधारण शिक्षा प्राप्त गरेका कवि हुन् ।

## २.५ सेवा

ताराप्रसाद श्रेष्ठका पिता सरकारी सेवाको बहिदार पदमा जागिरे थिए । पिताको जागिरकै सिलसिलामा पाल्पा जिल्लाको दोभान गा.वि.स. मरेकमा उनीहरू बसाइँ सरेर आएका थिए । पिताको जागिर भए तापनि श्रेष्ठको घरायसी आर्थिक अवस्था त्यति राम्रो थिएन । कमजोर आर्थिक अवस्था र घरायसी सामान्य लेखपढ एको व्यक्ति हुनाले आफ्नो जोहो टार्नका लागि निजी पसल र होटलमा जागिर गर्नुपरेको उनी बताउँछन् । यसैक्रममा उनले वि.सं. २०२४ सालदेखि २०३० सालसम्म रूपन्देही जिल्लाको भैरहवा बजारमा व्यापारीको निजी कपडा पसलमा काम गरेका थिए भने २०३४ सालदेखि २०३६ सालसम्म काठमाडौँस्थित निजी होटलमा काम गरेको कुरा उनी बताउँछन् । श्रेष्ठले वि.सं. २०२१ सालदेखि राजनीतिमा समेत चासो राख्न थालेका थिए । वि.सं. २०३६ सालको जनमतसङ्ग्रहपछि उनी पञ्चायती

---

४ ताराप्रसाद श्रेष्ठ, **श्री नेपालतारा**, (पाल्पा : लेखक स्वयम्, २०१८), पृ. ग ।

व्यवस्थाविरुद्धको राजनीतिमा विशेष सक्रिय हुन थाले । राजनीतिक जटिलता र आर्थिक विपन्नताका कारण वि.सं. २०४२ सालमा उनी छिमेकी मुलुक भारत गए । वि.सं. २०४२ सालदेखि २०४३ सालसम्म उनले भारतमै बसेर जागिर गरे । वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि उनले राजनीतिमा विशेष चासो देखाउन थालेको पाइन्छ । वि.सं. २०४९ सालदेखि २०५९ सालसम्म उनी पञ्चनगर गा.वि.स. वडा नं. २ को वडा अध्यक्ष पदमा निर्वाचित भई काम गरेका थिए । समाजसेवामा रुचि भएकै कारण उनले वि.सं. २०५८ देखि २०६० सालसम्म नेपाल रेडक्रस सोसाइटी उपशाखा पञ्चनगरको उपसभापति पदमा समेत रही काम गरेको देखिन्छ । यसरी ताराप्रसाद श्रेष्ठले व्यावसायिक रूपमा निजी पसलदेखि विभिन्न सङ्घसंस्थाहरूमा रहेर सेवा गरेका छन् ।

## २.६ दाम्पत्य जीवन र सन्तानलाभ

एक्काईस वर्षको उमेरमा विवाहसूत्रमा बाँधिएका ताराप्रसाद श्रेष्ठ र तेजकुमारी श्रेष्ठका २ छोरा, २ छोरी, ६ नाति र ४ नातिनी छन् । श्रेष्ठका प्रथम सन्तान पशुपति श्रेष्ठ हुन् । उनको जन्म वि.सं. २०२१ सालमा भएको थियो । उनी २०४६ सालदेखि नारायणगढमा व्यापार-व्यवसाय गरी बसेका छन् । उनका २ छोरा पदमकुमार र उदयनारायण छन् भने १ छोरी कविता रहेकी छन् । श्रेष्ठको दोस्रो सन्तान हरिप्रसाद श्रेष्ठ हुन् । उनको जन्म वि.सं. २०२३ सालमा भएको हो । हाल उनी नवलपरासी जिल्लाको धनेवामा व्यापार-व्यवसाय गरी बसेका छन् । उनका १ छोरा र १ छोरी रहेका छन् । त्यसैगरी श्रेष्ठको तेस्रो सन्तान सरस्वती श्रेष्ठको जन्म वि.सं. २०२७ सालमा भएको हो । उनी हाल पञ्चनगर गा.वि.स. वडा नं. ३ मा रहेको जनता प्राथमिक विद्यालयमा शिक्षिकाको रूपमा कार्यरत छिन् । उनका २ छोरा र १ छोरी रहेका छन् । श्रेष्ठको चौथो सन्तान सिर्जना श्रेष्ठको जन्म वि.सं. २०३१ सालमा भएको हो । हाल उनी पञ्चनगर गा.वि.स. वडा नं. २ मा विवाहित गृहिणीको रूपमा रहेकी छिन् । उनका १ छोरा र १ छोरी रहेका छन् । २ छोरा, २ छोरी र नाति-नातिनासमेतले भरिपूर्ण रहेका श्रेष्ठ हाल आफ्नी धर्मपत्नी तेजकुमारी श्रेष्ठका साथ पञ्चनगर गा.वि.स. स्थित आफ्नो कच्ची घरमा एकल परिवारको रूपमा रहेका छन् । आफ्ना सन्तानहरू आफूसँगै नरहे पनि विवाहबन्धनमा बाँधिएर आ-आफ्नै पेसा-व्यवसाय गरेर बसेकोमा आफूलाई आनन्दको अनुभूति भइरहेको उनी बताउँछन् । बुढेसकालको समयमा छोराछोरीहरू आफूसँगै नहुँदा केही नरमाइलो हुनु स्वाभाविक छ, तर पतिले कोठामा बसेर कविताहरू कोरेको र विभिन्न पत्रपत्रिकाहरू पढ्नमा रुचि राखेको देख्दा रमाइलो अनुभूति हुने कुरा पत्नी तेजकुमारी श्रेष्ठ बताउँछिन् । यसरी उनको दाम्पत्य जीवन सुख र सन्तोषका साथ बितेको पाइन्छ ।

## २.७ पारिवारिक स्थिति र बसोबास

ताराप्रसाद श्रेष्ठको परिवार आर्थिक रूपले कमजोर भए तापनि साहित्यिक दृष्टिले राम्रो देखिन्छ । छोराछोरीको राम्रो पढाइ र पेसा, नाति-नातिनाको राम्रो पढाइ, दाजुभाइको राम्रो सम्बन्ध, पत्नीको असल व्यवहारबाट उनको पारिवारिक जीवन राम्रो भएको थाहा हुन्छ । आफू रोजगारीका लागि बाहिर रहेको अवस्थामा इष्टमित्रको सहयोग र सद्भाव, पत्नीको कर्तव्यशीलता तथा पारिवारिक स्नेहले गर्दा पारिवारिक स्थितिमा कहिल्यै विचलन नआएको श्रेष्ठ बताउँछन् । छोराहरू छुट्टाछुट्टै पेसामा आबद्ध रहेर सगोलमा नबसेको अवस्था भए तापनि परिवारको आपसी सद्भाव, सहयोग र मेलमिलापले कुनै असहज परिस्थिति सिर्जना भएन । उनको परिवारमा रहेको पारिवारिक वातावरण, आदर्श र सद्भाव अनुकरणीय देखिन्छ । आफ्नो जन्मभूमिमा रहेर गाउँको सेवा गर्ने चाहना भए पनि आर्थिक र पारिवारिक परिस्थितिले गर्दा गाउँ छाडेर तराईतिर आएको देखिन्छ । आफ्नो जीवनको उत्तरार्धको समय यही धर्तीमा रहेर समाजसेवा तथा साहित्यको विकासमा लाग्ने उनको विचार छ । हाल उनी जिल्ला नवलपरासी, पञ्चनगर गाउँ विकास समिति, वडा नं. २ भानुनगरमा बस्दछन् ।

## २.८ आर्थिक अवस्था

ताराप्रसाद श्रेष्ठको पूर्व आर्थिक अवस्था मध्यम खालको रहेको देखिन्छ । उनको परिवारले धेरै पैसा कमाउन नसके तापनि मध्यमस्तरबाट आफ्नो गुजारा चलाएको पाइन्छ । भाइहरू छुट्टिँदै जाँदा पैतृक सम्पत्तिमा भएको अंशबन्डा, आफ्नै छोराहरूबीचमा भएको अंशबन्डा, छोराछोरीको पढाइ, विवाह आदि कर्म गर्दा लागेको खर्चले पहिलेको अवस्था थाम्न नसकेको कुरा उनकी श्रीमती तेजकुमारी श्रेष्ठ बताउँछिन् । अहिले उनको आर्थिक स्थिति कमजोर रहेको देखिन्छ । सम्पत्तिका रूपमा १ कट्ठा जग्गा र सो जग्गामा बनेको कच्ची घर मात्रै उनीसँग रहेको छ । वर्तमान अवस्थामा उनी निम्नवर्गीय परिवारअन्तर्गत पर्दछन् ।

## २.९ मानसिक आघातका क्षणहरू

श्रेष्ठको जीवनमा आन्तरिक र बाह्यसंवेदनाहरूले स्थान पाएका छन् । आर्थिक अवस्थाका कारणले जागिरको क्रममा भैरहवा, काठमाडौँ र दिल्लीमा बस्दा सामान्य दु:खकष्ट भोग्नुपरेको उनी बताउँछन् । आर्थिक विपन्नताले गर्दा आफूले सिर्जना गरेका साहित्यिक रचनाहरू छाप्न नसक्दा उनलाई साह्रै दु:ख लाग्ने गरेको छ । यी सामान्य दु:खका स्थितिबाहेक मातृबिछोड र पितृबिछोडको आघातलाई उनले सहनु परेको छ । वि.सं. २०३० सालमा पिताको मृत्युपछि श्रेष्ठले घरको सम्पूर्ण जिम्मेवारी बहन गर्नुपर्‍यो । वि.सं. २०५८ मा भएको आमाको मृत्युबाट उनमा ठूलै मानसिक आघात परेको देखिन्छ । उनी मृत्युलाई 'हुने हार दैव नटार' भन्ने ठानी मन बुझाउनेतिर

लागे । समयको अन्तरालसँगसँगै साथीभाइको माया-ममता, अग्रज साहित्यकारहरूको स्नेह र समाजसेवाले उनी आफ्नो मनलाई बुझाउन सफल पनि भए । वास्तवमा आफ्नी आमाको मृत्यु नै सबैभन्दा ठूलो मानसिक आघात पुऱ्याउने घटना भएको उनी ठान्छन् ।

## २.१० रुचि र स्वभाव

हरेक व्यक्तिमा आफ्नै प्रकारको रुचि र स्वभाव हुन्छ । मान्छेको रुचि र स्वभावलाई हरेक कुराले प्रभाव पारेको हुन्छ । ताराप्रसाद श्रेष्ठको जीवनमा सामाजिक वातावरण, साथीभाइसँगको उठबस, आफूभन्दा मान्यजनका व्यवहार, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेश, शिक्षादीक्षा आदिले प्रभाव पारेको छ । उनले सानैदेखि स्व-अध्ययन र समाजसेवामा रुचि राखेको बुझिन्छ । उनी साहित्यसिर्जना गर्न तथा साहित्यकारका लेखरचना पढ्न रुचाउँछन् । समसामयिक पत्रिका पढ्ने, राजनीतिले ल्याएको परिवर्तनप्रति विचारविमर्श गर्ने, सामाजिक क्षेत्रमा सहयोग गर्ने र साहित्यसिर्जनालाई अरू व्यापकता दिने उनको स्वभाव छ । बिहान सबेरै उठेर नित्य स्नान गर्ने, बिहान केहीबेर डुल्ने, समय मिलेमा साहित्यसिर्जना गर्ने, आफूभन्दा सानासँग पनि मित्रवत् व्यवहार गर्ने उनको स्वभाव र रुचि रहेको छ । सामान्य पोसाक तथा सामान्य किसिमको खानपिनमा रमाउने तर समाजलाई असर पार्ने तडकभडकलाई भने कहिल्यै प्राथमिकता नदिने उनको रुचि रहेको छ । साहित्यसिर्जनाद्वारा सामाजिक विकृति, विसङ्गतिलाई प्रस्तुत गर्नु तथा राष्ट्र, राष्ट्रियता, भाषा र साहित्यको चिन्तनमा आफ्नो जीवन समर्पण गर्नु उनको रुचि देखिन्छ ।

श्रेष्ठले बाल्यकालमा सामान्य खेलकूदतर्फ पनि रुचि राख्दथे । बाल्यकालमा उनी भकुन्डो र डन्डीबियो निकै रुचिपूर्वक खेल्ने गर्दथे । साथीभाइहरूसँग खेल खेल्दा उनी निकै रमाउने गर्दथे । तत्कालीन समयमा नेपालको पहाडी भूभागमा साना केटाकेटीहरूले भकुन्डो किनेर खेल्न सक्दैनथे । त्यस अवस्थामा कपडाको बल बनाई साथीभाइहरूसँग बडो रुचिपूर्वक भलिबल खेल्ने गरेको उनी बताउँछन् । त्यस्तै पौडी र कबड्डीमा समेत उनको विशेष रुचि थियो ।

श्रेष्ठ नरम र मिजासिलो स्वभावका छन् । हाँसेर बोल्ने, शिष्ट एवम् मर्यादित शब्दको प्रयोग गर्ने, सहृदयी एवम् मिलनसार, परोपकारी र दयालु स्वभाव उनमा देखिन्छ । उनी विभिन्न सामाजिक सङ्घसंस्थामा रही सेवा गर्ने स्वभावका छन् । उनी धूर्त, जाली, अपराधी र शोषक मनोवृत्ति भएका मानिसलाई मन पराउँदैनन् । लामो समयसम्म पनि कुनै विषयमा तर्क-वितर्क गर्ने स्वभाव उनमा रहेको पाइन्छ । उनमा सत्यतथ्यमा आधारित भई बोल्ने हक्की स्वभाव रहेको छ । सबै मानवप्रति हेर्ने दृष्टिकोण समान हुनुपर्छ भन्ने मान्यता उनमा रहेको छ । महिला र पुरुषप्रति समान व्यवहार हुनुपर्दछ भन्ने भावनाको विकास उनको मनमस्तिष्कमा रहेको देखिन्छ । सङ्क्षेपमा सिर्जना, अध्ययन, सामाजिक सेवा उनको रुचिक्षेत्र हो भने सरल, सहृदयी, मिलनसार, मृदुभाषी र दयालु स्वभाव उनको स्वभावगत चिनारी हो ।

## २.११ प्रभाव र प्रेरणा

ताराप्रसाद श्रेष्ठको पारिवारिक पृष्ठभूमि हेर्दा साहित्यिक वातावरण रहेको देखिँदैन । उनका परिवारबाट कुनै साहित्यिक रचना प्रकाशित भएका छैनन् । बाल्यकालमा घरमै बसेर स्व-अध्ययन गर्ने र सानै उमेरदेखि नै साहित्यकारहरूका साहित्यिक कृतिहरूको अध्ययनले आफूलाई साहित्यलेखनतर्फ अग्रसर हुन प्रेरणा मिलेको उनी बताउँछन् । वि.सं. २०१८ सालमा साहित्यकार अजम्बरध्वज खातीसँगको भेटले पनि उनलाई साहित्यलेखनतर्फ अग्रसर हुन प्रेरित गरेको हो । बाल्यकालदेखि नै उनी कविता पढ्थे । उनको कविता वाचन गर्ने शैली छुट्टै किसिमको थियो । सुमधुर स्वरमा छन्दोबद्ध कवितालाई उच्चस्वरले भाका हालेर पढ्दा सबै प्रसन्न हुन्थे । उनका छिमेकीहरू उनको कविता वाचनबाट निकै प्रभावित हुन्थे । कविता वाचन गर्ने उनको अनौठो शैलीबाट छिमेकीहरू प्रभावित भएको कुरा समाजसेवी ऋषिराम सुवेदी बताउँछन् । महाकवि लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी, धरणीधर कोइराला, भूपि शेरचन आदि साहित्यकारका कविता पढेर साहित्य सिर्जना गर्ने प्रेरणा मिलेको हो भन्ने उनको धारणा छ । यसरी उनको साहित्यिक जीवनयात्रामा महाकवि देवकोटा, भीमनिधि तिवारी, घनश्याम न्यौपाने, गोविन्दराज विनोदी, श्यामप्रसाद न्यौपाने आदिको प्रभाव परेको उनी बताउँछन् । सङ्क्षेपमा भन्नुपर्दा समाज, राष्ट्रियता तथा अन्तर्राष्ट्रिय परिवेश, जीवनका विविध घटनाबाट उनको साहित्यिक क्षेत्र प्रेरित र प्रभावित रहेको देखिन्छ । साथै विभिन्न साहित्यकार, दर्शन, समसामयिक विश्व परिस्थिति, समाजमा हुने गरेको थिचोमिचोबाट उनको कवितालेखन प्रेरित र प्रभावित देखिन्छ ।

## २.१२ साहित्यसिर्जना र प्रकाशन

ताराप्रसाद श्रेष्ठको प्रथम प्रकाशित रचना *जुवातास* हो । वि.सं. २०१६ सालमा ओमबहादुर कार्कीद्वारा प्रकाशन भएको **जुनतारा** कवितासङ्ग्रहमा उनको कविता *जुवातास* प्रकाशित छ ।[५] त्यसै समयदेखि उनले साहित्यलेखनतर्फ कलम तिखार्न सुरु गरेको र आफ्नै गाउँठाउँको परिवेशमा आधारित रहेर कविता लेख्न थालेको पाइन्छ । वि.सं. २०१८ सालमा प्रकाशित **श्री नेपाल तारा** कवितासङ्ग्रह उनको प्रथम प्रकाशित पुस्तकाकार कृतिका रूपमा रहेको छ । उनका प्रकाशित कृतिहरू **श्री नेपाल तारा** कवितासङ्ग्रह (२०१८), **तीजको गीत** कवितासङ्ग्रह (२०४८), **किसान चित्कार** कवितासङ्ग्रह (२०४८) र **सम्झना** कवितासङ्ग्रह (२०६२) हुन् । उल्लिखित कृतिहरूबाहेक धेरै फुटकर कविताहरू श्रेष्ठले लेखेका छन् ।

---

५ कवि श्रेष्ठद्वारा प्राप्त जानकारी ।

## २.१३ सामाजिक सङ्घसंस्थामा संलग्नता

ताराप्रसाद श्रेष्ठ सामाजिक भावना र चिन्तन भएका व्यक्ति हुन् । उनको स्वभाव सहयोगी भएकाले समाजसेवामा सक्रियतासाथ लाग्दैआएको पाइन्छ । उनी पाल्पा जिल्लाको दोभान गाउँ विकास समिति मरेकमा बस्दादेखि नै समाजसेवामा विशेष रुचि राख्ने गर्दथे । समाजसेवाकै क्रममा उनी वि.सं. २०३३ साल चैत्र २१ गतेका दिन दोभान गाउँ पञ्चायत वडा नं. २ मरेकको वडाध्यक्ष पदमा चुनिएका थिए । यस्तै वि.सं. २०४९ र २०५४ सालमा दुईपटकसम्म नवलपरासी जिल्ला, पञ्चनगर गाउँ विकास समिति वडा नं. २ को वडाध्यक्ष पदमा उनी निर्वाचित भएका थिए । श्रेष्ठ विभिन्न सङ्घसंस्थाको आजीवन सदस्यसमेत बनेका छन् । यसैक्रममा वि.सं. २०५४ सालमा श्री संसारकोट दुर्गाभवानी मन्दिर समिति पञ्चनगर, २०५४ सालमै नेपाल रेडक्रस सोसाइटी नवलपरासी, २०५५ सालमा श्री परोपरकार सहकारी संस्था तिलकपुर र २०६३ सालमा झिङ्गु नेवा सेवासमाज पञ्चनगरको आजीवन सदस्य भई काम गरेको उनी बताउँछन् ।

श्रेष्ठले सामाजिक क्षेत्रमा रहेर काम गर्नुका साथै साहित्यिक क्षेत्रका विभिन्न स्थानमा रहेर साहित्यको सेवा गरेका छन् । उनी वि.सं. २०३० सालमा जनजीवन सामयिक साहित्यिक सङ्कलन भैरहवा र सिर्जना सामयिक साहित्यिक सङ्कलन भैरहवाको सदस्य पदमा रही काम गरेको देखिन्छ । त्यसैगरी वि.सं. २०३९ सालमा प्रगतिशील लेखक-कलाकार सङ्घ लुम्बिनीको सदस्य र वि.सं. २०५१ सालमा राष्ट्रिय जनसांस्कृतिक मञ्च नवलपरासीको सल्लाहकार पदमा रहेर उनले काम गरेका छन् ।

## २.१४ पुरस्कार तथा सम्मान

विभिन्न सामाजिक र साहित्यिक सङ्घसंस्थाहरूमा रहेर काम गर्दा उनले विभिन्न प्रशंसापत्र र सम्मानपत्रसमेत प्राप्त गरेका छन् । वि.सं. २०६० सालमा नेपाल नेत्रज्योति सङ्घ श्री रणअम्बिका शाह आँखा अस्पताल भैरहवाबाट, वि.सं. २०६२ सालमा सुरक्षित मातृत्व व्यवस्थापन समिति पञ्चनगर नवलपरासीबाट, वि.सं. २०६२ सालमै अपाङ्ग समाज चितवनबाट, वि.सं. २०६३ मा नेपाल रेडक्रस सोसाइटी नवलपरासीबाट, वि.सं. २०६३ मा दिव्यज्योति बहुमुखी क्याम्पस चिसापानीबाट र वि.सं. २०६३ मै श्री राजा माध्यमिक विद्यालय पञ्चनगरबाट प्रशंसापत्र प्राप्त गरेका छन् । यसैगरी वि.सं. २०६१ मा साना किसान सहकारी संस्था लि. पञ्चनगर र रामबाण प्रकाशन हेटौँडाबाट समेत उनले सम्मानपत्र प्राप्त गरेका छन् । यसरी श्रेष्ठले सामाजिक सङ्घसंस्थामा रही नेपाली साहित्य र सामाजिक क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका छन् ।

## २.१५ भ्रमण

मानिस भ्रमणशील स्वतन्त्र प्राणी हो । स्वदेश तथा विदेशको भ्रमण गरेर त्यहाँ रहेका प्राकृतिक, सांस्कृतिक, धार्मिक, राजनैतिक तथा प्रसिद्ध स्थलहरूका अनुभवहरू सँगाल्न सबैलाई मन लाग्छ । यस्ता भावनाको विकास ताराप्रसाद श्रेष्ठका जीवनमा पनि देखापरेको छ । उनले स्वदेशका प्रसिद्ध तीर्थस्थलहरू त्रिवेणी, मनकामना, पशुपतिक्षेत्र, देवघाट, जनकपुरधाम, बराहक्षेत्र, राम्दी, सेतीबिनी, रिडी, बागेश्वरी, लुम्बिनी आदिको भ्रमण गरिसकेका छन् । उनले भारतका प्रमुख ठाउँहरू हरिद्वार, ऋषिकेश, बद्रीनाथ, केदारनाथ, बनारस क्षेत्रको भ्रमण गरिसकेको बताउँछन् । यस भ्रमणले उनको जीवनपद्धतिमा समेत प्रभाव परेको अनुभव गर्न सकिन्छ ।

## २.१६ जीवनदर्शन र साहित्यिक धारणा

कुनै पनि व्यक्ति वा लेखकको धारणा उसको अध्ययन, सामाजिक सङ्घसंस्थाप्रतिको आबद्धता, रचनात्मक कार्य तथा उसले भोगेका-देखेका जीवनजगत्बाट प्राप्त अनुभव र प्रेरणाबाट निश्चित हुन्छन् । ताराप्रसाद श्रेष्ठ कर्तव्यनिष्ठ, लगनशील, राष्ट्रवादी र समाजसेवी व्यक्तिका रूपमा परिचित छन् । आफ्नो काम आफैले गर्नुपर्छ र अर्काको भर पर्नु परनिर्भरता हो भन्ने उनको धारणा रहेको छ । सादा जीवन उच्च विचारको सिद्धान्तमा उनी सदा विश्वास गर्छन् । सम्पत्ति कमाउनु र मोजमज्जा गर्नु मात्र ठूलो कुरा हो भन्ने कुरामा यिनी असहमत छन् । उनी भन्छन्, 'मरेर जाने चोलामा मानिसले सन्तोष लिन सक्नुपर्छ, लोभ र डाहको भावना हाम्रा प्रगतिका बाधक हुन् ।' कुनै पनि निन्दनीय काम गरी व्यक्तिगत स्वार्थ पूरा गर्नुहुँदैन भन्ने उनको धारणा छ । उनी सधैँ सत्य र न्यायको पक्षमा आवाज उठाउन चाहन्छन् । उनका जीवनजगत् र साहित्यसम्बन्धी धारणालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### २.१६.१ जीवनदर्शन

संसार स्वार्थी छ, लोभ र पापको आडमा अडेको छ । एकले अर्काको स्वतन्त्रतामाथि हस्तक्षेप गरेको छ । एकले अर्कालाई यातना दिएको छ । यससन्दर्भमा जीवन शोषणरहित, स्वच्छ र स्वतन्त्र हुनुपर्छ भन्ने श्रेष्ठको धारणा छ । अस्मिताको खोजी, भौतिकवादी र प्रगतिवादी दर्शन, अस्तित्वपरक चिन्तन, मानवतावादी भावना उनका जीवनजगत्सम्बन्धी प्रमुख दृष्टिकोणहरू हुन् । श्रेष्ठ राजनीतिमा समाजवादी दृष्टिकोण राख्छन् । राजनीतिक नारा र भाषण बाहिरी कुरा हुन्, दर्शन जीवनको वास्तविकता हो र त्यो आन्तरिक हुन्छ भन्ने उनको विचार छ । जीवन सुखदु:खको सङ्गम हो । मानिस स्वाभाविक रूपमा चल्नुपर्दछ । जेहोस्

सामाजिक सेवा, बसाइँसराइँको प्रभाव, वातावरणीय परिवेश, समयसमयमा आएको उतारचढावले साहित्यकार श्रेष्ठको जीवनदर्शनलाई प्रभाव पारेको देखिन्छ । निष्कर्षमा भौतिक र अध्यात्मको सम्मिश्रणबाट जीवनलाई सुसञ्चालन गर्दै जानुपर्दछ । यस संसारमा जति वस्तुहरू छन् ती सबै मानवको प्रयोगका लागि हुन् । ती सम्पूर्ण सामग्रीको यथोचित उपयोग गर्नुपर्दछ । जब मानवले ती वस्तुको यथोचित प्रयोग गर्दैन वा प्रयोग गर्न बिराउँछ तब जीवन र जगत् दुवै दुर्घटित हुन्छन् भन्ने उनको दृष्टिकोण रहेको छ ।

## २.१६.२ साहित्यसम्बन्धी धारणा

कुनै पनि साहित्यकारले आफ्ना कृतिमा समाजको वास्तविकता उतारेको हुन्छ । त्यसैले साहित्यलाई समाजको ऐना पनि भनिन्छ । साहित्यकारले आफ्ना धारणा पाठकसम्म पुऱ्याउन साहित्यलाई माध्यम बनाएको हुन्छ । लेखकीय भावना वा अनुभूतिको कलात्मक उद्गारलाई साहित्य मान्न सकिन्छ । कवि श्रेष्ठको साहित्यलेखनप्रतिको धारणा यस किसिमको रहेको छ :

(क) साहित्य समाजको गहना हो । यो समाजका लागि लक्ष्यित हुन्छ ।

(ख) साहित्यले मानवलाई दिशाबोध गर्दछ । यसले जीवनदर्शनलाई ढाकेको हुन्छ ।

(ग) साहित्यमा जसरी व्यक्त गरिन्छ, त्यसरी बुझ्न पाठक लालायित हुन्छ । शैली साधन मात्र हो ।

(घ) साहित्यले कल्याणकारी राज्यका लागि असल नागरिक उत्पादन गर्न सहयोग पुऱ्याउँछ ।

(ङ) साहित्यको प्रशंसा राज्यपक्षबाट हुनुपर्दछ र स्रष्टालाई उचित सम्मान दिनुपर्दछ ।

यसरी कवि श्रेष्ठले साहित्यलाई समाजको गहना मानेका छन् र साहित्यले कल्याणकारी राज्यका लागि असल नागरिक उत्पादन गर्न सहयोग पुऱ्याउँछ भन्ने धारणा राखेका छन् ।

## २.१७ निष्कर्ष

ताराप्रसाद श्रेष्ठका पुर्खाहरू काठमाडौँबाट गुल्मी हुँदै पाल्पा जिल्लामा आई बसोबास गरेका हुन् । उनको जन्म पिता स्व. चित्रमान श्रेष्ठ र माता स्व. मानकुमारी श्रेष्ठका ज्येष्ठ सुपुत्रका रूपमा वि.सं. २००१ साल आषाढ १५ गतेका दिन लुम्बिनी अञ्चल, पाल्पा जिल्ला, दोभान गाउँ विकास समिति वडा नं. २ मरेकमा भएको हो । उनको न्वारनको नाम रेवलाल

श्रेष्ठ हो भने उनी नेपाली साहित्यमा ताराप्रसाद श्रेष्ठका नामबाट चिनिएका छन् । औपचारिक शिक्षा ग्रहण गर्न नपाए तापनि आफ्नै बुवाको प्रेरणाबाट स्व-अध्ययन गरेर नेपाली साहित्य लेखनमा उनी अग्रसर भएका हुन् ।

वि.सं. २०२० सालमा एक्काइस वर्षको उमेरमा ताराप्रसाद श्रेष्ठको विवाह तेजकुमारी श्रेष्ठसँग भएको हो । उनका २ छोरा, २ छोरी, ६ नाति र ४ नातिनीहरू रहेका छन् । मध्यम वर्गीय परिवारका ताराप्रसाद श्रेष्ठमा वि.सं. २०३० सालमा पिताको मृत्युपछि व्यावहारिक दायित्व थपियो । भाइहरू छुट्टिँदै जाँदा पैतृक सम्पत्तिमा भएको अंशबन्डा, आफ्नै छोराहरूबीचमा भएको अंशबन्डा, छोराछोरीको पढाइ, विवाह आदि कर्म गर्दा लागेको खर्चले अहिले उनको आर्थिक स्थिति कमजोर रहेको छ । सम्पत्तिका रूपमा १ कठ्ठा जग्गा र सो जग्गामा बनेको कच्ची घर मात्रै उनीसँग रहेकाले वर्तमान अवस्थामा उनी निम्नवर्गीय परिवारअन्तर्गत पर्दछन् । हाल उनले स्थानीय स्तरमा रहेका विभिन्न सामाजिक सङ्घसंस्थामा आबद्ध रही सामाजिक सेवाको काम गर्दैआएको पाइन्छ ।

# परिच्छेद : तीन
# ताराप्रसाद श्रेष्ठको व्यक्तित्व

## ३.१ बाह्यव्यक्तित्व  र स्वभाव

व्यक्तिमा रहेको शारीरिक बनोट, ढाँचा, स्वभाव, आचरण, बोलीचाली, रुचि र प्रकृतिले व्यक्तित्वनिर्माण गरेको हुन्छ ।[१] शारीरिक दृष्टिले हेर्दा ताराप्रसाद श्रेष्ठ पाँच फिट तीन इन्च अग्ला, मझौला आकृतिका, आकर्षक चेहरा, हँसिलो अनुहार, मिलेका दन्तपङ्क्ति, श्यामवर्ण भएका व्यक्ति हुन् । शिरमा लगाइएको ढाकाटोपीले साँच्चै नै उनको प्रभावशाली भौतिक व्यक्तित्व झल्काउँछ । पोसाक लगाउने सवालमा उनी सामान्यत: सर्ट, हाफपाइन्ट, पाइन्ट, चप्पल लगाउने गर्दछन् । बाहिर निस्कनुपर्दा प्राय: सर्ट, पाइन्ट, जुत्ता आदि वातावरणअनुकूल पोसाकको प्रयोग गर्दछन् । सामान्य किसिमको शरीर भए पनि उनले लगाएका कपडाहरूले उनलाई आकर्षक र भद्र स्वभावको देखाउने गर्छ । वंशपरम्परागत जैविकवृत्तिपुञ्जका रूपमा व्यक्तित्व निर्माण हुन्छ र शिक्षादीक्षा, सङ्गत र वातावरणबाट प्राप्त ज्ञान र अनुभवद्वारा समृद्ध हुन्छ ।

ताराप्रसाद श्रेष्ठको रूप शान्त, सरल देखिए पनि उनी विचार र सामाजिक चेतनाका दृष्टिले उच्च छन् । उनको व्यवहारमा निश्छलता छ । सरल, सहयोगी, स्वाभिमानी प्रकृतिका व्यक्तित्वका रूपमा उनी समाजमा परिचित छन् । उनको बोलीमा मिठास छ । उनी बोल्दा र आफ्नो कार्य सम्पन्न गर्दा अरूले दु:ख नपाऊन् भन्ने उदार दिलका देखिन्छन् । उनी विभिन्न पुस्तक, पत्रपत्रिकाको अध्ययन गर्छन् । गहन अध्ययन-विश्लेषणबाट निचोड निकाली प्रस्तुत गर्ने शैलीले उनको व्यक्तित्व निर्माणमा ठूलो सहयोग पुऱ्याएको छ । उनी समाजमा व्याप्त अशान्ति, युद्ध, रूढीगत परम्परा, सामाजिक र शैक्षिक विकृतिको टड्कारो विरोध गर्दछन् । समाजमा देखिने सांस्कृतिक विकृति र विसङ्गतिको समेत उनी विरोधी छन् ।[२]

---

१ केशवप्रसाद उपाध्याय, *मोतीरामको व्यक्तित्व र योगदान,* **मोती स्मृतिग्रन्थ**, रमा शर्मा, (काठमाडौं : नेपाली शिक्षा परिषद्, २०३९), पृ. ३९ ।

२ ताराप्रसाद श्रेष्ठसँगको अन्तर्वार्ताबाट ।

श्रेष्ठ अत्यन्त सरल, शान्त र गम्भीर स्वभावका छन् । उनी साहित्यिक रचना गर्ने, साथीभाइसँग विचारविमर्श गर्ने, अप्ठ्यारोमा परेका मित्रहरूलाई सहयोग पुऱ्याउने स्वभावका छन् । आन्तरिक लगनशीलता, पारिवारिक वातावरण र गहन जिम्मेवारी वहनले उनको व्यक्तित्वनिर्माणमा ठूलो सहयोग पुऱ्याएको छ । समयलाई उपयुक्त ढङ्गले प्रयोग गरेमा मात्र सोचेअनुसारका काम हुन सक्छन् भन्ने धारणा उनको रहेको छ । समाजमा साहित्यकार, समाजसेवी, परिश्रमी तथा अध्ययनशील व्यक्तित्वका रूपमा चिनिने श्रेष्ठको व्यक्तित्व उच्च आदर्शका साथ उदाहरणीय रूपमा समाजमा प्रस्तुत भइरहेको पाइन्छ ।

## ३.२ सामाजिक व्यक्तित्व

समाज र राष्ट्रका लागि आफूलाई सक्रिय रूपमा अगाडि बढाई समाजमा बढ्दै गएको विसङ्गति र विभेदलाई हटाई विभिन्न सङ्घसंस्थामा रही विकासात्मक तथा रचनात्मक कार्यमा लागिपर्नु हरेक सामाजिक प्राणीको दायित्व र कर्तव्य हो । सामाजिक व्यक्तित्व निर्माण गर्न स्वच्छ, पवित्र र सहयोगी भावनाका साथ निरन्तर सत्यको पक्षमा अडिन सक्नुपर्दछ । सामाजिक जीवनयापनको क्रममा सम्बन्धित समुदायसँग सम्बद्ध भएर उनीहरूको कल्याण र सम्मुन्नति हुने काम गर्नुपर्दछ । ताराप्रसाद श्रेष्ठमा समाजसेवाप्रतिको चासो बाल्यकालीन अवस्थाबाट विकसित भएको पाइन्छ । उनले विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका माध्यमबाट समाजमा सेवा पुऱ्याउँदै आएका छन् । तीनपटकसम्म वडाध्यक्ष पदमा निर्वाचित भएर खानेपानी व्यवस्थापन, बाटोघाटो निर्माण, विभिन्न विद्यालयको उत्थानमा सहयोग पुऱ्याएका श्रेष्ठलाई समाजसेवी व्यक्तित्वका रूपमा चिन्न सकिन्छ । उनले रेडक्रस, नेपाल परिवार नियोजन सङ्घ, साना किसान सहकारी संस्थाजस्ता समाजसँग प्रत्यक्ष सम्बन्ध रहने संस्थामा आबद्ध भई समाजका निम्नवर्गीय समुदायको उत्थानका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । जातीय छुवाछुत, अन्धविश्वासका विपक्षमा उनले समाजमा जनचेतना फैलाएको पाइन्छ । यसरी उनी समाजसेवी व्यक्तित्वका रूपमा चिनिएका छन् ।

## ३.३ बहुभाषिक व्यक्तित्व

समाजमा विभिन्न जनजातिका मानिसहरू बसोबास गर्दछन् । उनीहरू आफ्नो परम्पराअनुसार आ-आफ्नो भाषाको प्रयोग गर्दछन् । सबै समुदायमा भाषिक ज्ञानले प्रभाव पार्दछ । सबै व्यक्तिमा धेरै भाषाको ज्ञान हुँदैन, तर कतिपय यस्ता व्यक्तिहरू हुन्छन् जसले धेरै भाषा जानेका हुन्छन् । यसै परिप्रेक्ष्यमा ताराप्रसाद श्रेष्ठमा पनि बहुभाषिक व्यक्तित्व पाउन सकिन्छ । उनले मातृभाषा नेवारीका साथै नेपाली, हिन्दी, भोजपुरी आदि भाषाहरू बोल्न तथा लेख्न जानेका छन् । सो भाषिक ज्ञानले साहित्य सिर्जना गर्न र सामाजिक क्षेत्रमा काम गर्न सहज वातावरण निर्माण भएको उनी बताउँछन् ।

## ३.४ राजनीतिक व्यक्तित्व

राजनीतिले समाजमा ठूलो प्रभाव पार्दछ । हरेक समाजको उत्थान र पतनमा प्रत्यक्ष वा परोक्ष रूपले राजनीतिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि समाज राजनीतिबाट अलग रहन सक्दैन । एउटै समाजमा पनि विभिन्न राजनीतिक विचारधारा अवलम्बन गरेका व्यक्तिहरू हुन्छन् । ताराप्रसाद श्रेष्ठ पनि सामाजिक प्राणी भएकाले समाजवादी चिन्तनबाट मुलुकको उत्थान हुनसक्छ भन्ने ध्येय राखेर वि.सं. २०२१ सालदेखि नै राजनीतिमा प्रवेश गरेको पाइन्छ । यसै सिलसिलामा वि.सं. २०३९ सालमा प्रगतिशील लेखक-कलाकार सङ्घ लुम्बिनी अञ्चल समितिको सदस्य भई काम गरेको साहित्यकार श्रेष्ठ बताउँछन् । साहित्यको क्षेत्रमा प्रगतिशील साहित्यकारका रूपमा चिनिएका श्रेष्ठले वामपन्थी राजनीतिमा संलग्न रही समाजमा सामाजिक तथा राजनैतिक चेतनाको विस्तार गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । वर्तमान समयमा उनी नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी र लेनिनवादीको नवलपरासी जिल्ला सङ्गठन कमिटी सदस्य भई राजनैतिक चेतनाविस्तार गर्नमा कटिबद्ध देखिन्छन् । यसरी उनी समाजवादी राजनीतिक व्यक्तित्वका रूपमा चिनिएका छन् ।

## ३.५ साहित्यिक व्यक्तित्व

कवि ताराप्रसाद श्रेष्ठको योगदान कविता र गीत विधामा प्रमुख रूपमा रहेको छ । साहित्यिक व्यक्तित्वअन्तर्गत कवि व्यक्तित्व र गीतकार व्यक्तित्वको रूपमा ताराप्रसाद श्रेष्ठ चिनिएका छन् ।

### ३.५.१ कवि व्यक्तित्व

नेपाली साहित्यको कविताविधामा विगत लामो समयदेखि साधनारत व्यक्तित्वको नाम हो, ताराप्रसाद श्रेष्ठ । श्रेष्ठले नेपाली साहित्यको कविताविधामा आफ्नो कलम चलाएका छन् । बाल्यकालदेखि नै साहित्यप्रति अभिरुचि देखाए पनि उनको औपचारिक साहित्यिक यात्रा भने वि.सं. २०१६ बाट आरम्भ भएको हो । औपचारिक साहित्ययात्रा कविता लेखनबाट सुरु गरेका श्रेष्ठले आफ्नै जीवनभोगाइको क्रममा देखापर्ने विषयवस्तुहरूलाई आफ्ना कविताको विषयवस्तु बनाएका छन् । प्रगतिशील चिन्तन भएका कवि श्रेष्ठले सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै सामाजिक सुधार, परिवर्तनको आग्रह र नारीवर्गप्रति सहानुभूतिसमेत प्रकट गरेका छन् । कुनै पनि घटनाले तुरुन्तै घच्घच्याउने श्रेष्ठका कवितामा ग्रामीण परिवेश, निम्नवर्गीय जनजीवन, अशिक्षा, चेतनाको अभावजस्ता विषयले स्थान पाएका छन् । उनका कवितामा

विशेषगरी अन्याय र अत्याचारप्रति आक्रोशको भाव पाइन्छ । आफ्ना रचनाहरू सकेसम्म धेरै पाठकहरूले पढून् र त्यसबाट केही चेतना पाऊन् भन्ने चाहनाले उनले कतिपय फुटकर कविताहरू २/४ पृष्ठमा छाप्दै वितरण गर्दै र सार्वजनिक स्थानहरूमा टाँस्ने गरेको पनि पाइन्छ ।

जीवनमा आइपर्ने जस्तोसुकै कठिन क्षणमा पनि अविचलित भई साहित्यको उत्थानमा निरन्तर लागिरहेका श्रेष्ठले साहित्य सिर्जनाका निम्ति आफ्नो जीवनलाई समर्पण गरेका छन् । त्यस्तै बानीले गर्दा पनि उनी धेरै पाठकसामु चिनिएका छन् । यसका साथै कवि श्रेष्ठका साहित्यिक सिर्जनाहरू विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित हुँदैआएका छन् ।

वि.सं. २०१६ सालमा *जुवातास* शीर्षकको फुटकर कविता लेखेर नेपाली कविताको क्षेत्रमा उदाएका श्रेष्ठको प्रथम पुस्तकाकार कृति वि.सं. २०१८ सालमा प्रकाशित **श्री नेपाल तारा** कवितासङ्ग्रह हो । कविता लेखेर नेपाली साहित्यको फाँटमा उदाएका श्रेष्ठले करिब पाँच दशक लामो साहित्यिक यात्रा पार गरिसकेका छन् । साहित्ययात्राको क्रममा श्रेष्ठले प्रकाशन गरेका प्रमुख कवितासङ्ग्रहहरूको सूची यसप्रकार रहेको छ –

(क) **श्री नेपाल तारा** (कवितासङ्ग्रह, २०१८)

(ख) **किसान चीत्कार** (कवितासङ्ग्रह, २०४८)

(ग) **सम्झना** (कवितासङ्ग्रह, २०६२)

उल्लिखित कृतिहरूको सूचीद्वारा नै नेपाली कविताविधामा श्रेष्ठले पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको स्पष्ट हुन्छ । पुस्तकाकार कृति प्रकाशनलाई आधार मान्दा पनि श्रेष्ठको साहित्यिक यात्राले पाँच दशकजति समय पार गरिसकेको छ । यसका साथै उनको सिर्जनलहर निरन्तर रूपमा प्रवाहित भएकाले कृतिहरू पनि प्रकाशित हुनसक्ने सम्भावना पनि टड्कारो देखिएको छ । यसरी साहित्यकार श्रेष्ठलाई कवि व्यक्तित्वको रूपमा चिन्न सकिन्छ ।

### ३.५.२ गीतकार व्यक्तित्व

ताराप्रसाद श्रेष्ठ गीतकार व्यक्तित्वका रूपमा पनि देखापर्छन् । श्रेष्ठले कविताका अतिरिक्त गीतहरूको पनि रचना गरेका छन् । उनका गीतहरू लोकलयमा आधारित छन् । झ्याउरे र तीजको लयमा उनले थुप्रै गीतहरू रचना गरेका छन् । तीज महिलाहरूले मनका व्यथा-वेदना गीतको भाकामा पोख्ने सांस्कृतिक पर्वको रूपमा परम्परादेखि मानिँदै आएको चाड

हो । गीतकार श्रेष्ठका गीतहरूमा पनि महिलाहरूका वैयक्तिक पीडा, व्यथा र वेदनाहरू प्रस्तुत भएका छन् । त्यसैगरी सामाजिक विकृति, विसङ्गति, अन्याय र अत्याचारजस्ता विविध पक्षहरूसमेत उनका गीतहरूमा समेटिएका छन् । प्रतिनिधिमूलक उनका गीतहरूको सूची यसप्रकार रहेको छ –

(क) **तीजको गीत** (गीतिसङ्ग्रह, २०४८)

(ख) **भैलो गीत** (२०३९) फुटकर

(ग) **एकल नारीको आवाज** (२०६४) फुटकर

(घ) **जनताको छोरा राष्ट्रपति** (२०६५) फुटकर

उल्लिखित गीतहरूबाट श्रेष्ठले गीतविधामा समेत योगदान पुऱ्याएको स्पष्ट हुन्छ । यसरी साहित्यकार श्रेष्ठलाई गीतकार व्यक्तित्वका रूपमा समेत चिन्न सकिन्छ ।

## ३.६ जीवनी, व्यक्तित्व र साहित्यसिर्जनाबीच आन्तरिक सामञ्जस्य

ताराप्रसाद श्रेष्ठको जीवनयात्रा सामाजिक, राजनैतिक, सांस्कृतिक, समसामयिक घटनाक्रम तथा परिवेशलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भोग्दै र समाधान गर्दै वर्तमान अवस्थासम्म आइपुगेको कुरा उनको जीवनीबाट थाहा हुन्छ । आफ्नो जीवनयात्राका सवालमा भोगेका, देखेका, सुनेका कुराहरूलाई समेटी उनले साहित्यिक रचनाहरू सिर्जना गरेका छन् । साहित्यको सेवा गरेर अन्याय, शोषण, दमन, उत्पीडन आदिको भन्डाफोर गर्दै स्वच्छ समाजको निर्माणको परिकल्पनातर्फ उन्मुख भएको कुरा उनका कृतिबाट स्पष्ट हुन्छ । साहित्यिक तथा सामाजिक व्यक्तित्वले उनको जीवनीलाई माथि उठाएको पाइन्छ । जीवनी जसरी बगेको छ, त्यसरी नै उनको व्यक्तित्वले पनि समाजमा राम्रो स्थान लिन पुगेको देखिन्छ । साहित्यिक रचना, जीवनी र व्यक्तित्वप्रति केन्द्रित हुँदै समाजका विसङ्गति, समसामयिक परिवेशलाई छर्लङ्ग पार्न उनी सफल देखिन्छन् । उनका कृतिहरू अध्ययन गर्दा उनीसँगै बोलेको आभास पाइन्छ । उनका कृतिमा मानवीय जीवनको अवस्था कसरी चित्रण गर्न सकिन्छ भन्ने कुरा झल्केको छ । राष्ट्रियताप्रतिको चिन्तनले उनको जीवनी र व्यक्तित्वलाई माथि उठाउन सहयोग पुऱ्याएको देखिन्छ । अन्तर्मनका भावनाहरूलाई साहित्यकारले आफ्ना कृतिहरूमा उल्लेख गरेकाले उनको जीवनी र साहित्यसिर्जनामा सामञ्जस्य मिलेको पाइन्छ । श्रेष्ठले सिर्जनामा आदर्शका थोत्रा कुरा थुपारेर हुँदैन, व्यवहारमा त्यसलाई लागू गर्नुपर्दछ भन्दछन् । सोहीअनुरूप आफ्नो व्यवहार पनि प्रस्तुत गर्दछन् । समग्रमा उनको महत्त्वपूर्ण पक्ष नेपाली साहित्य

र समाजको सेवा गर्नु नै रहेको छ । उनको जीवनयात्रामा देखिएको समाजसेवी भावना र साहित्यिक रुचिको प्रभाव साहित्यलेखनमा पनि देखापर्दछ । यसरी उनको जीवनी, व्यक्तित्व र साहित्यसिर्जनालाई अध्ययन गर्दा यी तत्त्वहरूबीच आन्तरिक सामञ्जस्य कायम रहेको पाइन्छ ।

## ३.७ निष्कर्ष

ताराप्रसाद श्रेष्ठमा बहुमुखी व्यक्तित्व देखापर्छ । लेखन प्रकाशनका तहमा उनी कवि र गीतकारका रूपमा रहेका छन् । सामाजिक सङ्घसंस्थामा आबद्ध रही समाजसेवामा लाग्ने हुनाले उनी सामाजिक व्यक्तित्वका रूपमा परिचित छन् । राजनीतिमा समेत चासो राख्ने हुनाले उनी समाजमा राजनीतिक व्यक्तित्वका रूपमा चिनिएका छन् ।

ताराप्रसाद श्रेष्ठ मूलतः कवि हुन् । साहित्य सिर्जना तहमा गीतविधामा समेत उनका कृतिहरू प्रकाशित छन्, तर अन्य व्यक्तित्वभन्दा उनको कवि व्यक्तित्व सबैभन्दा प्रबल छ । साहित्येतर क्षेत्रमा सामाजिक र राजनीतिक रूपमै पनि उनी स्थानीय तहमा प्रतिष्ठित छन् । समग्रमा उनका समुच्चा व्यक्तित्वहरूमध्ये कवि व्यक्तित्व नै समुन्नत र समुज्ज्वल देखिन्छ ।

# परिच्छेद : चार

# ताराप्रसाद श्रेष्ठको कवितायात्रा र चरण विभाजन

## ४.१ ताराप्रसाद श्रेष्ठको कवितायात्रा

किशोरावस्थाबाट नै गीतिकवितातर्फ आकर्षित भएका ताराप्रसाद श्रेष्ठले वि.सं. २०१६ सालदेखि कविताक्षेत्रमा कलम चलाएका छन् । श्रेष्ठमा सानैदेखि कविता सुन्ने र लेख्ने स्वभावको विकास भएको थियो । औपचारिक रूपमा धेरै लेखपढ गरेका व्यक्ति नभए तापनि कविता सुन्ने र लेख्ने मोह भएका कारणले उनी यस क्षेत्रमा अग्रसर भएका हुन् ।[१] देवकोटाद्वारा रचित **मुनामदन**को अध्ययनबाट पनि उनी यसतर्फ प्रवृत्त भएका हुन् । पहाड गाउँघरको लोकसंस्कृतिका साथै दोहोरीगीत, असारेगीत आदिले पनि यस क्षेत्रमा लाग्न उनलाई अभिप्रेरित गरेको देखिन्छ । यसरी विशेषत: देवकोटाका गीतिकाव्यको अध्ययन र अंशत: ग्रामीण जनजीवनको लोकसांस्कृतिक परिवेशले पनि उनलाई गीतिकविताको सिर्जनातर्फ अभिप्रेरित गरेको हो ।

विभिन्न कविका कविताहरूको अध्ययन गरेर जीवनबोध एवम् कर्तव्यबोध गरेका श्रेष्ठले जीवनमा केही गर्नुपर्दछ भन्ने सोचाइ राख्दथे । देवकोटाको लोकलयात्मक प्रयोगबाट प्रभावित एवम् अभिप्रेरित श्रेष्ठले लोकलयमा आधारित गीतिकविता लेखनको अभ्यासमा लागे । उनले वि.सं. २०१६ सालमा *जुवातास* शीर्षकको कविता लेखेका थिए ।[२] यो नै उनको प्रथम कविता थियो र यसै कविताबाट उनको कवित्वको बीजारोपण भएको हो । उनको प्रथम प्रकाशित फुटकर रचना *जुवातास* ओमबहादुर कार्कीको सङ्कलन र सम्पादनमा प्रकाशित **जुनतारा** (२०१६) कवितासङ्ग्रहमा सङ्कलित भई प्रकाशित हुन आएको देखिन्छ । यसै कविताको प्रकाशन सँगसँगै श्रेष्ठ नेपाली कवितालेखनको क्षेत्रमा अग्रसर रहेका हुन् ।

---

१ शोधनायकबाट प्राप्त जानकारी ।

२ ऐजन ।

पुस्तकाकार कृतिका रूपमा उनको प्रथम प्रकाशित कवितासङ्ग्रह **श्री नेपाल तारा** (२०१८) हो ।[३] थोरै पढेलेखेका व्यक्तिहरूले पनि बुझ्नसक्ने गरी सरल भाषामा लेखिएका यस कवितासङ्ग्रहमा सङ्कलित कविताहरू सामान्य पाठकका निम्तिसमेत सरल र उपयोगी छन् ।[४] मूलत: यस सङ्ग्रहका अधिकांश कवितामा गाउँ र सहरी परिवेशको सामाजिक असमानताको चित्रण छ भने राष्ट्रियताको भावनालाई समेत उच्च महत्त्वका साथ प्रस्तुत गरिएको छ । यसपछि क्रमश: प्रकाशित उनका पुस्तकाकार कृतिहरू **तीजको गीत** (गीतिसङ्ग्रह, २०४८), **किसान चीत्कार** (कवितासङ्ग्रह, २०४८), **सम्झना** (कवितासङ्ग्रह, २०६२) रहेका छन् । यसका अतिरिक्त विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा उनका थुप्रै फुटकर रचनाहरू प्रकाशित छन् । यसरी विभिन्न पुस्तकाकार कृतिहरू र थुप्रै फुटकर रचनाहरू प्रकाशित गरेर नेपाली साहित्यको कविताविधामा श्रेष्ठले अमूल्य योगदान पुऱ्याएका छन् ।

## ४.२ ताराप्रसाद श्रेष्ठको कवितायात्राको चरण विभाजन

ताराप्रसाद श्रेष्ठले किशोरावस्थादेखि नै कविता र गीत लेख्न थालेका हुन् । वि.सं. २०१६ सालमा *जुवातास* शीर्षकको कविता लेखेर कवितायात्राको थालनी गर्ने श्रेष्ठले २०१८ सालमा **श्री नेपाल तारा** कवितासङ्ग्रह प्रकाशित गरेका छन् । वि.सं. २०१६ सालबाट प्रारम्भ भएको उनको कवितालेखनयात्रा आजसम्म आइपुग्दा विश्राम नलिई अगाडि बढेको छ । उनको कवितालेखनको विकासक्रमले पाँचदशक लामो यात्रा पार गरिसकेको छ । हालसम्म पनि उनी कवितालेखनमा क्रियाशील देखिएका छन् । समयको गतिसँगै युगानुकूल विभिन्न प्रवृत्तिहरूलाई आत्मसात् गर्दै पाँचदशक लामो कवितायात्रामा श्रेष्ठले आकारका हिसाबले सानै भए पनि चारओटा पुस्तकाकार कृति जन्माइसकेका छन् ।

उनका थुप्रै फुटकर गीत-कविताहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । यस यात्रामा उनको कवित्वले क्रमश: उत्कर्षतातर्फ लम्कँदै प्रौढत्व प्राप्त गर्नेतर्फ अग्रसर भएको पाइन्छ । ताराप्रसाद श्रेष्ठको कवितायात्रामा राष्ट्रिय, अन्तर्राष्ट्रिय, युगीन स्थितिबोध, समस्या, चिन्तन, विषयवस्तु, घटना-परिघटना आदिका साथै कविका आफ्नै वैयक्तिक शैली-शिल्पको विकासका कारण विविध मोड र प्रवृत्तिहरू देखापर्छन् । कविको पहिलो कृति **श्री नेपाल तारा**देखि **सम्झना**सम्मको समग्र कविताहरूको अध्ययन गर्दा यिनमा कतिपय कुराहरूमा समानता हुँदाहुँदै पनि चिन्तन र शैलीशिल्पमा देखिएको विकासले विविधता थपिएको छ । यिनै केही नवीनतम प्रवृत्तिगत परिवर्तनका आधारमा उनको लेखनको विकासक्रमलाई निम्नलिखित चरणहरूमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

---

३ ऐजन ।

४ नारायण शास्त्री, *भूमिका,* **श्री नेपाल तारा**, ताराप्रसाद श्रेष्ठ, (नवलपरासी : लेखक स्वयम्, २०१८), पृ. भूमिकालेख ।

(क) पहिलो चरण (२०१६–२०३८)

(ख) दोस्रो चरण (२०३९–२०५७)

(ग) तेस्रो चरण (२०५८ देखि हालसम्म)

## ४.२.१ पहिलो चरण (वि.सं. २०१६–२०३८)

वि.सं. २०१६ सालदेखि २०३८ सालसम्मको २२ वर्षको समयावधि ताराप्रसाद श्रेष्ठको लेखन विकासक्रमको पहिलो चरण हो । यस चरणमा उनी राष्ट्रवादी कविका रूपमा देखापरेका छन् । यस अवधिको उनको एकमात्र प्रकाशित कृति **श्री नेपाल तारा** (कवितासङ्ग्रह, २०१८) हो । यस सङ्ग्रहमा विभिन्न लोकलयमा रचिएका पन्ध्रओटा कविताहरू सङ्गृहीत छन् ।

यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा नेपालको प्राकृतिक सुन्दरताको वर्णन गरिएको छ भने आफ्नो देश र नरेशप्रति अगाध आस्था प्रस्तुत भएको छ । यस समयका प्रतिनिधि कविताहरू *जुवातास, बुद्धिमान बालक, श्री नेपाल तारा, फाल्गुण ७ गते, लुम्बिनी गौरव, अघि नेपाली, हाम्रो एकता* रहेका छन् । तत्कालीन समयमा लेखिएका उनका कविता साहित्यिक मूल्यको कसीमा उच्च रहन सकेका छैनन् । कवितालेखनका दृष्टिले यस काललाई अभ्यासकाल र सिकारु अवस्था मान्न सकिन्छ ।

## ४.२.२ दोस्रो चरण (वि.सं. २०३९–२०५७)

वि.सं. २०३९ सालदेखि २०५७ सालसम्मको १९ वर्षको समयावधि श्रेष्ठको लेखनयात्राको दोस्रो चरण मान्न सकिन्छ । वि.सं. २०३९ सालमा 'नयाँ कदम परिवार' नवलपरासीको प्रकाशनमा प्रकाशित भएको श्रेष्ठको लघुआकारको फुटकर **भैलोगीत**को प्रकाशनपश्चात्को समयलाई दोस्रो चरण मान्न सकिन्छ । यस चरणमा उनले परिवर्तनगामी, सङ्घर्ष, क्रान्ति र स्वतन्त्रताका स्वरलहरीहरूलाई आफ्ना गीतिकविताहरूमा समेटेको पाइन्छ । आर्थिक, सामाजिक, राजनैतिक असमानता, अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन आदिको विरोध र परिवर्तनका लागि क्रान्तिको आह्वान गरिएका प्रगतिवादी गीतिकविताहरू यस चरणमा लेखिएका छन् । यस चरणका कविताहरूले तीव्र सङ्घर्ष र क्रान्तिको ज्वाला ओकलेका छन् भने परिवर्तनगामी क्रान्तिस्वरका भटाराहरू बर्साएका छन् । यस चरणमा प्रकाशित भएका **तीजको गीत** (गीतिसङ्ग्रह, २०४८), **किसान चीत्कार** (कवितासङ्ग्रह, २०४८) यिनका पुस्तकाकार कृति भन्न लायकका पुस्तकहरू हुन् । यसबाहेकका **भैलोगीत**, **सशस्त्र प्रहरीबल अध्यादेशविरुद्ध मेरो सार्वजनिक अपिल** र अन्य फुटकर रचनाहरू पनि यस समयमा लेखिएका छन् । नेपाली जनताको मुक्तिका लागि सङ्घर्षको आह्वान गर्दै शोषित-पीडित नेपाली किसानका कथालाई यस चरणका कवितामा कविले समेटेको पाइन्छ । **तीजको**

**गीत** नामक गीतिसङ्ग्रहमा कविले तत्कालीन परिवेशलाई आक्रोशको रूपमा प्रस्तुत गरेका छन् ।[५] त्यसैगरी **किसान चीत्कार** कवितासङ्ग्रहमा किसानका पीडा-व्यथालाई प्रस्तुत गरिएको छ । हाम्रा किसानहरूले एकातिर प्राकृतिक प्रकोपबाट बेलाबेलामा आहत हुनुपरेको छ भने अर्कातिर सामन्त, पूँजीपति तथा जमिन्दारहरूबाट प्रत्यक्ष वा परोक्ष रूपबाट गरिने शोषण, दमन र अत्याचारको घातक प्रहारलाई लाचार भएर सहनुपरेको छ । यसै परिप्रेक्ष्यमा कविले **किसान चीत्कार**भित्रका कविताहरूमा आफ्नो अभिव्यक्ति दिएका छन् ।[६] राजनीतिक प्रभावमा लेखिएका यी कविताहरू त्यसताक केही राजनैतिक व्यक्तिहरूका लागि लोकप्रि भए तापनि सर्वसंवेद्य र सार्वभौम हुन सकेनन् । राजनैतिक आवरणमा ढाकिएको हुनाले तत्कालीन कविताहरू साहित्यिक मूल्य-मान्यताको कसीमा पनि उच्च रहन नसकेका देखिन्छन् । कविले यस चरणमा लेखेका कविताहरू पनि खासै प्रौढत्वतर्फ अग्रसर भएको पाइँदैन ।

### ४.२.३ तेस्रो चरण (वि.सं. २०५८ देखि हालसम्म)

वि.सं. २०५८ सालदेखि हालसम्मको समयावधिलाई ताराप्रसाद श्रेष्ठको लेखनयात्राको तेस्रो चरण मानिन्छ । उनको यो तेस्रो चरण समयका आधारमा छोटो देखिए तापनि प्रवृत्तिगत सचेतताका दृष्टिले उल्लेखनीय रहेको छ । प्रकृतिप्रेम, मानवीय प्रेम र राष्ट्रप्रेम यस चरणमा देखिएका प्रमुख विशेषताहरू हुन् । कविको दोस्रो चरणमा देखिएको राजनैतिक आवरण यस चरणमा हराएको छ । यस चरणका कविताहरूमा ग्रामीण परिवेश, निम्नवर्गीय जनजीवन, अशिक्षा, अस्वस्थताजस्ता विषयले स्थान पाएका छन् ।[७] नारीप्रति सहानुभूति, सामाजिक विकृति र विसङ्गतिको चित्रण पनि यस चरणका कवितामा पाउन सकिन्छ । यस चरणमा श्रेष्ठले महाकवि लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ र माधव घिमिरेका गीत-कविताको प्रभावबाट प्रेरणा लिएका छन् ।[८] कविताप्रतिको पूर्ण सचेतताका कारण यस चरणका सम्पूर्ण कविताहरूले श्रेष्ठको कविव्यक्तित्वको पूर्ण परिचय दिन सफल भएका छन् । कलाप्रतिको उनको पूर्ण सचेतता र अन्तरानुभूतिलाई कलात्मक रूप दिई बाह्यरूपमा प्रकट गर्नु उनको तेस्रो चरणको उपलब्धि हो । यस चरणमा उनको प्रकाशित प्रतिनिधि पुस्तकाकार कृति **सम्झना** (कवितासङ्ग्रह, २०६२) हो । यस कवितासङ्ग्रहमा चौँसठ्ठीओटा कविताहरू सङ्कलित छन् । सङ्कलित कविताहरू सबैमा विषयगत विविधता रहेको छ । यसमा सङ्कलित कविताहरूले कविलाई गीतिकविताका सफल स्रष्टाका रूपमा चिनाएका छन् । सर्वसाधारण जनताले बुझ्ने सरल शैलीका कविताहरूको यस सङ्ग्रहले श्रेष्ठलाई जनकविका रूपमा चिनाएको छ ।

---

५ घनश्याम न्यौपाने, **तीजको गीत**, ताराप्रसाद श्रेष्ठ, (नवलपरासी : लेखक स्वयम्, २०४८), पृ. भूमिका ।

६ ताराप्रसाद श्रेष्ठ, **किसान चीत्कार**, (नवलपरासी : कवि स्वयम्, २०४८), पृ. मन्तव्य ।

७ ताराप्रसाद श्रेष्ठ, **सम्झना**, (नवलपरासी : कवि स्वयम्, २०४८), पृ. भूमिकालेख ।

८ शोधनायकबाट प्राप्त जानकारी ।

यसरी हेर्दा पहिलो, दोस्रो र तेस्रो चरणमा ताराप्रसाद श्रेष्ठको कवित्वयात्रा उत्तरोत्तर परिष्कृत र विकसित हुँदै अगाडि बढेको पाइन्छ । लेखनयात्राको पहिलो चरण अभ्यास काल र सिकारुको अवस्था रहेको, दोस्रो चरणमा कविलाई राजनैतिक भावनाले पूर्णरूपमा ढाकेको देखिए तापनि तेस्रो चरणमा कवित्व भावनालाई अङ्गीकार गर्दै क्रमश: प्रगतिपथमा अघि बढेको पाइन्छ । नेपाली कविताक्षेत्रमा देखापरेका नवीनतम प्रवृत्तिहरूलाई आत्मसात् गर्दै श्रेष्ठको लेखनकला अगाडि बढेको देखिन्छ । वि.सं. २०६२ सालमा **सम्झना** कवितासङ्ग्रह प्रकाशित भएपश्चात् पनि श्रेष्ठको कवितालेखन प्रक्रियाले निरन्तरता लिइरहेको पाइन्छ । यिनले निरन्तर रूपमा लेखेका कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुँदैआएका छन् । यी कविताहरूले पनि माथि उल्लिखित प्रवृत्तिलाई आत्मसात् गरेको पाइन्छ । त्यसैले कवितालेखनमा श्रेष्ठको योगदान निरन्तर रहेको देखिन्छ ।

## ४.३ ताराप्रसाद श्रेष्ठका पुस्तकाकार कृतिको कालक्रमिक विवरण

कवि ताराप्रसाद श्रेष्ठले विभिन्न पुस्तकाकार कृतिहरूको रचना गरेका छन् । उनका पुस्तकाकार कृतिहरूको कालक्रमिक विवरण निम्नानुसार रहेको छ :

(क) **श्री नेपाल तारा** (कवितासङ्ग्रह) २०१८

(ख) **तीजको गीत** (गीतिसङ्ग्रह) २०४८

(ग) **किसान चीत्कार** (कवितासङ्ग्रह) २०४८

(घ) **सम्झना** (कवितासङ्ग्रह) २०६२

यसरी पुस्तकाकार कृतिका रूपमा तीनओटा कवितासङ्ग्रह र एउटा गीतिसङ्ग्रह लेखेर नेपाली साहित्यको भण्डार अभिवृद्धि गर्ने काम कवि श्रेष्ठबाट भएको छ ।

## ४.४ फुटकर रचनाहरूको चरणगत कालक्रमिक विवरण

वि.सं. २०१६ सालमा *जुवातास* शीर्षकको गीतिकविता **जुनतारा** कवितासङ्ग्रहमा प्रकाशित गरी नेपाली कविताका क्षेत्रमा झुल्केका ताराप्रसाद श्रेष्ठका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिका र स्मारिकाहरूमा निरन्तर प्रकाशित भएका छन् । उनका फुटकर रचनाहरूको खोज गर्ने क्रममा फेला परेसम्मका फुटकर रचनाहरूको चरणगत कालक्रमिक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

## ४.४.१ प्रथम चरणका फुटकर रचनाहरू

कवि श्रेष्ठको कविता लेखनको प्रथम चरण वि.सं. २०१६–२०३८ सम्म रहेको छ । यस चरणमा लेखिएका २० ओटा फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यी रचनाहरूको कालक्रमिक विवरण निम्नानुसार रहेको छ :

**तालिका सङ्ख्या – १**

| क्र.सं. | शीर्षक | विधा | रचना प्रकाशन स्रोत | वर्ष | अङ्क | प्रकाशन वर्ष | प्रकाशन स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | सिङ्गापुच्छर | कविता | अनुराग | १ | १ | २०२९ | भैरहवा |
| २. | दुई टुक्रा | कविता | सिद्धार्थ | १ | १ | २०२९ | भैरहवा |
| ३. | दुई वचन | कविता | भेटघाट | १ | ४ | २०३० | भैरहवा |
| ४. | मेरो मुटु | कविता | सिर्जना | १ | १ | २०३० | चितवन |
| ५. | यहाँ यस्तै हुँदोरहेछ | कविता | निष्पक्ष ध्वनि | ३ | २१ | २०३० | भैरहवा |
| ६. | श्रद्धाञ्जलि | कविता | निष्पक्ष ध्वनि | ४ | ९ | २०३१ | भैरहवा |
| ७. | देशको मूल समस्या | कविता | निष्पक्ष ध्वनि | ४ | १२ | २०३१ | भैरहवा |
| ८. | फर्क | कविता | जनजीवन | १ | २ | २०३१ | भैरहवा |
| ९. | म मूला | कविता | अनुराग | १ | २ | २०३१ | भैरहवा |
| १०. | लालीगुराँस | कविता | निष्पक्ष ध्वनि | ४ | २१ | २०३१ | भैरहवा |
| ११. | खोला | कविता | निष्पक्ष ध्वनि | ४ | २१ | २०३१ | भैरहवा |
| १२. | कोसेली | कविता | निष्पक्ष ध्वनि | ५ | ७ | २०३२ | भैरहवा |
| १३. | प्रतिज्ञा | कविता | श्रीनगर | ४ | १३ | २०३२ | पाल्पा |
| १४. | झूटो संसार | कविता | भानूदय | – | – | २०३३ | बनारस |
| १५. | तीजको गीत | गीत | मुकाबिला | १ | १ | २०३६ | बागलुङ |
| १६. | एक मुक्तक | मुक्तक | सुस्केरा | १० | ३६ | २०३६ | भैरहवा |
| १७. | यो थोत्रो घर | कविता | त्रिवेणी | २ | १० | २०३७ | नवलपरासी |
| १८. | कागज, कलम, मसी | कविता | जनजागृति | १० | ४५ | २०३७ | काठमाडौँ |
| १९. | दुई मुक्तक | मुक्तक | दैनिक निर्णय | १६ | ६५ | २०३७ | भैरहवा |
| २०. | यो धरहरा बोल्दैन | कविता | संरक्षक | १२ | ४ | २०३८ | काठमाडौँ |

## ४.४.२ द्वितीय चरणका फुटकर रचनाहरू

कवि श्रेष्ठको कविता लेखनको दोस्रो चरण वि.सं. २०३९–२०५७ सम्म रहेको छ । यस चरणमा लेखिएका ८ ओटा फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । यी रचनाहरूको कालक्रमिक विवरण निम्नानुसार रहेको छ :

**तालिका सङ्ख्या – २**

| क्र. सं. | शीर्षक | विधा | रचना प्रकाशन स्रोत | वर्ष | अङ्क | प्रकाशन वर्ष | प्रकाशन स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | मेरो साथी जेल परेछ | कविता | नयाँ कदम | १ | ३ | २०३९ | नवलपरासी |
| २. | कोइली र काग | कविता | दैनिक निर्णय | १९ | २८ | २०४० | भैरहवा |
| ३. | यहाँ त मुग्लानजस्तो छ | कविता | समालोचना | १ | २७ | २०४० | भैरहवा |
| ४. | भुताहाको जनजीवन | कविता | दैनिक निर्णय | १९ | २६ | २०४० | भैरहवा |
| ५. | नयाँ खबर | कविता | जनसङ्घर्ष | ६ | २०० | २०५२।१२।२ | बुटवल |
| ६. | लडेर न्यायको पक्षमा | कविता | नयाँ दिशा | ७ | १२० | २०५७।३।२४ | बुटवल |
| ७. | माओवादी समस्या | कविता | जनसङ्घर्ष | ११ | १५ | २०५७।९।२२ | बुटवल |
| ८. | मेरो सार्वजनिक अपिल | कविता | जनसङ्घर्ष | ११ | २०२ | २०५७।११।१३ | बुटवल |

## ४.४.३ तृतीय चरणका फुटकर रचनाहरू

कवि श्रेष्ठको कविता लेखनको तेस्रो चरण वि.सं. २०५८ – हालसम्म रहेको छ । यस चरणमा लेखिएका १५५ ओटा फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यी रचनाहरूको कालक्रमिक विवरण निम्नानुसार रहेको छ :

**तालिका सङ्ख्या – ३**

| क्र. सं. | शीर्षक | विधा | रचना प्रकाशन स्रोत | वर्ष | अङ्क | प्रकाशन वर्ष | प्रकाशन स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | जनताको शक्ति देखेर | कविता | नयाँ दिशा | ८ | ९८ | २०५८।०२।२७ | बुटवल |
| २. | खबर आउँदैछ | कविता | नयाँ दिशा | ८ | ९२ | २०५८।०२।२० | बुटवल |
| ३. | आमाको चिठी | कविता | नयाँ दिशा | ८ | १०४ | २०५८।०३।२ | बुटवल |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | लेख्नपर्छ | कविता | मेचीकाली | १ | १५६ | २०५८।०३।३ | बुटवल |
| ५. | तीन कविता | कविता | मेचीकाली | १ | १६२ | २०५८।०३।१० | बुटवल |
| ६. | झटारो | कविता | मेचीकाली | १ | १८० | २०५८।०३।२१ | बुटवल |
| ७. | घर फर्कौं | कविता | नयाँ दिशा | ८ | १३३ | २०५८।०४।०६ | बुटवल |
| ८. | तीन कुराहरू | कविता | नयाँ दिशा | ८ | १३९ | २०५८।०४।१३ | बुटवल |
| ९. | म्युजियम बन्दैछ | कविता | मेचीकाली | १ | १९२ | २०५८।०४।१४ | बुटवल |
| १०. | नि:स्वार्थ सेवा गरौँ | कविता | मेचीकाली | १ | १९८ | २०५८।०४।२० | बुटवल |
| ११. | विद्युतको चाल | कविता | दैनिक लुम्बिनी | १३ | २२९ | २०५८।०५।०२ | बुटवल |
| १२. | माछा माछा भ्यागुता | कविता | नयाँ दिशा | ८ | १५७ | २०५८।०५।०२ | बुटवल |
| १३. | उठौँ सबै कम्मर कसेर | कविता | दैनिक लुम्बिनी | १३ | २३५ | २०५८।०५।०९ | बुटवल |
| १४. | आह्वान | कविता | दैनिक लुम्बिनी | १३ | २४२ | २०५८।०५।१६ | बुटवल |
| १५. | रक्सीको बखान | कविता | मेचीकाली | १ | २२२ | २०५८।०५।१७ | बुटवल |
| १६. | आठ बुँदे प्रस्ताव | कविता | दैनिक लुम्बिनी | १३ | २४९ | २०५८।०५।२३ | बुटवल |
| १७. | नहान ढुङ्गा | कविता | दैनिक लुम्बिनी | १३ | २५६ | २०५८।०५।३० | बुटवल |
| १८. | आठ बुँदे प्रस्ताव | कविता | मेचीकाली | १ | २३४ | २०५८।०५।३१ | बुटवल |
| १९. | हाम्रो सामुदायिक वन | कविता | नयाँ दिशा | ८ | १८० | २०५८।०५।३० | बुटवल |
| २०. | आठ बुँदे प्रस्ताव | कविता | जनसङ्घर्ष | १२ | ६६ | २०५८।०६।०६ | बुटवल |
| २१. | दुई हात जोडेर | कविता | दैनिक लुम्बिनी | १३ | २७६ | २०५८।०६।२० | बुटवल |
| २२. | सामाजिक विकृति हटाउनै पर्छ | कविता | नयाँ दिशा | ८ | १९२ | २०५८।०६।१३ | बुटवल |
| २३. | चेतावनी | कविता | दैनिक लुम्बिनी | १३ | २८३ | २०५८।०६।२७ | बुटवल |
| २४. | झ्याली | कविता | नयाँ दिशा | ८ | २१४ | २०५८।०७।१८ | बुटवल |
| २५. | वार्ता पनि युद्ध नै हो | कविता | दैनिक लुम्बिनी | १३ | २९५ | २०५८।०७।१८ | बुटवल |
| २६. | कली | कविता | दैनिक लुम्बिनी | १३ | ३०२ | २०५८।०७।२५ | बुटवल |
| २७. | हाम्रो बधाई | कविता | मेचीकाली | २ | १४ | २०५८।०९।१५ | बुटवल |
| २८. | शुभकामना | कविता | साकुरा सुवास | १ | १ | २०५८ | नवलपरासी |
| २९. | अङ्कगणित | कविता | छुनामुना | – | – | २०५८ | – |
| ३०. | कलमको नाता | कविता | दैनिक लुम्बिनी | १४ | २०२ | २०५९।३।२२ | बुटवल |
| ३१. | संस्कृतिको संरक्षण गरौँ | कविता | दैनिक लुम्बिनी | १४ | २०२ | २०५९।०४।०४ | बुटवल |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३२. | काफल पाक्यो | कविता | दिव्यज्योति स्मारिका | १ | १ | २०५९ | नवलपरासी |
| ३३. | आमाको पुकार | कविता | अन्तरङ्ग साप्ताहिक | ११ | १५ | २०५९।१०।२ | तनहुँ |
| ३४. | देशको शान | कविता | नवपल्लव | २ | ४ | २०५९ | हेटौँडा |
| ३५. | छोरा हुन् वा छोरी दुवै बराबरी | कविता | दैनिक लुम्बिनी | १५ | १६२ | २०६० | बुटवल |
| ३६. | ठूलो मान्छे | कविता | छुनामुना | ४ | – | २०६० | नवलपरासी |
| ३७. | कानुन | कविता | जितगठी | १ | २ | २०६० | बुटवल |
| ३८. | रोकिनुहोस्, हेर्नुहोस् जानुहोस् | कविता | कुराकानी साप्ताहिक | २१ | ३१ | २०६०।४।१२ | हेटौँडा |
| ३९. | रोकिनुहोस्, हेर्नुहोस् जानुहोस् | कविता | महिला स्वास्थ्य बुलेटिन | २ | २ | २०६० | नवलपरासी |
| ४०. | नेपाल आमाको पुकार | कविता | दैनिक लुम्बिनी | १६ | – | २०६०।१०।३ | बुटवल |
| ४१. | राजनीति | कविता | कुराकानी साप्ताहिक | २२ | ६ | २०६०।१०।१२ | हेटौँडा |
| ४२. | भुकम्प आउँछ | कविता | दैनिक लुम्बिनी | १६ | २७ | २०६०।१२।२१ | बुटवल |
| ४३. | शुभकामना नववर्षको | कविता | दैनिक लुम्बिनी | १६ | १०४ | २०६०।१२।२८ | बुटवल |
| ४४. | भुकम्प आउँछ | कविता | दैनिक लुम्बिनी | १६ | १८६ | २०६१।३।१२ | बुटवल |
| ४५. | हाम्रो कलम | कविता | कुराकानी साप्ताहिक | २२ | २७ | २०६१।३।१४ | हेटौँडा |
| ४६. | सुरक्षित मातृत्व सेवा | कविता | महिला स्वास्थ्य बुलेटिन | ३ | २ | २०६१ | नवलपरासी |
| ४७. | दुई मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | १७ | ४ | २०६१।०६।३० | बुटवल |
| ४८. | रातो घाम | कविता | दैनिक लुम्बिनी | १७ | ४५ | २०६१।११।१५ | बुटवल |
| ४९. | हिजोआज | कविता | दैनिक लुम्बिनी | १७ | १८८ | २०६२।४।८ | बुटवल |
| ५०. | फूलबारी | मुक्तक | दैनिक लुम्बिनी | १७ | २२३ | २०६२।५।११ | बुटवल |
| ५१. | हाम्रो कलम | कविता | दैनिक लुम्बिनी | १७ | २३७ | २०६२।५।२५ | बुटवल |
| ५२. | शुभकामना | कविता | सुमन पुष्प | १ | ४ | २०६१।६।१० | बुटवल |
| ५३. | हाइकु | हाइकु | मञ्जरी | १ | २ | २०६१।६।११ | नवलपरासी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५४. | साँढे | कविता | दैनिक लुम्बिनी | १७ | २७७ | २०६२।७।१२ | बुटवल |
| ५५. | २ मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | १७ | ३१३ | २०६२।८।१८ | बुटवल |
| ५६. | चार हाइकु | हाइकु | दैनिक लुम्बिनी | १८ | ६६ | २०६२।११।२० | बुटवल |
| ५७. | केही मुक्तकहरू | मुक्तक | दैनिक लुम्बिनी | १८ | ८५ | २०६२।१२।१२ | बुटवल |
| ५८. | हाइकु | हाइकु | मञ्जरी | १ | २ | २०६२ पौष | नवलपरासी |
| ५९. | इतिहास | कविता | गन्तव्य | १ | १ | २०६२ असोज | नवलपरासी |
| ६०. | केही मुक्तकहरू | मुक्तक | दैनिक लुम्बिनी | १८ | १२५ | २०६३।१।२३ | बुटवल |
| ६१. | आश्चर्य लाग्यो | कविता | दैनिक लुम्बिनी | १८ | १४६ | २०६३।२।१३ | बुटवल |
| ६२. | आठ हाइकु | हाइकु | दैनिक लुम्बिनी | १८ | १५३ | २०६३।२।२० | बुटवल |
| ६३. | धन्यवाद | कविता | दैनिक लुम्बिनी | १८ | १७३ | २०६३।३।१० | बुटवल |
| ६४. | हाम्रो आवाज | कविता | हाम्रो आवाज | १ | १ | २०६३।४।१ | बुटवल |
| ६५. | हाम्रो इच्छा | कविता | मञ्जरी | २ | ३ | २०६३ | नवलपरासी |
| ६६. | सुरक्षित मातृत्व सेवा कोष | कविता | दैनिक लुम्बिनी | १८ | २९३ | २०६३।७।१८ | बुटवल |
| ६७. | तीन मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | १८ | ३०० | २०६३।७।२५ | बुटवल |
| ६८. | केही मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | १८ | ३१४ | २०६३।८।९ | बुटवल |
| ६९. | कविता | कविता | कायाकैरन | १ | ५२ | २०६३।८।९ | चितवन |
| ७०. | दुई मुक्तक | मुक्तक | कायाकैरन | १ | ५९ | २०६३।८।१६ | चितवन |
| ७१. | केही मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | १८ | ३३५ | २०६३।९।१ | बुटवल |
| ७२. | तीन मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | १९ | ६० | २०६३।११।१२ | बुटवल |
| ७३. | चार मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | १९ | ६७ | २०६३।११।१९ | बुटवल |
| ७४. | दुई मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | १९ | ७२ | २०६३।११।२४ | बुटवल |
| ७५. | शुभकामना | कविता | दैनिक लुम्बिनी | १९ | ८५ | २०६३।१२।११ | बुटवल |
| ७६. | एकबीस चुट्का | रोइला | दैनिक लुम्बिनी | १९ | १०० | २०६३।१२।२४ | बुटवल |
| ७७. | दुई मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | १९ | १४७ | २०६४।२।१२ | बुटवल |
| ७८. | गजल | गजल | दैनिक लुम्बिनी | १९ | १५४ | २०६४।२।१९ | बुटवल |
| ७९. | एकल नारीको आवाज | गीत | तीजको कोसेली | १ | १ | २०६४।५।२२ | नवलपरासी |
| ८०. | लोकतान्त्रिक तीज गीत | गीत | दैनिक लुम्बिनी | १९ | २५१ | २०६४।५।२२ | बुटवल |
| ८१. | पीडित महिलाको कथा | गीत | तीजको कोसेली | – | – | २०६४।५।२२ | नवलपरासी |
| ८२. | स्वास्थ्यचौकी | गीत | तीजको कोसेली | – | – | २०६४।५।२२ | नवलपरासी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८३. | खतराका चिह्न | गीत | तीजको कोसेली | – | – | २०६४।५।२२ | नवलपरासी |
| ८४. | निवेदन | गीत | तीजको कोसेली | – | – | २०६४।५।२२ | नवलपरासी |
| ८५. | नारीको आवाज | गीत | तीजको कोसेली | – | – | २०६४।५।२२ | नवलपरासी |
| ८६. | मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | १९ | २६१ | २०६४।७।१७ | बुटवल |
| ८७. | गजल | गजल | नेपाली माटो | २५ | ४ | २०६४।६।२४ | नवलपरासी |
| ८८. | नेपालीपन | कविता | साकुरा सुवास | ६ | ४ | २०६४।६।२५ | नवलपरासी |
| ८९. | दुई मुक्तक | मुक्तक | नेपाली माटो | २५ | ५ | २०६४।७।१५ | नवलपरासी |
| ९०. | मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | १९ | ३२१ | २०६४।८।१५ | बुटवल |
| ९१. | दीपावलीको शुभकामना | कविता | नेपाली माटो | २५ | ६ | २०६४।७।२२ | नवलपरासी |
| ९२. | यज्ञ आतङ्क | रोइला | दैनिक लुम्बिनी | १९ | ३३५ | २०६४।८।२५ | बुटवल |
| ९३. | तीन मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | २० | १० | २०६४।९।२१ | बुटवल |
| ९४. | फूल | कविता | नेपाली माटो | २५ | १३ | २०६४।९।१९ | नवलपरासी |
| ९५. | मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | २० | ३१ | २०६४।१०।१२ | बुटवल |
| ९६. | कविता | कविता | नयाँ मौसम | १ | ६ | २०६४ पौष | नवलपरासी |
| ९७. | रोइला | रोइला | दैनिक लुम्बिनी | २० | ११० | २०६५।१।७ | बुटवल |
| ९८. | नयाँ माली | कविता | दैनिक लुम्बिनी | २० | १४५ | २०६५।२।११ | बुटवल |
| ९९. | आफ्नै माटो आफ्नै बाटो | कविता | दैनिक लुम्बिनी | २० | १५२ | २०६५।२।१८ | बुटवल |
| १००. | तीन मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | २० | १५९ | २०६५।२।२५ | बुटवल |
| १०१. | चार मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | २० | १८७ | २०६५।३।२१ | बुटवल |
| १०२. | मुक्ति | कविता | दैनिक लुम्बिनी | २० | २०८ | २०६५।४।११ | बुटवल |
| १०३. | झट्ट रिसाउने | कविता | दैनिक लुम्बिनी | २० | २१५ | २०६५।४।१८ | बुटवल |
| १०४. | मुक्तक | कविता | दैनिक लुम्बिनी | २० | २२२ | २०६५।४।२५ | बुटवल |
| १०५. | राष्ट्रको अस्मिता | कविता | नवतिलोत्तमा | २ | २७६ | २०६५।४।२५ | बुटवल |
| १०६. | तीजको गीत | गीत | दैनिक लुम्बिनी | २० | २२९ | २०६५।४।३२ | बुटवल |
| १०७. | कोशीले डुबाउँदा | कविता | दैनिक लुम्बिनी | २० | २३६ | २०६५।५।७ | बुटवल |
| १०८. | चार मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | २० | २८१ | २०६५।७।२ | बुटवल |
| १०९. | चार मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | २० | २९८ | २०६५।७।२३ | बुटवल |
| ११०. | शब्दश्रद्धाञ्जलि | हाइकु | दैनिक लुम्बिनी | २० | ३०५ | २०६५।७।३० | बुटवल |
| १११. | सहभागी बनौँ | कविता | दैनिक लुम्बिनी | २० | ३१२ | २०६५।८।७ | बुटवल |
| ११२. | तीन मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | २० | ३१९ | २०६५।८।१४ | बुटवल |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११३. | आमहडताल | मुक्तक | दैनिक लुम्बिनी | २० | ३२६ | २०६५।८।२१ | बुटवल |
| ११४. | सावधान, सतर्क | कविता | दैनिक लुम्बिनी | २० | ३३३ | २०६५।८।२८ | बुटवल |
| ११५. | चार मुक्तक | मुक्तक | बुटवल टुडे | ५ | १७ | २०६५।८।२८ | बुटवल |
| ११६. | संवेद्यना | कविता | दैनिक लुम्बिनी | २० | ३४० | २०६५।९।५ | बुटवल |
| ११७. | श्लोक श्रद्धाञ्जलि | कविता | दैनिक लुम्बिनी | २१ | २ | २०६५।९।१२ | बुटवल |
| ११८. | तीन मुक्तक | मुक्तक | बुटवल टुडे | ५ | ३१ | २०६५।९।१२ | बुटवल |
| ११९. | शुभकामना | कविता | नयाँ सत्ता | ३ | ४ | २०६५।९।१८ | बुटवल |
| १२०. | दुई मुक्तक | मुक्तक | बुटवल टुडे | ५ | ४५ | २०६५।९।२६ | बुटवल |
| १२१. | कविता | कविता | नयाँ सत्ता | ३ | ११ | २०६५।९।२६ | बुटवल |
| १२२. | नबिर्सनु | कविता | लुम्बिनी | २१ | १५ | २०६५।९।२६ | बुटवल |
| १२३. | शब्द श्रद्धाञ्जलि | कविता | लुम्बिनी | २१ | २२ | २०६५।१०।४ | बुटवल |
| १२४. | अन्तिम श्रद्धाञ्जलि | कविता | नवतिलोत्तमा | ३ | ७७ | २०६५।१०।४ | बुटवल |
| १२५. | मुक्तक | मुक्तक | नयाँ सत्ता | ३ | १७ | २०६५।१०।४ | बुटवल |
| १२६. | दुई मुक्तक | मुक्तक | बुटवल टुडे | ५ | ५२ | २०६५।१०।४ | बुटवल |
| १२७. | रहस्य | कविता | नवतिलोत्तमा | ३ | ८४ | २०६५।१०।११ | बुटवल |
| १२८. | चार मुक्तक | मुक्तक | बुटवल टुडे | ५ | ७३ | २०६५।१०।२५ | बुटवल |
| १२९. | बधाई | रोइला | नयाँ सत्ता | २ | ३०१ | २०६५।८।७ | बुटवल |
| १३०. | कविता मन | कविता | नयाँ सत्ता | २ | १५१ | २०६५।२।२५ | बुटवल |
| १३१. | दुई मुक्तक | मुक्तक | बुटवल टुडे | ५ | ८० | २०६५।११।३ | बुटवल |
| १३२. | जनताको छोरा राष्ट्रपति | गीत | गणतान्त्रिक तीज गीत | – | – | २०६५।५।१ | बुटवल |
| १३३. | शिवरात्रीको भाङ् | कविता | दैनिक लुम्बिनी | २१ | ५४ | २०६५।११।१० | बुटवल |
| १३४. | शिवरात्रीको भाङ् | कविता | बुटवल टुडे | ५ | ८७ | २०६५।११।१० | बुटवल |
| १३५. | चार मुक्तक | मुक्तक | बुटवल टुडे | ५ | ९४ | २०६५।११।१७ | बुटवल |
| १३५. | एक दर्जन रोइला | रोइला | नयाँ सत्ता | ३ | ५७ | २०६५।११।१७ | बुटवल |
| १३७. | ढुङ्गे फूलको आत्मकथा | कविता | दैनिक लुम्बिनी | २१ | ६८ | २०६५।११।२४ | बुटवल |
| १३८. | दुई मुक्तक | मुक्तक | बुटवल टुडे | ५ | १०६ | २०६५।१२।१ | बुटवल |
| १३९. | दुई मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | २१ | ८० | २०६५।१२।८ | बुटवल |
| १४०. | दुई मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | २१ | ८६ | २०६५।१२।१५ | बुटवल |
| १४१. | मनको भारी | कविता | दैनिक लुम्बिनी | २१ | ९३ | २०६५।१२।२२ | बुटवल |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४२. | रोइला | रोइला | बुटवल टुडे | ५ | १२८ | २०६५।१२।२२ | बुटवल |
| १४३. | दुई मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | २१ | १०० | २०६५।१२।२९ | बुटवल |
| १४४. | तगारो | कविता | दैनिक लुम्बिनी | २१ | १०६ | २०६६।१।५ | बुटवल |
| १४५. | दुई मुक्तक | मुक्तक | बुटवल टुडे | ५ | १४० | २०६६।१।५ | बुटवल |
| १४६. | रोइला | रोइला | दैनिक लुम्बिनी | २१ | ११९ | २०६६।१।१९ | बुटवल |
| १४७. | एक दर्जन रोइला | रोइला | दैनिक लुम्बिनी | २१ | ११३ | २०६६।१।१३ | बुटवल |
| १४८. | तीन मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | २१ | १३३ | २०६६।२।२ | बुटवल |
| १४९. | परिवर्तन | कविता | दैनिक लुम्बिनी | २१ | १४० | २०६६।२।९ | बुटवल |
| १५०. | तीन मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | २१ | १४७ | २०६६।२।१६ | बुटवल |
| १५१. | प्रश्नोत्तर | कथा | दैनिक लुम्बिनी | २१ | १५३ | २०६६।२।२३ | बुटवल |
| १५२. | चार मुक्तक | मुक्तक | दैनिक लुम्बिनी | २१ | १६० | २०६६।२।३० | बुटवल |
| १५३. | नागरिक सर्वोच्चता | कविता | दैनिक लुम्बिनी | २१ | १७५ | २०६६।३।१३ | बुटवल |
| १५४. | हनुमानहरू | कविता | दैनिक लुम्बिनी | २१ | १७६ | २०६६।३।२० | बुटवल |
| १५५. | ख्याति तिम्रो सम्झनामा | कविता | बुटवल टुडे | ५ | २३१ | २०६६।४।३ | बुटवल |

## ४.५ निष्कर्ष

ताराप्रसाद श्रेष्ठको कवितायत्रा वि.सं. २०१६ बाट सुरु भएको हो । उनले कवितासिर्जनाका लागि प्रेरणा विभिन्न साहित्यकारहरू र समाजबाट प्राप्त गरेका हुन् । वि.सं. २०१६ सालमा लेखिएको *जुवातास* शीर्षकको कविताबाट उनी कवितालेखनमा प्रवेश गरेका हुन् । कवितालेखनकै क्रममा वि.सं. २०१८ मा **श्री नेपाल तारा** कवितासङ्ग्रह लेखेर पुस्तकाकार कृति प्रकाशन गर्न यिनी सफल बनेका छन् । उनको करिब पचास वर्षको कवितायात्रालाई तीन चरणमा विभाजन गरेर हेर्नु उपयुक्त हुन्छ –

२०१६ – २०३८ सम्म – पहिलो चरण

२०३९ – २०५७ सम्म – दोस्रो चरण

२०५८ – हालसम्म – तेस्रो चरण

पहिलो चरण तारापसाद श्रेष्ठको आभ्यासिक चरण हो । प्रथम चरणमा यिनको एउटा कवितासङ्ग्रह **श्री नेपाल तारा** प्रकाशित छ । अन्य उन्नाइसओटा फुटकर कविता, मुक्तक र गीतहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । दोस्रो चरणमा लेखनमा निरन्तरता छ । यस चरणमा प्रकाशित भएका **तीजको गीत** (गीतिसङ्ग्रह, २०४८) र **किसान चीत्कार**

(कवितासङ्ग्रह, २०४८) यिनका पुस्तकाकार कृति हुन् । यीबाहेक अन्य ८ ओटा फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । कवि श्रेष्ठको तेस्रो चरण समयका आधारमा छोटो देखिए तापनि प्रवृत्तिगत सचेतताका दृष्टिले उल्लेखनीय रहेको छ । यस चरणका कविताहरूमा ग्रामीण परिवेश, निम्नवर्गीय जनजीवन, सामाजिक विकृतिजस्ता विषयले स्थान पाएका छन् । यस चरणमा प्रकाशित प्रतिनिधि पुस्तकाकार कृति **सम्झना** (कवितासङ्ग्रह, २०६२) हो । यसबाहेक विभिन्न फुटकर रचनाहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

यसरी हेर्दा पहिलो, दोस्रो र तेस्रो चरणमा ताराप्रसाद श्रेष्ठको कवित्वयात्रा परिष्कृत र विकसित हुँदै अगाडि बढेको पाइन्छ । लेखनयात्राको पहिलो चरण सिकारुको अवस्था, दोस्रो चरण राजनैतिक भावनाले पूर्णरूपमा प्रभावित बनाएको अवस्था र तेस्रो चरण कवित्व भावनालाई अङ्गीकार गर्दै क्रमश: प्रगतिपथमा अघि बढेको अवस्थाका रूपमा रहेको छ ।

# परिच्छेद : पाँच
# कवि ताराप्रसाद श्रेष्ठका कृतित्वको अध्ययन

## ५.१ 'श्री नेपाल तारा' कवितासङ्ग्रहको अध्ययन

कवि ताराप्रसाद श्रेष्ठ वि.सं. २०१६ सालदेखि कविता लेखनमा लागेका हुन् । *जुवातास* शीर्षकको कविता लेखेर उनी नेपाली कविताको फाँटमा उदाएको पाइन्छ । यिनको पहिलो प्रकाशित पुस्तकाकार कृति **श्री नेपाल तारा** कवितासङ्ग्रह (२०१८) हो ।

### ५.१.१ परिचय

लेखनको आरम्भदेखि नै कवि ताराप्रसाद श्रेष्ठ कवितातर्फ आकर्षित भएका हुन् । उनलाई कविका रूपमा चिनाउने प्रथम प्रकाशित कवितासङ्ग्रह **श्री नेपाल तारा** (२०१८) हो । यस सङ्ग्रहमा सङ्कलित कविताहरू सरल र सबै पाठकले बुझ्न सक्ने किसिमका छन् । विभिन्न कविका रचनाहरू अध्ययन गरेर प्रभावित भई कविता सिर्जनामा लागेको श्रेष्ठ बताउँछन् । यसै सन्दर्भमा विगत २०१६ सालदेखि नेपाल देशका कवि-महाकविहरूका कविता र कहानी हेर्दा आफूलाई पनि कविताहरू लेख्ने दिलचस्पी भयो भनी कवि श्रेष्ठले भनेका छन् ।[1] विभिन्न कविहरूका साहित्यिक कृतिहरूको अध्ययनबाट प्रभावित भएर कवि श्रेष्ठले **श्री नेपाल तारा** कवितासङ्ग्रहको रचना गरेका हुन् । वि.सं. २०१७ सालको परिवर्तनका सन्दर्भमा राजा महेन्द्रको महिमागान, गाउँ-सहरको चालचलन, सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएका कविताहरू यस सङ्ग्रहमा छन् । प्रस्तुत कवितासङ्ग्रहका बारेमा 'गाउँ-सहरको रीतिरिवाज, अड्डाअदालतको दुर्व्यवहार र ठाउँठाउँका कुव्यवहारले ढाकेको समाज हेर्दा हाम्रो समाजले भविष्यको ख्याल नराखी व्यक्तिगत स्वार्थी भएर हिँडेको समाजप्रति **श्री नेपाल तारा** नामक कवितासङ्ग्रह लेखी समाजमा पेस गर्दैछु' भनी कविले आफ्नो धारणा व्यक्त गरेका छन् ।[2]

---

१ ताराप्रसाद श्रेष्ठ, *मेरो भन्नु*, **श्री नेपाल तारा**, (नवलपरासी : कवि स्वयम्, २०१८), पृ. भूमिकालेख ।
२ ऐजन ।

## ५.१.२ संरचना

कवितामा भित्री र बाहिरी तहमा संरचना हुने गर्दछ । बाहिरी संरचना सतही हुने गर्दछ भने भित्री संरचना सूक्ष्म हुने गर्दछ । बाह्यसंरचनामा लय, गुण, पाउ, चरण, शब्द गुच्छाको संयोजन गरिन्छ भने भित्री संरचनामा सोझो कथन, आख्यानीकृत कथन र नाटकीकृत कथनका स्थूल र सूक्ष्म पद्धतिलाई हेरिन्छ ।[३] यसप्रकार कविता संरचक तत्त्वहरूबाट निर्मित एक विशिष्ट प्रकारको रचना हो ।

**श्री नेपाल तारा** कवितासङ्ग्रहमा सङ्कलित कविताहरू पनि विभिन्न लोकलयमा संरचित छन् । आवरणपृष्ठ नभेटिएको १६ पृष्ठ आकारको लघुपुस्तिकाको रूपमा यस सङ्ग्रहको स्वरूप निर्माण भएको छ । दुई हरफदेखि चार हरफसम्मको एक अनुच्छेद भएका यसमा सङ्कलित कविताहरू १४ हरफदेखि ३६ हरफसम्मका छन् । यी हरफहरूमा कतिपय पङ्क्तिहरू थेगोको रूपमा समेत रहेका छन् । सबभन्दा छोटो कविताले एक पृष्ठ र लामो कविताले दुई पृष्ठसम्म स्थान ओगटेको छ । त्यसैले यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूलाई आकारका दृष्टिले मझौला कविताको कोटिमा राख्न सकिन्छ । प्रत्येक कविताको सिरानमा कविताको शीर्षक र प्रत्येक पृष्ठको तल मध्यभागमा पृष्ठसङ्ख्या अङ्कित गरिएको छ । यस सङ्ग्रहमा सङ्कलित सम्पूर्ण कविताहरू सरल भाषामा लेखिएका छन् । अधिकांश कविताहरू गेयात्मक छन् । भावगत विविधताले युक्त यस सङ्ग्रहका कविताहरूमा ७ अक्षरदेखि २१ अक्षरसम्मका पङ्क्तिहरू रहेका छन् ।

## ५.१.३ भावविधान

कविताको मूलतत्त्व भाव हो । भावविना कविताको कल्पना गर्न सकिँदैन । कवितामा भावलाई मेरुदण्डका रूपमा लिइन्छ । कवितामा भावको उचित संयोजन हुन सक्नुपर्दछ अनिमात्र कविता उत्कृष्ट बन्दछ ।[४]

कविका अन्तर्हृदयमा उब्जने भावहरू नै कविताका रूपमा बाहिर प्रकट हुन्छन् । **श्री नेपाल तारा** सङ्ग्रहका कविताहरू पनि कवि श्रेष्ठका अनुभवमा समेटिएका र मनमा साँचिएका तत्कालीन युगबोध र सामाजिक परिवर्तनका लागि तरङ्गित अनुभूतिहरूका पोखाइ हुन् । वि.सं. २००७ सालपछिको प्रजातान्त्रिक शासनव्यवस्थामा प्राप्त भएको स्वतन्त्र अभिव्यक्ति, सामाजिक परिवर्तन र राष्ट्रप्रेमका भावनाहरूको अभिव्यञ्जना नै यस सङ्ग्रहका

---

३ ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, (काठमाडौँ : न्यू हीरा बुक्स इन्टरप्राइजेज्, २०५९), पृ. ३३४ ।

४ ऐजन ।

कविताहरूको भावभूमि रहेको छ । यस सङ्ग्रहका कविताहरूमा राष्ट्रप्रेम, सामाजिक विकास, शैक्षिक चेतना, प्राकृतिक सुन्दरताको वर्णन, राजतन्त्रप्रतिको अगाध आस्था, राष्ट्रिय एकताको आह्वान, सामाजिक चेतनाजस्ता विषयहरू झल्किएका छन् ।

### ५.१.३.१ देशभक्तिको भावना

ताराप्रसाद श्रेष्ठका कवितामा देशभक्तिको भावना प्रबल छ । यिनले आफ्ना कविताहरूमा देशका सम्पूर्ण नागरिकहरूलाई राष्ट्रप्रति संवेदनशील हुन आह्वान गरेका छन् । शरीरमा एकमुठी सास रहुञ्जेल हामी सबैले देशको माया गर्नुपर्दछ । देशको अखण्डता र राष्ट्रभक्तिको भावना उनका कवितामा व्यक्त भएको छ :

मेची काली कर्णाली, गण्डकी कोशी अँगाली,
सगरमाथा हिमाल, विश्व शिर नेपाल ।
चन्द्र सूर्य ध्वजालाई, अमर हामी राख्दछौँ,
नेपाल आमा हामीले यही बर माग्दछौँ ।

– *प्रार्थना,* पृ. १

हरेक व्यक्ति समाजमा रहन्छन् । हरेक महिला र पुरुषमा सामाजिक मूल्य र मान्यताअनुसार आ-आफ्ना हकअधिकारहरू प्राप्त हुन्छन् । हाम्रो समाज पुरुषप्रधान रहेको छ र आफ्नो परिवारका सदस्यहरूका आवश्यकता पूरा गराउनका लागि हाम्रो देशका पुरुषहरू विदेशमा गएर पसिना बगाउन बाध्य छन् । यसरी विदेसिएका नेपालीहरूलाई स्वदेशमै रहेर काम गर्न कविले आह्वान गरेका छन् । यस्तै आह्वान गरिएको कविताको नमुना यस्तो छ :

वीर धीर नेपालीले गौरव बढाउँछन्,
नेपालीको साहसमा विश्व डराउँछन् ।
पर्दैन नि अबदेखि विदेशमा जान,
इच्छा भए स्वदेशमा मिल्छ जागिर खान ।

– *पतिलाई चिठी,* पृ. १०

देशका सबै नागरिकहरूलाई आफ्नो देशको माया अगाध रूपमा रहेको हुन्छ । राष्ट्रियताको भावना प्रत्येक नेपालीको ढुकढुकीमा रहेको हुन्छ । देशलाई उन्नतिको शिखरमा पुऱ्याउने लक्ष्य सबैको हुने गर्दछ । राष्ट्रप्रेमको भावनामा ओतप्रोत हुँदै आफ्नै देशको साग र सिस्नुमा रमाउनुपर्दछ भन्ने आग्रह कविले गरेका छन् । पराधीनताको सुखसयलभन्दा आफ्नै स्वाधीनताको सागसिस्नुमा हामी नेपाली रमाउन सक्नुपर्छ भन्ने कविभाव यसप्रकार छ :

यही देशको हावापानी यही देशको माटो,
प्रगतिमा अघि बढौँ बनाएर बाटो ।
बसौँ बरु चिसोपानी सागसिस्नु खाई,
फुलाऊँफलाऊँ स्वदेशलाई नौलो मायालाई ।

— *पतिलाई चिठी,* पृ. ११

यसरी कवि श्रेष्ठको यस कवितामा देशभक्तिको भावना झल्किएको पाइन्छ ।

### ५.१.३.२ **प्राकृतिक सुन्दरताको वर्णन**

ताराप्रसाद श्रेष्ठले आफ्ना कवितामा प्राकृतिक सुन्दरतालाई पनि महत्त्व दिएका छन् । यहाँका हिमाल, डाँडाकाँडा, नदी र खोलानालाहरूले देशको सुन्दरता बढाएको कुरा उनले कवितामा व्यक्त गरेका छन् । कोइलीको मीठो स्वरले वातावरणलाई आनन्दमय र शान्त पार्ने कुरा कवितामा यसरी व्यक्त भएको छ :

दिव्यज्योति चम्कन्छ,
नेपाल तारा झल्कन्छ ।
उत्तरमा हिमाल,
हाँसेको छ नेपाल ।

— *श्री नेपाल तारा,* पृ. २

लेकबेसी कञ्जरामा कोइली गीत गाउँछ,
कोइली तिम्रो गीत सुन्दा शान्ति ओर्ली आउँछ ।
नेपालका डाँडाकाँडा खोलानाला अनि,
विकासमार्ग खुलिसक्यो गाउँघरमा पनि ।

— *दीपक,* पृ. ३

यसरी कविले देशको प्राकृतिक सुन्दरतालाई कलात्मक ढङ्गले कवितामा प्रस्तुत गरेका छन् ।

### ५.१.३.३ **शैक्षिक चेतना**

शिक्षा जीवनको ज्योति हो । शिक्षाविना देशको विकास असम्भव छ । त्यसैले शिक्षाको विकासका लागि देशका विभिन्न ठाउँहरूमा विद्यालय खोल्नुपर्दछ भन्ने भावना लेखकको रहेको

छ । विद्यालयको अभावमा आफूले पनि शिक्षा आर्जन गर्न नपाएको गुनासो गर्दै विद्यालयको स्थापना गरी **शिक्षाको ज्योति** छर्नुपर्दछ भन्ने भावना यसरी व्यक्त भएको पाइन्छ :

लेख्छु मैले कवितामा वेदनालाई खोली,
स्कुल खोलौं दाजुभाइ नेपालमा भोलि ।
जन्मस्थल छोडीकन कहाँ जाऊँ भागी,
अक्षर चिन्नु मकै कोदो एकै मेरो लागि ।

– *मेरो लागि*, पृ. ७

तत्कालीन समयमा शिक्षा प्राप्त गर्नका लागि देशका विभिन्न ठाउँहरूमा विद्यालयको अभाव रहेको हुनाले सबै मानिसहरू शिक्षित हुन सकेनन् । लेखक पनि विद्यालयको अभावमा विद्या आर्जनको सुनौलो मौकाबाट बञ्चित हुनुपरेको थियो । त्यही भावना पोख्दै कवि लेख्छन् :

स्कुल नभै नेपालमा पढ्न मैले पाइनँ
शिक्षा नभै प्रगतिमा अघि बढ्न पाइनँ ।
शिक्षा रूपी दीपक यो कता गयो हाई
जन्म दिए ईश्वरले अँध्यारामा आई ॥

– *मेरो लागि*, पृ. ७

नेपालमा तत्कालीन समयमा शिक्षाको विकास हुन सकेको थिएन । गाउँघर र कुनाकाप्चाका मानिसहरू शिक्षा प्राप्त गर्नबाट बञ्चित थिए । गाउँका शोषक-सामन्तहरूले शिक्षाको विकास भएमा जनताहरू टाठाबाठा हुने र आफूहरूले शोषण गर्न नपाइने ठानेर विद्यालय खोल्ने काममा उदासीन देखिन्थे । बोल्न नसक्ने लाटासोझा जनताहरूलाई टाठाबाठा भनाउँदाहरूले थिचोमिचो गरेको कुरालाई कविले कवितामा व्यक्त गरेका छन् । यस्तो भाव झल्किने कविता यसप्रकार छ :

गाउँघरको कुनाकानी अशिक्षित ठाउँ
शोषणवादी सामन्तीले मिचिएको गाउँ,
दिँदैनन् नि सामन्तीले गाउँमा स्कुल खोल्न
लाटासिधा जनता कठै सक्दैनन् नि बोल्न ।

– *सुधारौँ हाम्रो जीवन*, पृ. १६

यसरी प्रस्तुत कवितामा अशिक्षाको कारणले गर्दा देश विकास हुन नसकेको चर्चा गर्दै शैक्षिक उन्नतिमा जोड दिइएको छ ।

### ५.१.३.४ शृङ्गारिकता

यस सङ्ग्रहमा सङ्कलित यिनका केही कविताहरूमा प्रणयभाव र शृङ्गारले पनि स्थान पाएका छन् । शृङ्गारिकता भए पनि अश्लील शब्दको प्रयोग भएको छैन । शिष्ट भाषामा लेखिएका यिनका कवितामा मानवीय भावनाको स्वाभाविक प्रस्तुति छ । कहीँ पतिसँगको मिलन त कहीँ बिछोड हुने कुरा कवितामा अभिव्यक्त छ । पतिपत्नी संयोगमा भन्दा वियोगमा धेरै विरक्त हुन्छन् । वनमा कोइलीले सुनाउने आवाजलाई कविले बिछोड र विरहको गीतका रूपमा प्रस्तुत गरेका छन् । आफूसँग बिछोडिएका पतिको सम्झना गर्दै पत्नीको विरह कवितामा प्रस्तुत भएको छ । यस सङ्ग्रहमा सङ्कलित कवितामा शृङ्गारिक भाव यसरी प्रस्तुत भएको छ :

प्रेम सन्देश सुनाउँछ कोइलीले वनमा,
गीत गाउँछ विरहको शान्ति छैन मनमा
झलमल उदाएको पञ्चतारा माथि,
कहाँ गई बस्नु भयो जीवनको साथी ।

– *पतिलाई चिठी,* पृ. १०

यसरी प्रस्तुत कवितामा विदेशमा रहेका पतिको सम्झना गर्दै शृङ्गारिक भाव प्रस्तुत गरिएको छ ।

### ५.१.३.५ ईश्वरप्रतिको भक्तिभाव

केही कवितामा परम्परागत मूल्य-मान्यता तथा संस्कृतिको संरक्षण गर्नुपर्ने र ईश्वरप्रतिको भक्तिभाव झल्केको छ । आफ्नो धर्मसंस्कृतिअनुसार चलिआएका विभिन्न चाडपर्व एवम् रीतिरिवाजहरूलाई आत्मसात् गर्नुपर्ने कुरा कवितामा उल्लेख छ । देवीदेवताहरूलाई पूजा गर्न फलफूल र नैवेद्यको प्रयोग गर्नु राम्रो हुन्छ, तर आफ्नो पेट भर्नका लागि अर्काको प्राण लिएर बलि दिनु राम्रो होइन भन्ने भाव यी कवितामा झल्किएको पाइन्छ :

गरौँ पूजा नेपाली दाजुभाइ,
फूलपाती नैवेद्य चढाई ।

– *पूजा,* पृ. १४

देवतालाई पूजा गर्ने फूलपाती छानि,
चढाउँ त्यो मन्दिरमा फलफूल अनि ।
अर्काको नै प्राण लिई देवता पूजा गर्ने,
देवताको नाम लिएर हामी पेट भर्ने ।

– *पूजा,* पृ. १४

यसरी प्रस्तुत कवितामा ईश्वरप्रतिको भक्तिभाव प्रस्तुत भएको छ ।

### ५.१.३.६ पशुपन्छी स्वतन्त्रताको आग्रह

मानिस आफू स्वतन्त्र र स्वच्छन्द भएर बाँच्न चाहन्छ । मानिसजस्तै प्रकृतिमा रहेका अन्य पशुपन्छीहरू पनि आफ्नै संसारमा स्वच्छन्द रूपमा रमाएर बाँच्न चाहेका हुन्छन् । मानिसले आफ्नो स्वार्थका लागि विभिन्न चराचुरुङ्गीहरूलाई पिँजडामा थुनेर राख्ने गर्दछ । त्यस्ता थुनिएर रहेका पन्छीहरूको आफ्नै किसिमको वेदना र बिलौना हुनेगर्दछ । त्यसरी थुनिएर रहन बाध्य पन्छीको बिलौनालाई कविले कवितामा उतारेका छन् । पन्छीले मनमा कल्पना गरेको भाव कविका शब्दमा यसरी उल्लेख भएको छ :

छोडिदेऊन आज मलाई जान्छु म त वनमा,
साथीसँग भेट गर्ने इच्छा थियो मनमा ।
खाने थिएँ फलफूल जङ्गलमा गई,
उड्ने थिएँ गगनमा इच्छा पूर्ति भई ।

– *कल्पना,* पृ. १५

यसरी प्रस्तुत कवितामा पन्छीले स्वतन्त्र हुनका लागि कल्पना गरेका विचारहरू प्रस्तुत गर्दै पशुपन्छी स्वतन्त्रताको आग्रह गरिएको छ ।

### ५.१.३.७ रूढीवादी संस्कारको विरोध

हाम्रो समाज परम्परागत रूढीवादी संस्कारमा विश्वास गर्ने खालको छ । समाजमा रहेका मानिसहरू लामाझाँक्री र भूतप्रेतमा बढी विश्वास गर्दछन् । मानिसले भगवान्‌लाई खुसी पार्नका लागि भोग दिने चलन पनि हाम्रो समाजमा रहिआएको छ । यसरी लामाझाँक्रीमा विश्वास गर्ने समाजको चित्रण गर्दै ईश्वरलाई खुसी पार्न पशुपन्छीलाई भोग दिने प्रथालाई रोक्नुपर्छ भन्ने अभिप्राय कवि यसरी प्रकट गर्छन् :

भूत लाग्यो प्रेत लाग्यो त्यो लामाले भन्छ,
रातो भाले पूजा गर सञ्चो हुन्छ भन्छ ।
परमेश्वर छाडिदेऊ भन्छ लामाले नै,
बास्ने भाले पूजा गर भन्छ उसैले नै ।

– *पूजा,* पृ. १४

भोग अब बन्द गरी फूलले पूजा गरौँ,

परमेश्वर एउटै छन् नि विश्वास हामी परौँ ।

देवतालाई खुन चढाई हामी मासु खाने

अर्काको नै प्राण लिई किन नरक जाने ।

– ऐजन

यसरी प्रस्तुत कवितामा हाम्रो समाजमा रहेका रूढीवादी परम्पराको विरोध गर्दै ईश्वरको नाममा पशुपन्छी भोग दिने प्रथा बन्द गर्न आग्रह गरिएको छ ।

### ५.१.३.८ सामाजिक चेतना

आजको समाज विकृति र विसङ्गतिले ढाकिएको छ । धुम्रपान र मद्यपानले हाम्रो समाजलाई विसङ्गत बनाएको छ । अशिक्षा र अज्ञानताका कारणले गर्दा धुम्रपान र मद्यपान गर्ने व्यक्तिहरू हाम्रो समाजमा प्रशस्तै भेटिन्छन् । धुम्रपानले धनपैसा खर्च हुने र स्वास्थ्यमा समेत प्रतिकूल असर देखिने हुनाले धुम्रपान त्याग गर्न कविले कवितामा आग्रह गरेका छन् । धन र जीवन दुवैको नाश गर्ने धुम्रपान हटाउने आग्रह कविले यसरी गरेका छन् :

चुरोट-रक्सी नखाऊँ दाजुभाइ,

त्यागिदेऊ न सबैले त्यसलाई ।

बेकामको त्यो अम्मल छोडौँ दाजुभाइ,

धनको नाश जिउको नाश गर्छ सबैलाई ।

– *के हुन्छ,* पृ. १३

यसरी प्रस्तुत कवितामा चुरोट-रक्सी खाएर धनको नाश गर्नु हुँदैन भन्ने सामाजिक सन्देश दिइएको छ ।

### ५.१.३.९ धर्म, संस्कृति र परम्पराको वर्णन

हाम्रो देश नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो । यहाँ विभिन्न धर्म, संस्कृति र परम्परामा विश्वास गर्ने मानिसहरू रहेका छन् । त्यसैले हाम्रो देश नेपाललाई धार्मिक र सांस्कृतिक विविधताले भरिपूर्ण देशका रूपमा चिन्ने गरिन्छ । शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल रहेको हाम्रो देश पवित्र छ । नेपालीहरू सत्य र धर्ममा विश्वास गर्दछन् । सत्य र धर्ममा अडिएको नेपाली परम्पराको चर्चा कविले यसरी गरेका छन् :

सत्य र धर्म रहेको हाम्रो नेपालभूमिमा,

गौतम बुद्ध जन्मेको यही पवित्र भूमिमा ।

जन्मेको ठाउँ गौतम बुद्ध लुम्बिनी नेपाल

दयाको घर शान्तिको घर बुद्धमा विशाल ।

– *लुम्बिनी गौरव*, पृ. ६

यसरी प्रस्तुत कवितामा नेपाली धर्म, संस्कृति र परम्पराको वर्णन गरिएको छ ।

## ५.१.४ भाषाशैली

भाषा र शैली दुई शब्दको यौगिक विधानबाट भाषाशैली बनेको छ ।[५] कवितामा भाव र भावबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नका लागि भाषाको प्रयोग गरिन्छ । यस्तो भाषाका वर्ण, पद र शब्दले रागात्मकता, लयात्मकता, लालित्य र माधुर्य संयोजन गर्नसक्नु नै शैली हो । यो शैली सूक्ष्म, सङ्क्षिप्त र कलात्मक हुन सक्नुपर्दछ ।

यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा पनि सरल भाषाको प्रयोग छ । भाषिक सरलताले गर्दा अर्थबोधका निम्ति दिमागी कसरत आवश्यक पर्दैन र सामान्य पाठकहरूले पनि यिनका कविताहरू बुझ्न सक्छन् । सरल कविताको एक नमुना यसप्रकार छ :

पूर्व मेची पश्चिममा महाकालीसम्म,

एकताको सूत्रमा नै बाँधिएर टम्म ।

शिक्षा बढाऊँ देशभर उन्नतिमा लागौँ,

काम र माम यहीँ मिल्छ विदेश नभागौँ ।

– *हाम्रो एकता*, पृ. १२

सरर, धरर, झलमल, अल्मल, फुरुक्कजस्ता अनुकरणात्मक शब्दको समुचित प्रयोगबाट कवितामा लयात्मक मिठास भरिएको छ । अनुकरणात्मक शब्द प्रयोग भएको कविताको नमुना यसप्रकार छ :

आकाशमा जूनतारा झलमल,

शिक्षा नभै म परेँ अल्मल ।

---

५ वामदेव अधिकारी, **श्यामप्रसाद न्यौपानेको जीवन, व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, २०६४), पृ. ७२ ।

आउँछ हावा कालीको सरर

शिक्षा नभै म रुन्छु धरर ।

– *मेरो लागि,* पृ. ७

यस सङ्ग्रहमा सङ्गृहीत कवितामा तत्सम, तद्भव र झर्रा नेपाली शब्दका साथै केही आगन्तुक अङ्ग्रेजी र हिन्दी भाषाका शब्द र पदावली मिसिएका वाक्यहरूको समेत प्रयोग पनि यस कवितामा पाइन्छ :

राज्यभर खुलिसक्यो स्कुल जहाँतहीँ,

एसियामा अन्धकार एउटा कुना यहीँ ।

कहाँ थियो प्राइमरी मिडिलमा रह्यो,

हुलाक अनि दबाखाना बल्लबल्ल भयो ।

– *ऐजन*

यस सङ्ग्रहमा सङ्गृहीत कविताहरू विभिन्न लोकलयमा लयबद्ध गरिएका छन् । अन्त्यानुप्रास मिलाइएका यी कविताहरू सरल शैलीमा प्रस्तुत भएका छन् । लयात्मकतालाई पनि सहज रूपमा यसरी निर्वाह गर्ने प्रयास भएको पाइन्छ :

आकाश ढाक्यो नौलाख ताराले,

नयन ढाक्यो आँसुका धाराले ।

शिक्षा सम्झी खै मलाई के भयो

मेरो जीवन रोएर बिलायो ।

– *मेरो लागि,* पृ. ७

यसरी प्रस्तुत कवितामा सरल किसिमको भाषाशैलीको प्रयोग गरिएको छ । विभिन्न भाषाका शब्दहरूको प्रयोगसमेत कवितामा भएको छ ।

## ५.१.५ बिम्ब तथा अलङ्कार

कवितामा बिम्ब तथा अलङ्कारले कथावस्तुलाई रोचक र स्पष्ट तुल्याउँछ । कृतिको कथनसँग आउने भाव गम्भीर बनाउन अलङ्कारको महत्त्वपूर्ण भूमिका रहन्छ । साहित्यमा सार्थकता, आकर्षकता र प्रभावकारिताको सिर्जनाको लागि सौन्दर्यको अर्थमा अलङ्कारको विशिष्ट भूमिका छ ।[६]

---

६ हिमांशु थापा, **साहित्य परिचय**, तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४७), पृ. २५२ ।

ताराप्रसाद श्रेष्ठको प्रस्तुत कवितासङ्ग्रहभित्रका कवितामा पनि बिम्ब तथा अलङ्कारको प्रयोग पाइन्छ । सर्वसाधारण व्यक्तिहरूले बुझ्ने सरल शब्दको संयोजनबाट कविताको स्वरूप निर्माण भए पनि त्यसलाई उच्चतम बिन्दुमा लैजानका लागि बिम्ब तथा अलङ्कारको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । निम्न लिखित पङ्क्तिलाई अलङ्कारको उदाहरणको रूपमा लिन सकिन्छ :

लेक बेसी कन्दरामा कोइली गीत गाउँछ,
कोइली तिम्रो गीत सुन्दा शान्ति उर्लि आउँछ ।

अशान्तिको बादल फाट्यो शान्तिले नै छायो,
आज हाम्रो नेपालमा रामराज्य आयो ।

– *दीपक*, पृ. ३

माथिको कवितामा शब्दालङ्कारअन्तर्गत अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ । अलङ्कारका दृष्टिले हेर्दा यस सङ्ग्रहभित्र अर्थालङ्कार पनि पाउन सकिन्छ । अर्थालङ्कार पनि कवितालाई सजाउने तत्त्व हो । यसले पाठकमा पढ्ने रुचि सिर्जना गराउँछ । पाठकको मन लोभ्याउन सक्ने गुण अलङ्कारमा रहेको हुन्छ । कृतिमा कविले केही मात्रामा भए पनि अर्थालङ्कारको प्रयोग गरेका छन् । उपमा अलङ्कारको प्रयोग गरिएको कविताको नमुना यसप्रकार रहेको छ :

श्री ५ को उज्यालो नेपाल
स्वर्गसरी चम्कन्छ हिमाल ।

– *दीपक*, पृ. ३

प्रस्तुत कवितापङ्क्तिको अन्तमा आएका गाउँछ, आउँछ जस्ता शब्दले अन्त्यानुप्रास अलङ्कारको सिर्जना गरेका छन् भने हिमाललाई स्वर्गसँग तुलना गरिएकाले उपमा अलङ्कारको सिर्जना भएको छ ।

## ५.१.६ लयविधान

सङ्गीतमा ताल भएजस्तै कविताको भित्री सङ्गीत लय हो । कवितामा लयका माध्यमबाट भावहरूको संयोजन गर्ने गरिन्छ । मानवीय जीवनको गतिको लयलाई समातेर कविताले आफ्नै लयलाई मधुर बनाएर प्रस्तुत गर्ने गर्दछ । वार्णिक, मात्रिक, आवृत्ति नियमले यति मिलाएर कवितालाई बढी लयपूर्ण बनाइन्छ ।

यस सङ्ग्रहका कविताहरू पनि नेपाली धरातलमा सिर्जना भएका, नेपाली जनजीवनमा भिजेका र नेपाली लोकमानसमा प्रचलित भएका आफ्नै लय र तालमा आधारित छन् । यसमा सङ्कलित कविताहरू झ्याउरे लोकलयमा यसरी लेखिएका छन् :

रातको साथी दीपक मेरो दिनको जङ्गल
शरण पर्छु हे पशुपति गरिद्यौ मङ्गल ।

– *मेरो वेदना,* पृ. ९

प्रस्तुत कवितामा झैँ यस सङ्ग्रहका सबै कवितामा १६ अक्षरको एक पङ्क्ति रहेको लोकलयात्मक झ्याउरे छन्दको संरचना भएको छ ।

## ५.१.७ शीर्षकविधान

यस कवितासङ्ग्रहको शीर्षक **श्री नेपाल तारा** राखिएको छ । हाम्रो देश नेपाललाई आकाशमा चम्कने ताराको रूपमा कवितामा वर्णन गरिएको छ । यसमा सङ्कलित धेरै कविताहरू राष्ट्रियताको भावनाबाट ओतप्रोत देखिन्छन् । आकाशमा चम्कने ताराले रातको अन्धकारलाई उज्यालो छरेजस्तै हाम्रो देश पनि आकाशको ताराजस्तै चम्किएर संसारलाई उज्यालो छर्नेछ भन्ने भावना कवितामा अभिव्यक्त भएकाले कवितासङ्ग्रहको शीर्षक **श्री नेपाल तारा** उपयुक्त देखिएको छ ।

## ५.१.८ निष्कर्ष

**श्री नेपाल तारा** ताराप्रसाद श्रेष्ठको साहित्ययात्राको प्रथम चरणमा रचिएका कविताहरूको सङ्कलन हो । यसमा सङ्कलित रचनाहरू अभ्यासकालीन र सिकारु अवस्थाका भएका हुँदा साहित्यिक मूल्य र कलात्मकताको शिखरमा पुग्न सकेका छैनन् । मानिस स्वभावैले यथास्थितिबाट परिवर्तन चाहन्छ । यो सङ्ग्रह यसै परिवर्तनगामी सोचाइका कविताहरूको सङ्कलन भएकाले सर्वसंवेद्य र सार्वभौम हुनसकेको छैन । यसमा सङ्कलित कविताहरूमा अशिक्षा र अज्ञानताबाट मुक्त भई देशविकासको क्रममा अघि बढ्न सबैसँग आग्रह गरिएको छ । चुस्त र दुरुस्त सुशासन राज्यव्यवस्थाप्रति अग्रसर हुन सबैलाई सङ्केत गरिएको छ । देशभक्ति र संस्कृतिको जगेर्ना गर्न सबै एकजुट हौँ भन्ने सन्देश कविताले दिएका छन् । कृति सानो र सरल भाषामा लेखिएको हुँदा सामान्य लेखपढ गरेका व्यक्तिका निम्तिसमेत पठनीय भएका छन् । सङ्ग्रहभित्रका कविताहरू स्रष्टाको कवित्वको विकासको सूचकका रूपमा रहेका छन् । समग्रमा यस सङ्ग्रहका कवितामा देशभक्ति, राष्ट्रियता, सांस्कृतिक प्रेम, सामाजिकता, प्रजातन्त्रप्रतिको निष्ठा, भाषिक सरलताजस्ता महत्त्वपूर्ण पक्षहरू रहेका छन् ।

## ५.२ 'तीजको गीत' गीतिसङ्ग्रहको अध्ययन

गीतकारको अन्तर्हृदयमा तरङ्गित विभिन्न भावनाहरू नै गीतका रूपमा बाहिर अभिव्यक्त भएका हुन्छन् । **तीजको गीत**मा गीतकार ताराप्रसाद श्रेष्ठका अनुभूतिजन्य सुन्दरतम संवेद्य अनुभूतिहरू पोखिएका छन् ।

### ५.२.१ परिचय

गीत मनको सुन्दरतम र सङ्गीतमय पोखाइ हो ।[७] **तीजको गीत** (२०४८) जीवनजगत्का यस्तै विभिन्न सुन्दरतम भावनाहरू प्रकट भएका सरल, मार्मिक र हृदयस्पर्शी गीतहरूको सङ्ग्रह हो । कवि ताराप्रसाद श्रेष्ठको कवितायात्राको दोस्रो चरणलाई यस सङ्ग्रहमा सङ्गृहीत गीतहरूले प्रतिनिधित्व गरेका छन् । नेपाली महिलाको महान् चाड तीजमा गाइने गीतको लयमा यी गीतहरू रचिएका छन् । कविलाई गीतकारका रूपमा परिचय गराउने गीतहरूको सङ्कलनका रूपमा यो गीतसङ्ग्रह देखापरेको छ । अन्याय, दमन, उत्पीडनका विरुद्ध जनतामा जागरण ल्याउने, क्रान्ति, सङ्घर्ष अनि शान्ति आदि भाव व्यक्त भएका विभिन्न शीर्षकका दसओटा गीतहरू यस सङ्ग्रहमा सङ्कलित छन् । यस सङ्ग्रहका गीतिरचनाहरू राजनीतिको खुला अभिव्यक्ति भएकोले साहित्यिक मूल्य र कलात्मकताले उचाइ प्राप्त गर्न सकेका छैनन् । यी गीतहरूमा मुख्यतया परिवर्तनगामी क्रान्ति र सङ्घर्षका भाव व्यक्त भएका छन् । मानिस स्वभावैले यथास्थितिबाट परिवर्तन चाहन्छ । यो सङ्ग्रह यसै परिवर्तनगामी सोचाइका गीत-कविताहरूको सङ्कलन भएकाले राजनीतिक सञ्चेतनाले बढी प्रखरता पाएको छ । यस सङ्ग्रहमा सङ्कलित गीतहरू सर्वसंवेद्य र सार्वभौम हुन सकेका छैनन् ।

### ५.२.२ संरचना

कवितामा जस्तै गीतमा पनि भित्री र बाहिरी संरचना हुने गर्दछ । गीतको बाहिरी संरचनामा लय र शब्द गुच्छाको संयोजन हुने गर्दछ भने भित्री संरचनामा कथनका सूक्ष्म पद्धतिको संयोजन रहेको हुन्छ ।

**तीजको गीत** (२०४८) मा सङ्गृहीत गीतहरू लोकलयमा संरचित छन् । बाहिरी आवरणपृष्ठ, विषयसूची, दुई शब्द र समर्पणबाहेक जम्मा १० पृष्ठमा यस कृतिको बाह्यकलेवर निर्मित छ । यस सङ्कलनका सम्पूर्ण गीतहरू एकएक पृष्ठमा एउटाएउटा गीतको क्रमले राखिएका छन् । संलग्न गीतहरू विभिन्न लोकलय र गीतिलयमा रचिएका छन् । कम्तीमा २ हरफदेखि बढीमा ४ हरफसम्मको एक श्लोक वा अनुच्छेदमा गुम्फित यी गीतहरूमा १६ पङ्क्तिसम्ममा एउटा गीत विस्तार भएको छ । प्राय: सबै गीतहरूमा

७ शोधनायकबाट प्राप्त जानकारी ।

अन्त्यानुप्रासको उचित परिपालन भएको छ । यस सङ्ग्रहमा सङ्गृहीत प्रत्येक गीतको सिरानमा शीर्षक दिइएको छ । कम्तीमा १३ अक्षरदेखि बढीमा १७ अक्षरसम्मका पङ्क्ति भएका यी गीतहरू गेयात्मक छन् । विशेषत: राजनैतिक विषयवस्तुलाई लिएर रचना भएका यी गीतहरूलाई आकारका दृष्टिले लघुगीतको कोटिमा राख्न सकिन्छ ।

## ५.२.३ भावविधान

गीतको मूल तत्त्व भाव हो । भावविना गीतको कल्पना गर्न सकिँदैन । भावअन्तर्गत **तीजको गीत**मा सामाजिक शोषण, अन्याय, अत्याचार, भ्रष्टाचार, थिचोमिचो आदिको तस्बिर स्पष्ट आएको देखिन्छ ।[८]

**तीजको गीत** गीतकार ताराप्रसाद श्रेष्ठका अनुभूतिजन्य सुन्दरतम संवेद्य अनुभूतिहरूको पोखाइ हो । यस सङ्ग्रहका गीतहरूमा तत्कालीन युगबोध र शोषणविरुद्धको विद्रोह तथा सामाजिक परिवर्तनका अनुभूतिहरू अभिव्यक्त भएका छन् । यस सङ्ग्रहका गीतहरूमा २०४६ सालपछिको प्रजातान्त्रिक व्यवस्थामा देखिएका अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन र अमानवीय कार्यहरूको विरोध अभिव्यक्त छ । २०४६ सालको आन्दोलनपश्चात् पनि पञ्चायती व्यवस्थाको अवशेषका रूपमा रहेको सामन्ती प्रवृत्तिप्रति उर्लेका सामाजिक परिवर्तन, क्रान्ति र सङ्घर्षको आह्वानको अभिव्यञ्जना नै यस सङ्ग्रहका गीतहरूको केन्द्रीय भावभूमि हो ।

### ५.२.३.१ प्रगतिशील भावना

**तीजको गीत** सङ्ग्रहका गीतिकविताहरूमा प्रगतिशील भावना र विचारको प्रभाव छ । प्रगतिशील विचारबाट अभिप्रेरित श्रेष्ठले सम्पूर्ण नेपालीहरू एउटै मोर्चामा गोलबन्द भई सामन्त र शोषकहरूलाई परास्त गर्दै जनवादको जग बसाल्न अग्रसर रहनुपर्ने कुरा अभिव्यक्त गरेका छन् । विद्यार्थी, बुद्धिजीवी, मजदुर, किसान सबैलाई आफ्ना हकअधिकार लिनका लागि सङ्घर्षमा जुट्न यसरी आह्वान गरेका छन् :

विद्यार्थी र बुद्धिजीवी मजदुर किसान ।
हाम्रा ठूला बैरीलाई बनाऊँ निशान ॥
सङ्घर्षमा जुटेमात्र बल्ल मुक्ति पाइन्छ ।
मुक्ति पाउन हामीलाई बन्दुक चाहिन्छ ॥

– *भारतको कठपुतली*, पृ. ३

---

८ रामनाथ ओझा, **लोकसाहित्य, पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध**, (काठमाडौं : स्टुडेन्टस् बुक्स पब्लिसर्स, २०६०), पृ. २६ ।

कवि श्रेष्ठले समाजमा व्याप्त गरिबीको यथार्थ चित्रण गरेका छन् । गास, बास, कपासको समस्या विकराल रूपमा तेर्सिएको छ । जीवनको उन्नतिभन्दा पनि सास धान्न र आफ्नो घर भनी बस्न ठूलो समस्या परेको छ । धेरै जनता गरिबीको रेखामुनि रहेका छन् । पाखुरीको भरमा खुला आकाशमुनि बिछ्यौना लगाएर गरिबले शान्तिको सास फेर्नुपरेको छ । एकातर्फ गरिबलाई प्राकृतिक विपत्तिले सताएको हुन्छ भने अर्कोतर्फ विकासका पूर्वाधार नहुँदा नेपाली जनताको जीवनस्तर झन् खस्कँदै गएको छ । गरिब किसानको समस्या यसरी प्रस्तुत गरिएको छ :

कैयौँ जिल्ला खडेरीले सुख्खाग्रस्त हुँदैछन् ।
अन्न छैन घरभित्र किसान रुँदैछन् ॥
बाँध पैनी नहर कुलो छिट्टै पूरा गरिदेऊ ।
भोकानाङ्गा जनतालाई खर्च भरिदेऊ ॥

– *आफै बोक्सी आफै धामी*, पृ. ७

यसरी प्रस्तुत गीतमा गरिब जनताका दु:ख-व्यथाहरू प्रस्तुत गर्दै जनतालाई सङ्घर्षमा जुट्ने आह्वान गरिएकाले प्रगतिशील भावना झल्किएको छ ।

### ५.२.३.२ **राष्ट्रप्रेमको भावना**

गीतिकवि ताराप्रसाद श्रेष्ठमा राष्ट्रप्रेमको भावना घनीभूत भएर रहेको छ । उनका गीतमा नेपालप्रतिको माया, ममता र स्नेहको भाव छताछुल्ल पोखिएको छ । नेपालको दक्षिणमा रहेको विशाल देश भारतसँगको सम्बन्धलाई गीतकारले राष्ट्रियताको भावनासँग गाँसेर वर्णन गरेका छन् । भारतसँगको सन्धि-सम्झौतामा नेपालका नदीनालाहरूबाट नेपालले फाइदा लिन नसकेको सन्दर्भमा नेपालका नदीहरूलाई दुवै देशका साझा हुन् भन्न पाइँदैन भन्ने कुरा यसरी व्यक्त गरिएको छ :

पानीजति भारतलाई देश बनाई बगर ।
जनतालाई अहित हुने सन्धि नगर ॥
भोकानाङ्गा जनतालाई हेलिकप्टर चाहिँदैन ।
नदीनाला साझा हुन् भन्न पाइँदैन ॥

– *भारतको कठपुतली*, पृ. ३

माथिको कवितामा नेपालका प्राकृतिक स्रोतमा नेपालकै स्वामित्व रहनुपर्दछ भन्ने भाव झल्किएकोले राष्ट्रप्रेमको भावना प्रस्तुत भएको छ ।

### ५.२.३.३ सामाजिक चेतना

सामाजिक चेतनाको बिगुल फुक्दै हामी नेपालीहरू हरेक झुपडीमा पुग्नुपरेको छ । जबसम्म जनतामा चेतनाको विकास हुँदैन तबसम्म समाजमा विकासका गतिविधि फस्टाउन सक्दैनन् । समाजमा व्याप्त कुसंस्कार, अन्धविश्वास, रूढीवादी भावनालाई फ्याँक्नका लागि हरेक नागरिकलाई सचेततातर्फ उन्मुख गराउनु परेको छ । यसरी परापूर्वकालदेखि मौलाउँदै आएको गलत विचार नै विकासको तगारो बनेको छ । समयअनुसार मानिसको इच्छा-आकाङ्क्षाको सम्मान गर्न र हकअधिकार स्थापित गर्न सामाजिक क्रान्ति आवश्यक हुन्छ भन्ने सामाजिक चेतना कवितामा व्यक्त भएको छ । शोषित-पीडित जनता मुक्तिका लागि कम्मर कसेर सङ्गठित भई अघि बढेको प्रसङ्ग यसरी उल्लेख गरेका छन् :

संसारको इतिहास जनताले पढ्दैछन्,<br>
मुक्ति हुने बाटो खोजी अघि बढ्दैछन् ।<br>
अन्यायले थिचिएर कति दिन बस्ने हो,<br>
मुक्ति पाउन अब त कम्मर कस्ने हो ।

– *बन्दुक चाहिन्छ,* पृ. ४

प्रस्तुत गीतमा जनतालाई चेतनशील बनाएर मुक्तिका लागि अघि बढ्न आह्वान गरिएकाले सामाजिक चेतना प्रस्तुत भएको छ ।

### ५.२.३.४ सामाजिक न्यायको आग्रह

वि.सं. २०४६ सालको जनआन्दोलनपश्चात् नेपाली जनताले धेरै कुरामा राहत पाइन्छ भन्ने आशा राखेका थिए । राजनीतिक दलहरूले पनि जनताको चाहना र आकाङ्क्षाअनुसार काम गर्न सकेनन् । यसले जनताको चाहना पूरा गर्न सकेन । प्रजातान्त्रिक व्यवस्थाको आगमनपश्चात् पनि गास, बास र कपासको बन्दोबस्त गर्न नसकेर गरिब जनताको अवस्था झन् दयनीय भएको यसरी उल्लेख गरेका छन् :

राहत पाउने जनताहरू आहतमा भुटिँदै ।<br>
न्याय आफ्नो गुमाएर मर्छन् लुटिँदै ॥<br>
गास, बास, कपासको छैन कुनै व्यवस्था ।<br>
जनताको हिजोभन्दा बिग्रियो अवस्था ॥

– *पञ्चायतको भूत,* पृ. ५

समाजमा रहने विभिन्न जातजाति, धनी-गरिब सबैको उचित सम्मान तथा राज्यबाट उपलब्ध अवसरमा समानुपातिक प्रतिनिधित्व भएमा कसैले कसैलाई ठूलो र सानो रूपबाट हेर्दैन । हाम्रो नेपाली समाजमा जग्गा नभएका सुकुम्बासीहरू पनि छन् । ती सुकुम्बासीहरूलाई उचित किसिमको व्यवस्थापन हुन सकेको छैन । बिचल्लीमा परेका सुकुम्बासीहरूको चर्चा यसरी गरेका छन् :

कैलालीमा सुकुम्बासी बिचल्लीमा परेको ।
गोली खाई चारजना त्यहीँ मरेको ॥
गर्भवती महिला पनि दुईजना मरेछन् ।
अत्याचार साह्रै ठूलो त्यहाँ गरेछन् ॥

– *सुकुम्बासीको बिचल्ली,* पृ. ६

प्रस्तुत गीतमा न्याय नपाएका जनताको पीडा उल्लेख भएकाले सामाजिक न्यायको आग्रह प्रस्तुत भएको छ ।

### ५.२.३.५ श्रमप्रति सम्मान

जीविकोपार्जनका लागि धुर्त्याइँ गर्नु हुँदैन । दसनङ्ग्रा खियाएर मिहिनेत गर्ने हो भने कसैको भरोसामा रहन पर्दैन । स्वावलम्बी भावनाको विकास भएमा क्षमताको विकास हुन्छ । हरेक नागरिकको हृदयमा कसैको सम्पत्तिप्रति लोभ-लालच नगरी आफ्ना खुट्टामा उभिने बानीको विकास भएमा मात्र नेपालीको स्वाभिमानलाई उठाउन सकिन्छ । पसिना बगाएर श्रम गरियो भने देशमा सुन फलाउन सकिन्छ भन्ने अभिप्राय यसरी व्यक्त गरेका छन् :

हामी किसान उठ्यौँ भने देशमा आगो बल्दछ,
पसिना र रगतले ढुङ्गा गल्दछ ।
हाम्रै श्रम जाँगरमा देशमा सुन फल्दछ,
देशभित्र झलमल बत्ती बल्दछ ।

– *किसानसमस्या,* पृ. ८

प्रस्तुत गीतमा हाम्रो पसिना र श्रमले देशको विकास गर्न सकिन्छ भन्ने भाव प्रस्तुत गर्दै श्रमप्रति सम्मानको भावना व्यक्त भएको छ ।

### ५.२.३.६ एकताको आग्रह

हामी नेपालीहरू एकताबद्ध भएमा जुनसुकै समस्यालाई पनि हल गर्न सकिन्छ । कसैको अधिकारलाई खोसेर व्यक्तिगत स्वार्थमा लिप्त भएमा त्यस्ता व्यक्तिबाट देशप्रतिको माया जोगिन सक्दैन । नि:स्वार्थ मनले देशको सेवा गरेमा वास्तविक देशभक्ति हुनेछ । स्वार्थी परम्परालाई पर फालेर शासनसत्ता चलाउनुपर्छ । अन्याय-अत्याचारका विरुद्ध सम्पूर्ण जनता एकजुट भई लाग्नुपर्छ । गरिबको झोपडीलाई उज्यालो बनाउनका लागि अन्याय र अत्याचारलाई हटाउनुपर्दछ भन्ने भाव यसरी व्यक्त गरेका छन् :

होस्टेमाथि हैँसे गरी हामी पाइला सार्नेछौँ ।
जनताका शत्रुलाई खोजी मार्नेछौँ ॥
अन्याय र अत्याचार अनि बल्ल भाग्नेछ ।
गरिबको झोपडीमा घाम लाग्नेछ ॥

– *गरिबको झोपडीमा घाम लाग्नेछ,* पृ. १०

प्रस्तुत गीतमा सम्पूर्ण नेपालीलाई एकताको भावनामा गोलबन्द भई शत्रुमाथि विजय प्राप्त गर्न सकिने भावना प्रस्तुत भएको छ ।

### ५.२.३.७ कर्मचारीवर्गप्रति सहानुभूति

देश विकासमा कर्मचारीहरूको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । राष्ट्रसेवक कर्मचारीहरूबाट देशले सक्दो फाइदा लिन सक्नुपर्दछ । कर्मचारीका मागहरूलाई समयमै सम्बोधन गर्न सक्नुपदर्छ भन्ने माग गीतमा व्यक्त भएको छ । कर्मचारी सङ्घर्षका समर्थन कविले यसरी गरेका छन् :

कर्मचारी सङ्घर्षको समर्थन गर्दछौँ ।
माग पूरा गराउन हामी मर्दछौँ ॥
कर्मचारी नभए त शासनसत्ता चल्दैन ।
विद्युत हड्ताल गरे भने बत्ती बल्दैन ॥

– *कर्मचारी सङ्घर्ष,* पृ. ९

माथिको गीतमा कर्मचारी सङ्घर्षको समर्थन गर्दै कर्मचारीवर्गप्रति सहानुभूति प्रकट गरिएको छ ।

## ५.२.४ भाषाशैली

गीतको भाव र यसबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नका लागि भाषाको प्रयोग गरिन्छ । गीतको भाषा सरल, सबैले बुझ्न सक्ने हुनुपर्दछ ।[९]

यस सङ्ग्रहका गीतहरूमा पनि सरल पदावलीहरूको प्रयोग भएको छ । भावअनुसारका यस्ता पद-पदावलीहरूबाट उनका यस सङ्ग्रहका कविताहरू सुबोध्य र सम्प्रेषणीय बन्न पुगेका छन् । भाषिक सरलता हुँदाहुँदै पनि यस सङ्ग्रहमा सङ्कलित सबैजसो गीतहरूमा सामाजिक परिवर्तनको चाहना र रन्को छ । जनसाधारणको आकाङ्क्षालाई अभिव्यक्ति प्रदान गर्न कवि यी गीतहरूमा सफल भएका छन् । बहुदलीय समाजव्यवस्थाका कारण नागरिकहरू दलीय आस्थामा विभक्त हुनु स्वाभाविक छ । कविलाई लाग्छ, आफू जहाँ गए पनि आफूले आस्था राखेको दलको प्रगति भएको र आफूले आस्था नराख्ने दल कमजोर हुँदैगएको छ । त्यसको उल्लेख यसरी भएको छ :

जतातिर गए पनि एमाले नै भेटिन्छ,
अब छिट्टै काङ्ग्रेसको जिलो मेटिन्छ ।

– *साँचो कुरा लौन भनन,* पृ. १

डालीमाथि बसेर कालो कौवा भन्दछ ।
कम्युनिस्टको सरकार आए देश बन्दछ ॥

– *बन्दुक चाहिन्छ,* पृ. ४

कविले यी गीतहरूमा आफूले देखेभोगेका कुरालाई सरल शैलीमा प्रस्तुत गरेका छन् । सरल शैली भएका उनका यस सङ्कलनका गीतहरू सामान्य पाठकका निम्ति पनि सुबोध्य छन् ।

## ५.२.५ बिम्ब तथा अलङ्कार

यस गीतसङ्ग्रहमा सङ्कलित गीतहरूमा सामान्य रूपमा बिम्ब र अलङ्कारको प्रयोग गरिएको छ । बिम्ब अलङ्कारलाई योजनाबद्ध रूपमा प्रयोग नगरिए तापनि कहींकहीं यसको प्रयोग भएको छ । अलङ्कारका सन्दर्भमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोगले शब्दगाम्भीर्य र अर्थगाम्भीर्य प्रदान गर्दछन् भने बिम्बले छाया रूपसहितको सौन्दर्य सृष्टि गर्दछ । शब्दालङ्कारअन्तर्गत सम्पूर्ण गीतहरूमा अन्त्यानुप्रासको निर्वाह यसरी भएको छ :

---

९ शोधनायकबाट प्राप्त जानकारी ।

समस्या नै यही हो हाम्रो अरू केही जान्दैनौँ,
भुल्याउने कुरा गरे हाम्ले मान्दैनौँ ।
बाध्यता नै पऱ्यो भने हलो पनि बोक्नेछौँ,
यातायात सञ्चार माध्यम सबै रोक्नेछौँ ।

– *किसान समस्या,* पृ. ८

माथिको गीतमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ ।

## ५.२.६ लयविधान

गीतको मुख्य तत्त्व लय हो । भाषाशैली पङ्क्तिपुञ्जगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत आह्लाद नै लय हो ।[१०]

यसमा सङ्कलित गीतहरू तीजको गीतिलयमा लयबद्ध गरिएका छन् । लोकगीतको वर्गीकरणअनुसार चाडपर्वमा गाइने लोकगीतभित्र तीजको गीत पनि पर्दछ । तीजगीतको लयमा लेखिएका गीतहरू धार्मिक र सामाजिकभन्दा राजनीतिक भावनाबाट अभिप्रेरित छन् । एक नमुना यसरी उल्लेख गर्न सकिन्छ :

विद्यार्थी र बुद्धिजीवी मजदुर किसान,
हाम्रा ठूला बैरीलाई बनाउँ निशान ।
पानी जति भारतलाई देश बनाई बगर,
जनतालाई अहित हुने सन्धि नगर ।

– *भारतको कठपुतली,* पृ. ३

प्रस्तुत गीत तीजको गीतिलयमा लयबद्ध गरिएको छ ।

## ५.२.७ शीर्षकविधान

प्रस्तुत गीतिसङ्ग्रहको शीर्षक **तीजको गीत** राखिएको छ । नेपाली महिलाहरूको महान् चाड तीजमा महिलाले आफ्नो मनका वेदनाहरू गीतको माध्यमबाट पोख्ने गर्दछन् । यसै सन्दर्भमा जनताहरूलाई राजनैतिक रूपमा सचेत बनाउन राजनैतिक विषयवस्तु रहेका तीजगीतहरू गाउँघरमा घन्कने गर्दछन् । यस्ता गीतहरूमा राजनैतिक बेथितिप्रति तीव्र व्यङ्ग्य

१० वामदेव अधिकारी, वामदेव अधिकारी, **श्यामप्रसाद न्यौपानेको जीवन, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत् ।

गरिएको हुन्छ । यसमा सङ्कलित गीतहरूमा पनि राजनीतिक बेथितिप्रति व्यङ्ग्य गरिएको छ । महिलाहरूको महान् पर्व तीजको सन्दर्भमा गाउनका लागि निर्माण गरिएका गीतहरूको सँगालो भएको हुनाले यसको शीर्षक **तीजको गीत** सार्थक छ ।

### ५.२.८ निष्कर्ष

**तीजको गीत** ताराप्रसाद श्रेष्ठको काव्ययात्राको दोस्रो चरण (वि.सं. २०३९–२०५७) मा सिर्जना भएका गीतहरूको सङ्कलन हो । यसमा सङ्कलित गीतहरूमा गेयात्मकता र लयात्मकताको सहज निर्वाह भएको छ र भाका हालेर गाउन पनि सकिन्छ । यस सङ्ग्रहका गीतहरूमा भाषिक सरलता र सहज शैलीको प्रस्तुति पाइन्छ । भाषिक सरलता र सहज प्रस्तुति हुँदाहुँदै पनि दलगत भावनाबाट प्रेरित रहेका गीतहरू पनि यस सङ्ग्रहमा रहेकाले सम्पूर्ण पाठकहरूको मन जित्न सफल नहुने देखिन्छ । यस सङ्ग्रहका गीतहरूमा देशभक्ति, राष्ट्रियता, सामाजिकता, प्रजातन्त्रप्रतिको निष्ठा तथा प्रगतिवादी चिन्तनजस्ता पक्षहरूको अभिव्यक्ति छ ।

## ५.३ 'किसान चीत्कार' कवितासङ्ग्रहको अध्ययन

ताराप्रसाद श्रेष्ठको लेखनयात्राको दोस्रो चरणमा सिर्जित रचनाहरूको सङ्ग्रह हो **किसान चीत्कार** । वि.सं. २०४८ साल फाल्गुनमा किसान चीत्कार कवितासङ्ग्रह एकहजार प्रति प्रकाशन भएको थियो । कवि ताराप्रसाद श्रेष्ठद्वारा लेखिएका ८ ओटा कविताहरू यस सङ्ग्रहमा सङ्गृहीत छन् । २०४१ सालमै रचना गरिएका प्रत्येक कविताको भावभूमि किसानहरूका समस्याहरूसँग सम्बद्ध रहेको हुनाले यस सङ्ग्रहको नामकरण **किसान चीत्कार** भएको हो ।

### ५.३.१ परिचय

यस सङ्ग्रहमा जनताका पीर, मर्का, समस्या र वेदनाहरूलाई लोकलयमा अभिव्यक्ति प्रदान गरिएको छ । हाम्रा किसानहरूले एकातिर प्राकृतिक प्रकोपबाट बेलाबेलामा आहत हुनुपरेको छ भने अर्कातिर सामन्त, पूँजीपति तथा जमिन्दारहरूबाट प्रत्यक्ष वा परोक्ष रूपबाट गरिने शोषण, दमन र अत्याचारको घातक प्रहारलाई लाचार भएर सहनु पनि परेको छ । धर्तीका पुजारी किसानहरूले सुखको अनुभूतिमा सास फेर्न कहिल्यै पाएका छैनन् । उनीहरूको पसिनाको यथोचित मूल्याङ्कन भइरहेको छैन । यसर्थ यहाँका किसानहरूले मुक्तिको उपाय खोज्नु आवश्यक छ । यसै परिप्रेक्ष्यमा कविले यसभित्रका कविताहरूमा आफ्नो अभिव्यक्ति दिएको बुझिन्छ । साहित्यकार घनश्याम न्यौपानेका अनुसार यस सङ्ग्रहका कतिपय

कविताहरू कलात्मकताको सोपानमा चढ्न सकिरहेका छैनन्, तापनि सबैजसो कविताहरू सरल र सुबोध्य छन् भन्ने कुरालाई नकार्न मिल्दैन ।[११] बिहानीको झुल्केघामदेखि साँझसम्म पसिनाको धारा बगाउँदै अथक परिश्रम गर्ने किसानहरूले नै कहिले खडेरीको मार खप्नुपर्छ, त कहिले असिनाको मार खानुपर्छ । कहिले रोग लागेर खेती नै बिग्रन्छ । यस्तै प्राकृतिक प्रकोप सहेर उब्जाएको अन्नबाट वर्षभरि खान किसानलाई कठिन पर्छ । यही भावभूमिमा किसान चीत्कार कवितासङ्ग्रहको रचना भएको छ ।

## ५.३.२ संरचना

कविता संरचक तत्त्वहरूबाट निर्मित एक विशिष्ट प्रकारको रचना हो । यसमा भित्री र बाहिरी तहमा संरचना हुने गर्दछ । साहित्यिक कथन वा अभिव्यक्तिको सङ्क्षिप्त वा विस्तृत आयाम हुन्छ, जसलाई संरचना भनिन्छ ।[१२]

**किसान चीत्कार** कवितासङ्ग्रहमा विभिन्न लय र छन्दमा संरचित कविताहरू सङ्गृहीत छन् । आवरणपृष्ठ, मन्तव्य, भन्नैपर्ने कुरा, समर्पण र विषयसूचीबाहेक १४ पृष्ठको स्वरूपमा पूर्ण भएको यस सङ्ग्रहभित्र ८ ओटा गीतिलयात्मक कविताहरू सङ्कलित छन् । चार हरफसम्मको एक अनुच्छेद वा श्लोक भएको यस सङ्ग्रहका कविताहरू २८ हरफदेखि ७४ हरफसम्ममा एक कविताको आयाम विस्तार भएको पाइन्छ । सबभन्दा छोटो कविताले १ पृष्ठ र लामो कविताले ३ पृष्ठसम्म स्थान ओगटेको छ । यस सङ्ग्रहमा सङ्गृहीत प्रत्येक कविताको सिरानमा कविताको शीर्षक र प्रत्येक पृष्ठको पुछारमा पृष्ठसङ्ख्या दिइएको छ । यस सङ्ग्रहका कविताहरूमा गेयात्मकता छ । यसमा सङ्कलित प्राय: सबै कविताहरूमा अन्त्यानुप्रासको उचित परिपालन भएको छ । विशेषगरी किसानको समस्यालाई विषयवस्तु बनाएर रचना भएका यसमा सङ्कलित कविताहरूलाई आकारका दृष्टिले लघु र मध्यम खालका कविताको कोटिमा राख्न सकिन्छ ।

## ५.३.३ भावविधान

कविताको मूल तत्त्व भाव हो । भावविना कविताको रचना हुन सक्दैन । मानवीय जीवनजगत्का यावत् विषयवस्तुलाई मानवीय चेतनाभित्र अनुभव र अनुभूतिको लयात्मक, रागात्मक र कलात्मक निष्कर्षका रूपमा भावार्थ प्रदान गर्नु नै कविताको भावविधान हो ।

---

११ घनश्याम न्यौपाने 'परिश्रमी', *मन्तव्य,* **किसान चीत्कार**, ताराप्रसाद श्रेष्ठ, (नवलपरासी : कवि स्वयम्, २०४८), पृ. क ।

१२ वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता** भाग–१, छैटौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. १० ।

कवि ताराप्रसाद श्रेष्ठका मनमा तरङ्गित किसानसँग सम्बन्धित विभिन्न अनुभूतिहरू **किसान चीत्कार** कवितासङ्ग्रहमा पोखिएका छन् । किसानका पीर, मर्का, समस्या र वेदनाहरूमा आधारित कविताहरूको सङ्कलन भएकोले यसको नामकरण **किसान चीत्कार** रहेको हो । यो सङ्ग्रह गीतिलयका ८ ओटा रचनाहरूको सङ्कलनका रूपमा देखापर्छ । यस सङ्ग्रहमा सङ्कलित कविताहरू राष्ट्रप्रेम, प्रगतिवादी चिन्तन, मानवतावाद, विकृति र विसङ्गतिको विरोध, निम्नवर्गीय परिवारका समस्याको चित्रण र शोषकवर्गप्रति असन्तोषजस्ता भावभूमिमा आधारित छन् । यस कवितासङ्ग्रहको भावविधानलाई निम्नानुसार देखाइएको छ :

### ५.३.३.१ प्रगतिशील चिन्तन

जनता जहिले पनि अर्काको हैकममा होइन, स्वतन्त्र रूपमा बाँच्न चाहन्छन् । जनताले राज्यबाट धेरै कुराको अपेक्षा राखेका हुन्छन् । शासकवर्गको लापरवाही र शोषकहरूको थिचोमिचोले गर्दा जनता माथि उठ्न सकेका छैनन् । गरिब जनताको जीवनस्तर उकास्न राजनीतिक व्यक्तिहरूमा सकारात्मक सोचको विकास हुनुपर्दछ । गरिब जनतालाई अवसर दिनु त कता हो कता गाउँका ठूलाबडा भनाउँदाहरूले नै थिचोमिचो गर्ने र शोषण गर्ने प्रवृत्तिले गरिब जनताहरू झन् गरिब बन्दै जाने अवस्थाको सिर्जना भएको छ । देशको शासनव्यवस्था फटाहा र शोषककै निर्देशनमा चल्ने हुँदा गरिब किसानले न्याय पाउन सकेका छैनन् भन्ने भाव यसरी प्रस्तुत गरेका छन् :

जालझेल कृते सबै फटाहाले गर्छ
फटाहाकै माखेजालमा गरिब नै पर्छ ।
फाटाहाकै कुरा पनि प्रशासनले सुन्छ
निर्दोषीलाई पक्रिएर अनाहकमा थुन्छ ॥

– *सामन्ती माखेजालभित्र किसान,* पृ. ५

सामाजिक चेतनाको बिगुल फुक्न जरुरी छ । जबसम्म जनतामा चेतनाको विकास हुँदैन तबसम्म समाजमा विकासका गतिविधिहरू फस्टाउन सक्दैनन् । समाजमा व्याप्त गरिबी, कुसंस्कार, अन्धविश्वास, शोषणजस्ता भावनालाई फ्याँक्नका लागि हरेक नागरिकलाई सचेततातर्फ उन्मुख गराउँदै चेतनाको दीप बाल्नुपरेको छ । यसरी परापूर्वकालदेखि मौलाउँदै आएको गलत विचार नै विकासको तगारो बनेको छ । समयअनुसार मानिसको इच्छा-आकाङ्क्षाको सम्मान गर्न र हक-अधिकार स्थापित गर्न सामाजिक क्रान्ति र विद्रोह आवश्यक हुन्छ भन्ने प्रगतिवादी चिन्तनजन्य उद्गार यसरी पोखिएको छ :

जागृति र चेतनाको आवाज घन्काएर
गाउँबेसी वनपाखा स्वर रन्काएर ।
हाम्रो श्रम चुसी खाने शोषकलाई अब
पाता कसी पल्टाउन जुटौँ हामी सब ॥

– *वर्गसङ्घर्ष गर्नैपर्छ,* पृ. १३

प्रस्तुत कवितामा श्रमजीवी जनताहरू एकजुट भई शोषकको अन्त गर्नुपर्ने भावना व्यक्त भएकोले प्रगतिशील भाव झल्किएको छ ।

### ५.३.३.२ राजनैतिक शासनव्यवस्थाप्रतिको असहमति

पञ्चायती शासनव्यवस्थामा जनताका अधिकारहरू खोसिएका थिए । जनताहरू निरङ्कुश शासनको पञ्जाबाट उम्कन छट्पटाइरहेका थिए । शोषक सामन्तको थिचोमिचो र निरङ्कुशताको जर्जरताले आक्रान्त बनेका गरिब किसानहरू आफ्नो हक-अधिकारको प्राप्तिका लागि लड्न तत्पर थिए । गरिब किसानहरूले सामन्तको थिचोमिचोमा जीवन बिताउनु परेको बाध्यात्मक परिस्थितिको चित्रण यसरी गरिएको छ :

निरङ्कुश शासनको सधैँ जुवामुनि ।
थिचिएर मिचिएर बितेको छ जुनी ॥
जतातते गर्छन् हाम्रो अपमान हेला ।
बुझ साथी यो हो सबै सामन्तकै खेला ॥

– *हामी किसान यसरी ठगिएका छौँ,* पृ. १

अनिमात्र हामीलाई बस्न खान होला ।
देशभित्र समाजको फेरि नौलो चोला ॥
तानाशाही शासनसत्ता ढलीकन जाला ।
सामन्तका भरौटेले पल्टी माटो खाला ॥

– *वर्गसङ्घर्ष गर्नैपर्छ,* पृ. १३

राज्यका हिमायतीले जे गरे पनि छुट छ । कानुनका पालनकर्ता गरिब निमुखा जनतामात्र हुन्छन् । कुनै काम बिग्रिएमा त्यसको दोष साना वर्गमाथि थोपरिन्छ । भ्रष्ट व्यक्ति कानुनको पञ्जाबाट फुत्कन्छ । विधिको शासन छैन । जसको पहुँच र बोलवाला छ, त्यसले नै देशमा भाँडभैलो मच्चाएको छ । जनताका लागि शासन चलाउनेहरू निजी सम्पत्ति आर्जन

गर्नमा व्यस्त देखिन्छन् । आफ्ना कमी-कमजोरी लुकाएर अर्कामाथि दोष थुपारी उम्कने परिपाटीको विकास भएको सन्दर्भको उल्लेख यसरी गरेका छन् :

साँठगाँठ सामन्तका अड्डा अदालत ।

अनर्थमा सोझालाई लगाउँछन् खत ॥

आफू पाल्छ ठूला रूख वन सर्वनाश ।

किसानलाई रोकाउँछ काट्न दाउरा घाँस ॥

– *सामन्ती माखेजालभित्र किसान,* पृ. ५

प्रस्तुत कवितामा निरङ्कुश राजनैतिक शासन व्यवस्थाप्रति तीव्र विरोध गरिएको छ ।

### ५.३.३.३ सामाजिक विकृतिप्रति तीव्र असन्तोष

नेपालमा सामाजिक र राजनैतिक विकृति व्याप्त छ । मानिस अरूका कुरा सुन्न चाहँदैन । सत्ताको आडमा मनपरीतन्त्र चलेको छ । अभिमान र सामन्ती संस्कारलाई त्याग्नुपर्छ अनि मात्र राज्यमा सबै वर्ग-जातिको प्रतिनिधित्व भई चुस्त प्रशासनको अनुभूति हुनसक्छ । राज्यमा भ्रष्टाचारको जञ्जिर फैलिँदै गयो भने जनताको जीवन कष्टमय हुन जान्छ । शासकहरू भ्रष्ट हुँदै गएमा राज्यको उन्नति हुन सक्दैन । कालो बजार, मूल्यवृद्धि, घुस र भ्रष्टाचारको चर्चा कविले यसरी गरेका छन् :

कालो बजार मूल्यवृद्धि घुस भ्रष्टाचार ।

शोषण र दमनको घेराबाट पार ॥

शोषितवर्ग मुक्त हुने खोजी नयाँ बाटो ।

पसिना र रगतले भिजाउनु छ माटो ॥

– *सुकुम्बासीहरू बिचल्लीमा पर्दैछन्,* पृ. ९

जबरजस्ती घुस खाई बल्ल दिन्छ छुट ।

घुस्याहा र फटाहाले नै गरेका छन् लुट ॥

ऐन-कानुन जेलनेल सबै हाम्रो लागि ।

यस्तो बेला अधिकार किन दिन्थ्यो मागी ॥

– *सामन्ती माखेजालभित्र किसान,* पृ. ५

देशको सामाजिक विकृतिलाई यी कवितामार्फत् सुन्दर अभिव्यक्ति प्रदान गरिएको छ ।

### ५.३.३.४ समाज यथार्थको उद्घाटन

कविले यस सङ्ग्रहमा समाजमा व्याप्त गरिबीको यथार्थचित्रण गरेका छन् । किसानहरूका अगाडि गास, बास, कपासको समस्या विकराल रूपमा तेर्सिएको छ । जीवनको उन्नतिभन्दा पनि सास धान्न र आफ्ना परिवारका समस्याहरू हल गर्न ठूलो समस्या परेको छ । शोषक, सामन्त र फाटाहाहरूको जालझेलमा परेर धेरै जनता गरिबीको रेखामुनि बाँच्न बाध्य छन् । जति पाखुरी चलाए पनि पसिना बगाए पनि गरिबले शान्तिको सास फेर्न पाएका छैनन् । समाजमा रहेका गरिब किसानहरूको यथार्थ प्रस्तुति यसरी गरिएको छ :

अभाव र कठिनाइले किसानलाई ग्रस्त ।
जतातत्तै पारेको छ शोषणले त्रस्त ॥
शोषणको नौलो रूप बन्यो श्रमदान ।
व्यवस्था नै बन्यो त्यस्तो श्रम चुसी खान ॥

– *किसानका समस्या,* पृ. ३

खाली पेट छोराछोरी मलिनो छ मुख ।
यसरी नै मजदुरले पाएका छन् दुःख ॥
चारैतिर हामीलाई बाध्यतामा पार्ने ।
शोषण र दमनले अन्यायमा मार्ने ॥

– *मजदुरको दयनीय अवस्था,* पृ. ११

नेपाली जनताहरू गरिबीको रेखामुनि बाँच्न बाध्य छन् । आफ्ना दसनङ्ग्रा खियाएर रातदिन पसिना बगाउँदा पनि किसानले एक पेट राम्रोसँग खान पाएका छैनन् । आफ्नो जन्मभूमिमा पसिना बगाउँदा पनि खान नपुगेपछि नेपालीहरू विदेश जान बाध्य छन् । यसरी चौधारा पसिना बगाउँदै दसनङ्ग्रा खियाएर काम गर्दा पनि गरिब किसानलाई वर्षभरि खान नपुग्ने कुराको उल्लेख कविले यसरी गरेका छन् :

छ महिनालाई बल्लतल्ल पुग्ने हैन खान ।
त्यै पीरले गर्दाखेरि पर्छ मुग्लान जान ॥
रापट र फाँट सबै सामन्तकै हुन्छ ।
सामन्तले बसीबसी माखेजालो बुन्छ ॥

– *किसानका समस्या,* पृ. ३

यी कवितामा गरिब नेपाली जनताको यथार्थको प्रस्तुतीकरण गरिएको छ ।

### ५.३.३.५ स्वतन्त्रताको आग्रह

पञ्चायती शासनव्यवस्थामा स्वतन्त्रताको कल्पनासम्म गर्न सकिएन । नागरिक स्वतन्त्रतामाथि बन्देज लगाइयो । पवित्रताको विनाश र पापको फलिफाप हुँदै गयो । स्वतन्त्रताको अभावमा विकासका गतिविधिहरू ठप्प रहे । यसरी बस्ने हो भने हामी सबैको अवस्था दयनीय हुनेछ । त्यसैले स्वतन्त्रताप्राप्तिका लागि एकजुट हुनुपर्दछ । स्वतन्त्रताविनाको जीवन निरर्थक हुन्छ । स्वतन्त्रताको आह्वान कविले यसरी गरेका छन् :

स्वतन्त्रता र समानताको रोपी नयाँ बीउ

बिरुवा त्यो हुर्काउन पारौँ फूर्ति जिउ ।

– *अन्यायविरुद्ध किसान एक हौँ*, पृ. १०

निरङ्कुशताको पञ्जामा जकडिएका नेपाली जनताको स्वतन्त्रताको आग्रह माथिको कवितामा गरिएको छ ।

## ५.३.४ भाषाशैली

कविताको भाषाशैली सरल, सुस्पष्ट, बोधगम्य, लयात्मक र सरस हुनु आवश्यक हुन्छ । भाषा भनेको सञ्चारको माध्यम हो र शैली भनेको व्यक्त गर्ने तरिका हो । स्रष्टाले काव्यकृति सिर्जना गर्दा प्रयोग गरेको कलात्मक भाषिक ढङ्गलाई नै शैली भनिन्छ ।[१३]

यस कवितासङ्ग्रहमा प्रयोग गरिएको भाषाशैली सरल र सहज छ । सरल, सुबोध्य र सरस भाषाको प्रयोगले यस सङ्ग्रहलाई गहकिलो तुल्याएको छ । यसमा सङ्कलित कविताहरू शैलीका दृष्टिले सामान्य पाठकका लागि पनि सहज सम्प्रेषणीय र बोधगम्य छन् । प्राय: सम्पूर्ण कविताहरू यसरी नै अन्त्यानुप्रास मिलेकाले श्रुतिमधुर छन् :

ढुङ्गा माटोसँग लड्न हामी कसिनाले ।

हराभरा धर्ती हुन्छ हाम्रै पसिनाले ॥

भोकानाङ्गा हामी नै छौँ आखिरीमा किन ।

सुखी जीवन बिताउने आइपुगेन दिन ॥

– *हामी किसान यसरी ठगिएका छौँ*, पृ. १

---

१३ पूर्ववत्, पृ. १० ।

यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा सरल भाषाको प्रयोग भएकाले अर्थबोधका निम्ति दिमागी कसरत आवश्यक पर्दैन । यसमा सङ्गृहीत कविताहरूमा झर्रा नेपाली शब्दहरूको प्रयोगले भाषालाई अझ सरलतातर्फ डोऱ्याउँदै लगेको छ ।

## ५.३.५ शीर्षकविधान

यस कवितासङ्ग्रहको शीर्षक सार्थक छ किनकि शीर्षकले किसानका दुःख, पीडा र वेदनाहरूलाई यथार्थ रूपमा झल्काएको छ । यसमा गरिब किसानका समस्याहरूलाई यथार्थ रूपमा उल्लेख गरिएको छ । नेपाली गरिब किसानहरू सामन्तहरूको अन्याय र अत्याचारले गर्दा थिचिएर बस्न बाध्य छन् । यसरी नेपाली समाजमा देखिएको अन्याय र अत्याचारलाई कृषकहरूमाझ पुऱ्याएर सम्पूर्ण किसानको दुःख र चीत्कारलाई कविताले समेट्न सकेको छ, त्यसैले यस सङ्ग्रहको शीर्षक **किसान चीत्कार** सार्थक रहेको छ ।

## ५.३.६ लयविधान

कविताको मुख्य तत्त्व लय हो । कविता लोकलय, मुक्तलय, वार्णिक लय र झ्याउरे आदिमा लेखिन्छ । कवितामा लयका माध्यमबाट भावहरूको संयोजन गर्ने गरिन्छ ।

यस सङ्ग्रहका कविताहरू नेपाली पाखापखेराहरूमा सिर्जना भएका, नेपाली जनजिब्रोमा रहेका र नेपाली लोकजीवनमा प्रचलित भएका लोकलयमा आधारित छन् ।

बगाउँदै पसिना धारा, रुन्छन् कठै किसान बिचरा ।
जग्गा पनि टारी टिकर मात्रै दार खोर
यस्तो पाखो जमिनमा के पो हुने हो र ।
कैले खान्छ खडेरीले कैले असिनाले
आङ्को मासु आङ्मै सुक्यो भिजी पसिनाले ।

– *किसानका समस्या,* पृ. ३

## ५.३.७ बिम्बअलङ्कार

कुनै पनि कवितामा कविले भावसौन्दर्य सृष्टि गर्न सक्नुपर्दछ । यसका लागि कविले कवितामा अलङ्कार र बिम्बको समुचित समायोजन गर्न सक्नुपर्दछ । अनुभूतिले रन्थनिएर

भावावेशपूर्वक लेखिएको कवितामा भाषा, अलङ्कार र अनुप्रास स्वभावत: छायाझैँ रचनाको पछि लागेका हुन्छन् ।[१४]

यस सङ्ग्रहमा बिम्ब तथा अलङ्कारको सामान्य प्रयोग भएको छ । यस सङ्ग्रहमा प्रयोग भएका बिम्ब तथा अलङ्कारले रचनामा मिठास ल्याउने काम गरेका छन् । शब्दालङ्कारको रूपमा अनुप्रास अलङ्कारको प्रयोग गरिएको छ भने अर्थालङ्कारको रूपमा उपमा र रूपक अलङ्कारको प्रयोग यसरी गरिएको छ :

जालझेल कृते सबै फटाहाले गर्छ
फटाहाकै माखेजालमा गरिब नै पर्छ ।
फटाहाकै कुरा पनि प्रशासनले सुन्छ
निर्दोषीले पक्रिएर अनाहकमा थुन्छ ।

– *सामन्ती माखेजालभित्र किसान*, पृ. ५

माथिको कवितामा गर्छ, पर्छ, सुन्छ, थुन्छजस्ता शब्दहरू श्लोकको अन्तमा आएकाले अन्त्यानुप्रासको प्रयोग भएको छ ।

ब्वाँसोजस्ता सामन्त हेर,
दिन्छन् दु:ख त्यै पनि गएर ।

– *किसान यसरी सुकुम्बासी बन्दछन्*, पृ. ८

गरिबको दिन आउँछ हेर,
बिहानीको घामजस्तो भएर ।

– *वर्गसङ्घर्ष गर्नैपर्छ*, पृ. १४

माथिको कवितामा सामन्तलाई ब्वाँसोसँग तुलना गरिएको छ भने गरिबका राम्रा दिनलाई बिहानीको घामसँग तुलना गरिएको छ, त्यसैले यहाँ उपमा अलङ्कारको प्रयोग भएको छ ।

मुटु खाने सामन्ती कीरा,
भित्रभित्र पारेर नौ चिरा ।

– *हामी किसान यसरी ठगिएका छौँ*, पृ. १

माथिको कवितामा सामन्तलाई मुटु खाने कीरा भनेर भनिएको छ, त्यसैले यहाँ रूपक अलङ्कारको प्रयोग भएको छ ।

---

१४ उत्तम कुँवर, **स्रष्टा र साहित्य**, चौथो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५०), पृ. ५४ ।

### ५.३.८ निष्कर्ष

**किसान चीत्कार** ताराप्रसाद श्रेष्ठको काव्ययात्राको दोस्रो चरण (वि.सं. २०३९ देखि २०५७ सम्म) मा सिर्जना भएका किसानका कथाव्यथाहरू समेटिएको कविताहरूको सङ्कलन हो । यस सङ्ग्रहमा सङ्कलित कविताहरू सबैले बुझ्न सकिने गरी लेखिएको हुँदा सामान्य पाठकका लागि पनि बोधगम्य र उपयोगी छन् । नेपाली समाजमा रहेका किसानका समस्याहरूलाई केलाउन सङ्ग्रह सक्षम देखिन्छ । अन्याय र अत्याचारको विरोध गर्दै समतामूलक समाजको निर्माण गर्ने कार्यमा सबैलाई अग्रसर हुन यस सङ्ग्रहले प्रेरित गरेको छ । यस सङ्ग्रहमा सङ्कलित प्रत्येक कविताको भावभूमि किसानहरूको जीवनपद्धतिसँग सम्बद्ध रहेको छ र कवितामा किसानहरूका समस्याहरूको वास्तविकता उद्घाटन गरिएकाले कृषिप्रधान मुलुकका हाम्रा किसानहरूको मर्मलाई यस सङ्ग्रहले सहजै छुन सकेको देखिन्छ । कतिपय कविताहरूमा कलात्मकताको उचाइ कम भए पनि सबैजसो कविताहरू सरल, सुबोध्य र समसामयिक छन् ।

## ५.४ 'सम्झना' कवितासङ्ग्रहको अध्ययन

साहित्य सिर्जना र कृति प्रकाशनमा कवि ताराप्रसाद श्रेष्ठको **सम्झना** कवितासङ्ग्रह चौथो कृति हो । यसअघि श्रेष्ठले विभिन्न तीनओटा कृतिहरू र धेरै फुटकर कविताहरू पाठकसामु सुम्पिसकेका छन् । गीतिकविताका स्रष्टा कवि श्रेष्ठले सर्वसाधारण जनताले बुझ्ने सरल शैलीमा कविताको सिङ्गो माला उनेर **सम्झना** कवितासङ्ग्रहको रचना गरेका छन् ।

### ५.४.१ परिचय

**सम्झना** कवितासङ्ग्रहमा चौसठ्ठीओटा कविताहरू सङ्गृहीत छन् । यसमा सङ्कलन भएका कविताहरू सरल र सुबोध्य छन् । यस कवितासङ्ग्रहको बारेमा घनश्याम न्यौपाने 'परिश्रमी' ले श्रेष्ठका कविता सामान्य साक्षर पाठकले पनि बुझ्न सक्दछन् र लयको आनन्द र ज्ञान दिने खालका यिनका कविता बौद्धिक पाठकहरूका लागि भन्दा सर्वसाधारणका लागि बढी उपयोगी देखिन्छन् भनेका छन् ।[१५] यसमा सङ्गृहीत सबैजसो कविताहरूको विषयगत विविधता छ । सम्पूर्ण कविताहरूमा भाव, शब्दलालित्य र काव्यअभिव्यक्ति झल्किएको छ । यसमा सङ्कलित कविताहरू पढ्दा जीवनदृष्टि अवलोकन गर्न सकिन्छ भने उच्च भावना हृदयङ्गम गर्दै कलास्वादले मान्छेलाई रसैरसको सागरमा डुब्दै र निस्कँदै गरेको अनुभव हुन्छ ।[१६]

१५ घनश्याम न्यौपाने 'परिश्रमी', *भूमिका,* **सम्झना**, ताराप्रसाद श्रेष्ठ, (नवलपरासी : कवि स्वयम्, २०६२), पृ. ङ ।

१६ अजम्बरध्वज खाती, *भूमिका,* **सम्झना**, ताराप्रसाद श्रेष्ठ, (नवलपरासी : कवि स्वयम्, २०६२), पृ. ग ।

यस सङ्ग्रहमा सङ्कलित धेरै कविताहरू लोकलयमा रचना गरिएका छन् । लोकजीवनमा घट्ने विभिन्न किसिमका विकृति, विसङ्गति र घटनाक्रमहरूलाई कविताको विषयवस्तु बनाइएको छ । कतिपय कविताहरू प्राकृतिक वातावरणसित सम्बन्धित छन् । प्रकृतिमा रहेका वस्तुहरूले नै श्रेष्ठलाई कविता लेख्नका लागि उत्साही बनायो । यस सन्दर्भमा अजम्बरध्वज खातीले प्राकृतिक सुन्दरतामा रमाउने कवि ताराप्रसाद श्रेष्ठले जे सिके सुन्दर प्रकृतिबाटै सिके र नेपाली डाँडापाखाबाट देखिने प्राकृतिक सुन्दरता देखेर राष्ट्रवादी गीत गाउन सिके भनेका छन् ।[१७]

## ५.४.२ संरचना

कविताभित्र भित्री-बाहिरी तहमा संरचना हुने गर्दछ । यसप्रकार कविता संरचक तत्त्वहरूबाट निर्मित एक विशिष्ट प्रकारको रचना हो ।

**सम्झना** कवितासङ्ग्रहमा विभिन्न लय र छन्दमा रचिएका ६४ कविताहरू सङ्गृहीत छन् । आवरणपृष्ठ भूमिका, समर्पण र कविताक्रम सूचीबाहेक ६७ पृष्ठको बाह्यस्वरूपमा प्रस्तुत सङ्ग्रहको निर्माण भएको छ । यस सङ्ग्रहमा रहेका कविताहरूमध्ये ५५ ओटा लोकलयात्मक, ५ ओटा मुक्तलयमा आधारित र ४ ओटा मुक्तक शैलीका कविता रहेका छन् । यसमा सङ्कलित कविताहरू ४ हरफदेखि ५० हरफसम्मको आयाममा विस्तार भएका छन् । त्यसैले यस सङ्ग्रहका कविताहरूलाई आकारका दृष्टिले मुक्तक र मझौला कविताको कोटिमा राख्न सकिन्छ । प्रत्येक कविताको सिरानमा कविताको शीर्षक र पृष्ठसङ्ख्या अङ्कित गरिएको छ । थेगोको रूपमा कतैकतै पङ्क्तिहरू पुनरावृत्ति भएका छन् । प्रायः सबै कविताहरूमा अन्त्यानुप्रासको उचित पालना भएको छ । यसमा सङ्कलित सबैजसो कविताहरूको विषयगत विविधता रहेको छ । भावगत विविधतायुक्त यस सङ्ग्रहका कवितामा ४ अक्षरदेखि १९ अक्षरसम्मका पङ्क्तिहरू छन् ।

## ५.४.३ भावविधान

गीतको मूल तत्त्व भाव हो । भावविना गीतको कल्पना पनि गर्न सकिँदैन ।[१८] कवितामा भावको उचित संयोजन हुन सक्नुपर्दछ अनिमात्र कविता उत्कृष्ट बन्दछ ।

**सम्झना**मा सङ्कलित कविताहरू ताराप्रसाद श्रेष्ठका मनमा तरङ्गित विभिन्न अनुभूतिहरूको पोखाइ हो । यसमा सङ्कलित कविताहरू उनको कवितायात्राको तेस्रो चरणको

---

१७ ऐजन ।

१८ ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, पूर्ववत् ।

शैली, शिल्प र भावभूमिकै सेरोफेरोमा देखापर्दछन् । कविले सरल भाषामा आफ्ना मनका भावना, विचार र कल्पनालाई कवितामा रूपान्तरण गरेका छन् । लयको आनन्द र ज्ञान दिने खालका यिनका कविता बौद्धिक पाठकहरूका लागि भन्दा सर्वसाधारणका लागि बढी उपयोगी देखिन्छन् ।

यसमा सङ्कलित कविताहरूमा ग्रामीण परिवेश, निम्न वित्तीय जनजीवन, अचेतना, अशिक्षाजस्ता भाव वा विषयमा आधारित छन् । नारीवर्गप्रति सहानुभूति, सामाजिक विकृति र विसङ्गतिप्रति असन्तुष्टि पनि कविताको विषयवस्तु बनेको छ । कविताहरूमा सामाजिक सुधार र परिवर्तनको आग्रह छ ।

कविले सामाजिक सङ्घसंस्थाहरूको महत्त्वमाथि प्रकाश पार्ने काम पनि गरेका छन् । अन्यायी, अत्याचारीहरूप्रति आक्रोशको भाव पनि यी कविताहरूमा पाइन्छ । आफ्नो प्रकृति, संस्कृति, परम्परा र शान्तिप्रतिको मोह कवितामा झल्किएको छ । समग्र रूपमा हेर्दा यसमा सङ्कलित कविताहरूमा प्रकृतिप्रेम, राष्ट्रप्रेम, ग्रामीण परिवेशको चित्रण, सामाजिक विकृति र विसङ्गतिको चित्रणजस्ता विषयवस्तुहरू रहेका छन् ।

### ५.४.३.१ **प्रकृतिप्रेम**

यस सङ्ग्रहमा सङ्कलित धेरैजसो कविताहरू आफ्नै भीरपाखामा घन्कने लोकलयमा आधारित रहेका छन् । प्रकृतिकै सुन्दर वातावरणमा घुम्ने खेल्ने गर्दागर्दै साहित्य लेखनमा अग्रसर रहेका कवि श्रेष्ठका कतिपय कवितामा प्रकृतिको वर्णन कलात्मक रूपमा रहेको छ । *काफल पाक्यो, हिमाल, हाम्रो सामुदायिक वन, आम्दानीको बाटो*जस्ता कविताहरू प्रकृतिको सुन्दरताको वर्णन गर्दै लेखिएका छन् । कविका हृदयमा उत्पन्न विविध भावनाहरूलाई प्राकृतिक विविध विषयको माध्यमबाट व्यक्त गर्दा प्रकृतिको चित्रणमा पनि राष्ट्रप्रेम चित्रित भएको छ ।

कविलाई आफ्नै देशका गगनचुम्बी हिमशृङ्खलाहरूप्रति स्नेह छ । पहाडी थुम्काथुम्की र पाखापखेराको माया छ । नेपालका हिमालहरू चाँदीजस्तै टल्किएका छन् । चाँदीजस्तै टल्कने अन्नपूर्णा र माछापुच्छ्रे झलल झल्किएको वर्णन यसरी गरिएको छ :

सुनको बिहान चाँदीको हिमाल टल्कन्छ टलल

त्यो माछापुच्छ्रे त्यो अन्नपूर्णा झल्कन्छ झलल ।

– *हिमाल,* पृ. ३

बिहान उठी हेर्दछु मैले उत्तर हिमाल

विश्वको शिर सगरमाथा यो हाम्रो नेपाल ।

– ऐजन ।

कविलाई आफ्नै देशको गुराँस र लालुपाते फुलेको सुगन्धित वनजङ्गल अनि कोइली र डाँफे मुनालले गाउने मङ्गलगीत प्यारो लाग्छ । प्राकृतिक सुन्दरताले भरिपूर्ण हाम्रो देशको प्राकृतिक सुन्दरताको वर्णन यसरी गरेका छन् :

गुराँस र लालुपाते फुल्छन् यहीँ फूल
ढकमक्क वन भए बढ्छ पानी मूल
जीवजन्तु पशुपंक्षी बस्छन् यहीँ आई
बस्छे कुहुकुहु गीत कोइलीले गाई ।

– *आम्दानीको बाटो,* पृ. ५३

गुराँस फुल्ने पाखामा गाई र बाख्रा चरेको
ऐँसेलु काफल खाएर चरीले चिर्बिर गरेको
निर्मल स्वच्छ झरना कलकल गर्दै झरेको
मध्यान्हको घाममा शीतल छाया परेको ।

– *काफल पाक्यो,* पृ. १

हाम्रो देश नेपाल प्राकृतिक सुन्दरताको धनी छ । आफू बसेको, आफू घुमेको र डुलेको स्थान सबैलाई प्यारो लाग्छ । कविले कवितामा विभिन्न स्थानको वर्णन गरेका छ । स्थानको वर्णन गरिएका कविताहरू मनभाग, भानुनगरको कथा, सिस्नेखोला रहेका छन् । यी कविताहरूमा स्थानहरूको कलात्मक तरिकाले वर्णन गरिएको छ । आफू बसेको र डुलेको स्थानको कलात्मक तरिकाले गरिएको वर्णन यसप्रकार रहेको छ :

पाल्पा र गुल्मी जोडियो नाता ‘मनभाग’ पुलले,
सिद्धेश्वर पाखा देखियो राम्रो गुराँस फूलले ।

– *मनभाग,* पृ. २२

पाखाभरि लालुपाते हरियाली वन
बसिरहुँजस्तो लाग्ने बटुवाको मन

– *मातृभूमि मरेक,* पृ. १८

राजमार्ग दक्षिणतिर यस्तो बस्ती बसायो
सुन फल्ने यो बस्तीले सबैलाई हँसायो ।

– *भानुनगरको कथा,* पृ. ४९

यी कवितामा प्रकृतिको सुन्दरताको वर्णन गरिएको छ ।

## ५.४.३.२ सामाजिक चेतना

आर्थिक र सामाजिक रूपमा पछाडि रहेको हाम्रो देशमा सामाजिक चेतनाको दियो बाल्नु आवश्यक छ । सामाजिक चेतनाका लागि एउटाको प्रयासले मात्र पूर्ण हुँदैन । यसमा सबैको भूमिका आवश्यक छ । कवि श्रेष्ठले पनि यस सङ्ग्रहमा सङ्कलित विभिन्न कविताहरूको माध्यमबाट सामाजिक चेतनाको ज्योति बाल्ने काम गरेका छन् । *सामाजिक विकृति हटाउनैपर्छ, धुम्रपान नगरौँ, समाजसेवा, शुभकामना, उपकार, सुरक्षित मातृत्व, सेवा कोष, आफ्ना कुरा, सहयोग गरौँ, सफलताको बाटो*जस्ता यस सङ्ग्रहमा सङ्कलित कविताहरूले समाजमा देखिने विकृतिहरूलाई हटाउँदै सामाजिक चेतना अभिवृद्धि गर्ने काम गरेका छन् । सामाजिक चेतनाको सन्दर्भमा साहित्यकार घनश्याम न्यौपानेले भनेका छन् – साहित्यकार ताराप्रसाद श्रेष्ठ नवलपरासी जिल्लाको अग्रज पुस्ताका स्रष्टा हुन्, गीतिकविताका रचनाकार श्रेष्ठले सामाजिक चेतना जगाउने खालका रचनाहरू बढी मात्रामा लेखे ।[१९] समाजमा विभिन्न किसिमका विकृति र विसङ्गतिहरू छन् । समाजका विकृतिहरूलाई हटाउन महिलाहरू अग्रसर हुनुपर्छ भन्ने कविको अभिप्राय यसरी प्रकट भएको छ :

चुरोट, रक्सी तिनै खान्छन्, तिनै खेल्छन् तास
नेता पनि मै हुँ भन्छन् गफ लाउन पास ।
जाँड, रक्सी, जुवातास सबै बन्द गरौँ
विकृतिलाई हटाउन महिला अघि सरौँ ।

– *सामाजिक विकृति हटाउनै पर्छ,* पृ. ४

समाजमा धुम्रपानको लत भएका व्यक्तिहरू प्रशस्त छन् । धुम्रपानका नकारात्मक पक्षहरू जानेर वा नजानेर मानिसहरूले यसलाई छाड्न सकेका छैनन् । धुम्रपानका खराब पक्षहरूको चर्चा गर्दै कविले यस्तो भाव व्यक्त गरेका छन् :

चुरोट खाए बिँडी खाए त्यो धुवाँको कालो ।
कलेजो र फोक्सोमाथि लाग्छ हेर जालो ॥

– *धुम्रपान नगरौँ,* पृ. ९

महिलाका आफ्नै किसिमका समस्याहरू छन् । गर्भवती महिलाहरूले लाज नमानीकन आफ्ना कुराहरूलाई परिवारमाझ राख्नुपर्छ र खानपानमा राम्रो व्यवस्था गर्नुपर्छ भन्ने कविको अभिप्राय यसरी व्यक्त भएको छ :

---

१९ ताराप्रसाद श्रेष्ठ, **सम्झना**, (नवलपरासी : नवलपरासी साहित्य परिषद्, पृ. २०६२), पृ. ङ ।

गर्भवती महिलाले नमानेर लाज

भन्नुपर्छ आफ्ना कुरा परिवारमाझ ।

अघिपछिभन्दा राम्रो खाना खानुपर्छ

जन्म हुने शिशुलाई त्यसले राम्रो गर्छ ।

– *आफ्ना कुरा,* पृ. ४०

यी कवितामा जाँड, रक्सी र जुवातास बन्द गर्नुपर्छ भन्दै सामाजिक चेतनाको भाव अभिव्यक्त भएको छ ।

### ५.४.३.३ **राष्ट्रप्रेम**

कवि ताराप्रसाद श्रेष्ठमा राष्ट्रप्रेमको भावना घनीभूत रहेको छ । सङ्कलित कविताहरूमा राष्ट्रियताको भावना अभिव्यक्त भएको छ । यी कविताहरूमा नेपालप्रतिको माया, ममता र स्नेहको भाव छताछुल्ल पोखिएको छ । *फर्क, दुई वचन, नेपालको चिनो, श्रद्धाञ्जलि*जस्ता कविताहरूमा राष्ट्रप्रेमको भावना अभिव्यक्त छ । कवि आफ्नै देशका पाखापखेरा, हिमाल आदिमा रमाउन चाहन्छन् । आफ्नै देशसँग प्रीति गाँस्दै राष्ट्रभक्तिको कविता लेख्ने धोको कविमा छ । राष्ट्रप्रेमको भावना कविले यसरी व्यक्त गरेका छन् :

पसिनामात्र चुहाउने हैन

रगत पनि बगाउनुपर्छ ।

आफूमात्र बन्ने हैन

देश पनि बनाउनुपर्छ ॥

– *दुई वचन,* पृ. ८

नेपालआमालाई दु:ख र शोकको गर्तमा डुबाई विदेशिएका नेपालीहरू आफ्नै देशमा फर्किएर राष्ट्रको सेवा गर्नुपर्छ । स्वदेशमा फर्किएर राष्ट्रनिर्माणमा जुट्न अब एक्लो भइँदैन, सबैको साथ पाइन्छ भन्ने भाव यसरी व्यक्त भएको छ :

साथी फर्क !

बल्ल मैले सुनेँ

तिमी विदेश गयौ रे

तिमी एक्लो भयौ रे

– *फर्क,* पृ. ६

कविलाई आफ्नै नेपाल र आफ्नै हिमाल प्यारो लाग्छ । हिमाल भनेकै नेपाल हो र नेपाल भनेकै हिमाल हो । हिमाल रहेसम्म नेपाल र नेपालीहरूको अस्तित्व रहने कुरामा कवि विश्वस्त छन् । नेपाली वीर छोराछोरीहरू र हिमालले हामीलाई चिनाएको चर्चा कविले यसरी गरेका छन् :

नेपाली छोरा नेपाली छोरी नेपाली हिमाल
साहसका धनी हामी छौँ भनी चिनाए नेपाल ।

– *हिमाल*, पृ. ३

कविलाई आफ्नै देशको लोकसंस्कृति ज्यादै प्यारो लाग्छ । ग्रामीण नेपाली जनजीवनका लोकसुसेलीहरूप्रति उनको अपार माया छ । डम्फू, मादल, खैंजडी र नेपाली झ्याउरे भाकालाई कवि नेपालीहरूको मुटुको धड्कन सम्झन्छन् र ती धड्कनलाई हामी नेपालीले कहिल्यै बिर्सन सक्दैनौँ भन्ने भाव पनि यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा व्यक्त भएको छ । नेपाली वनपाखामा घन्कने झ्याउरे भाकाको सम्झना कविले यसरी गरेका छन् :

मनभागलाई सम्झेर फेरि म भेट्न आउँला
यही वनपाखा झ्याउरे भाका म गीत गाउँला ।

– *मनभाग*, पृ. २३

हामी नेपालीहरू मिहिनेत गर्‍यौँ भने आफ्नै देशलाई विकासको गतिमा अगाडि बढाउन सक्छौँ । विदेशिनुभन्दा आफ्नै वनपाखामा रमाउन सक्नुपर्छ । हाम्रा भीरपाखाहरूमा विभिन्न किसिमका रूखबिरुवाहरू लगाएर जमिनलाई हराभरा पार्न सकियो भने बाढी-पहिरोबाट बच्न सकिने अभिप्राय यसरी व्यक्त गरेका छन् :

मिहिनेत गरेदेखि पुग्छ यहीँ खान
कसैलाई पर्नेछैन अब विदेश जान
भीरपाखा पखेरामा अम्लिसोको घाँस
कतै रोपौँ फलफूल कतै रोपौँ बाँस ।

जमिनको तलसम्म पुग्छ तिनको जरा
रित्तो डाँडा भरिएर हुन्छ हराभरा
बाढी भेल आइकन पार्ने छैन गहिरो
डाँडापाखा भत्किएर जाने छैन पहिरो ।

– *आम्दानीको बाटो*, पृ. ५३

### ५.४.३.४ विकृति र विसङ्गतिप्रति व्यङ्ग्य

सामाजिक विकृति र विसङ्गतिलाई यिनले आफ्ना कवितामा चित्रण गरेका छन् । देशमा मौलाएको घुस र भ्रष्टाचारले जनताहरू आक्रान्त छन् । जतातते ढाँट, छलकपटले ठाउँ ओगटेको छ । स्वेच्छाचारी ढङ्गले राज्यसत्ता चलेको छ । यस्तै अवस्था रहेमा सोझासाझा गरिब जनताको दुर्गति हुने कुरामा कुनै सन्देह छैन । इमान्दार मानिसको अस्तित्व हराउँदै गएको छ र लुच्याइँफट्याइँले स्थान पाएको छ । जनताको प्रत्यक्ष सरोकार रहेका कार्यालयहरूमा घुस मौलाउँदै गएको टिप्पणी कविले यसरी गरेका छन् :

मालमा गए मालामाल, वनमा गए धन
साँचो कुरा भन्छु मैले हो कि हैन भन
फाँटैपिच्छे टीकापाती गरे छिटो काम
सानाठूला सबैलाई चाहिएको दाम ।

– *पैसा*, पृ. १७

पजेरोमा कोही गुड्ने कोही बसी खाने
देश-विदेश भ्रमणमा घुम्न उनै जाने ।

– *मनका कुरा*, पृ. ३५

नेपाली समाजको विकृति र विसङ्गतिलाई यी कवितामा अभिव्यक्त गरिएको छ ।

### ५.४.३.५ संस्कृतिप्रेम

स्वच्छ तथा पवित्र भावनाले मानिसको जीवनलाई सार्थक बनाउँछ । नेपालीहरू सरल प्रकृतिका छन् । यही सरलपन नेपालीको वास्तविक पहिचान हो । विदेशी संस्कृतिभन्दा हामीलाई हाम्रै संस्कृति प्यारो छ । विदेशी रीतिरिवाज र संस्कृतिले ल्याएको विकृतिलाई हामीले फाल्नुपर्छ । विभिन्न जनजातिले भरिपूर्ण हाम्रो देशको संस्कृतिको सम्बर्द्धन गर्नु हामी सबैको साझा कर्तव्य हो । हिन्दू संस्कृतिको लोप हुँदैगएकोमा यसरी चिन्ता व्यक्त गरिएको छ :

धर्मकर्म गोलीमार पैसा भए भयो
सुन्दा पनि पाप लाग्ने सत्य कता गयो ?

संस्कृति र धर्मलाई संरक्षण गरौँ
गौको व्यापार रोक्नलाई सबै अघि सरौँ ।

– *संस्कृतिको संरक्षण गरौँ*, पृ. २८

### ५.४.३.६ स्वतन्त्रताको आग्रह

प्रजातान्त्रिक व्यवस्थाका मूल्य र मान्यताहरू आत्मसात् गर्ने दलहरूको अस्तित्व मेटिँदै गएको छ । स्वतन्त्रतामाथि बन्देज लगाइएको छ । पवित्रताको विनाश र पापको फलिफाप भएको छ । विकासका गतिपिवधिहरू रोकिएका छन् । यसरी बस्ने हो भने हामी सबैको अवस्था दयनीय हुनेछ । अन्याय र अत्याचारबाट मुक्त हुन र न्याय, शान्ति, समानता र स्वतन्त्रताका लागि सबै एकजुट हुनुपर्छ भन्ने आग्रह यसरी व्यक्त भएको छ :

अन्यायमाथि अत्याचार भयो भने रुँदैछन्,
शोषित पीडित जनता सब एकजुट हुँदैछन् ।
न्याय र शान्ति समानता खोज्न अगाडि बढ्नेछन्,
हत्यारा दोषी ती दुष्टसँग डटेर लड्नेछन् ।

– *न्याय र शान्ति,* पृ. ५२

यस कवितामा स्वतन्त्रताको आग्रह गर्दै न्याय, शान्ति र समानताका लागि अघि बढ्न आह्वान गरिएको छ ।

### ५.४.३.७ नारीवेदनाको प्रस्तुति

हाम्रो समाज परम्परावादी धारणायुक्त छ । नारीहरूले पुरुषको वचन काट्नु महापाप ठान्दछन् । पुरुषहरूले महिलाका हक-अधिकारलाई दबाएका छन् । नारीलाई विलासिताका साधनका रूपमा हेर्ने गरिएको छ । धर्म र संस्कारको नाममा तिनीहरू अन्यायपूर्ण जीवन बिताउन बाध्य छन् । छोरी र बुहारीलाई समाज र परिवारले समान व्यवहार गर्नुपर्दछ भन्ने अभिप्राय यसरी राखिएको छ :

एकल नारी जीवनभरि रोइरहनु पऱ्या छ
धर्मको नाउमा समाजले ठूलो अन्याय गऱ्या छ ।

बुहारी छोरी हुन् बराबरी भनेर जानौँ न
निर्मल स्वच्छ भावनालाई सबैले मानौँ न ।

– *एकल महिलालाई शुभकामना,* पृ. ४४

प्रस्तुत कवितामा छोरी र बुहारीलाई समान रूपमा हेर्न आग्रह गर्दै एकल महिलाका वेदनाहरू अभिव्यक्त भएका छन् ।

### ५.४.३.८ प्रगतिशील दृष्टिकोण

ग्रामीण परिवेश, निम्नवर्गीय जनजीवन, अचेतना, अशिक्षितताजस्ता विषयले यिनका कवितामा स्थान पाएका छन् । सामाजिक सुधार र परिवर्तनको आग्रहजस्ता विषयवस्तुले यिनी प्रगतिशील दृष्टिकोण भएका कविको रूपमा चिनिएका छन् । यस सङ्ग्रहमा सङ्कलित *देशको मूल समस्या, मेरो मुटु, उठौँ सबै कम्मर कसेर, न्याय र शान्ति, आह्वान, समयले हामीलाई यही कुरा भन्छ*जस्ता कविताहरूमा प्रगतिशील चिन्तन प्रस्तुत भएको छ । कवि ताराप्रसाद श्रेष्ठको बारेमा भगवती अर्याल 'आशा' ले भनेकी छिन् – जनताका पीरमर्का, समस्या र वेदनालाई लोकलयमा अभिव्यञ्जित गरेका कवि श्रेष्ठ यस कृतिका आधारमा प्रगतिशील विचारधाराका कवि हुन् ।[२०] फटाहा र सामन्तवर्गले गरेका लुटलाई हटाउन हामी सबै एकजुट भई उनीहरूका विरुद्धमा लड्नुको अभिप्राय यसप्रकार छ :

फटाहा र सामन्तले गरेका छन् लुट ।
विरुद्धमा लड्नलाई बनौँ एकजुट ॥
सबै मिली अघि बढे हुन्छ हाम्रो जित ।
अनिमात्र गरिबको हुनसक्छ हित ॥

– *उठौँ सबै कम्मर कसेर*, पृ. १३

हामी सबै शोषित-पीडित समुदायहरू एकजुट भयौँ भने अन्याय र अत्याचार हटाउन सकिन्छ । सबै एकजुट भएमा न्याय, शान्ति र समानताका लागि अगाडि बढ्न सकिन्छ भन्दै कवि यसरी अभिव्यक्त भएका छन् :

न्याय र शान्ति समानता खोज्न अगाढि बढ्नेछन्
हत्यारा दोषी ती दुष्टसँग डटेर लड्नेछन् ।

– *न्याय र शान्ति*, पृ. ....

अन्याय, अत्याचार र तानाशाही शासन मास्नुपर्ने भाव यसरी प्रकट भएको छ :

अत्याचारी, बलात्कारी, तानाशाही शासन
हामी सबै मिलीकन पार्छौ मासन ।

– *आह्वान*, पृ. ५६

प्रस्तुत कवितामा फटाहा र सामन्तवर्गलाई परास्त पार्न सबैलाई एकजुट हुन आह्वान गरिएकाले प्रगतिशील दृष्टिकोण प्रस्तुत भएको छ ।

---

२० भगवती अर्याल 'आशा', **नवलपरासीका साहित्यिक गतिविधि**, (नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६३), पृ. ७८ ।

### ५.४.३.९ प्रतीकात्मक भाषाको प्रयोग

प्रतीकात्मक भाषिक प्रयोगले कवितालाई उत्कृष्ट बनाउँछ । यसमा सङ्कलित केही कविताहरूमा प्रतीकात्मकता पनि झल्किएको छ । *नहान ढुङ्गा* र *साँढे*जस्ता कवितामा तत्कालीन राजतन्त्रप्रति प्रतीकात्मक ढङ्गले व्यङ्ग्य गर्दै विरोध गरिएको छ । प्रतीकात्मक भाषाको प्रयोग भएको कविताको नमुना यस्तो रहेको छ :

काम छैन अब खेतमा यस्तो साँढे पालेर
निस्कौँ आजै घरघरबाट राँको बालेर ।
भाँच्नुछ सिङ्ग त्यसको हिँडौँ सबै लौरो बोकेर
सिमाना कटाऊँ अब साँढेलाई ढ्याङ्ग्रो ठोकेर ॥

– *साँढे*, पृ. ४३

प्रस्तुत कवितामा नेपालको राजतन्त्रलाई साँढेको रूपमा प्रस्तुत गरिएकाले प्रतीकात्मक भाषाको प्रयोग भएको छ ।

### ५.४.३.१० जन्मभूमिको सम्झना

आफू जन्मिएको भूमि सबैलाई प्यारो लाग्ने गर्दछ । कवि श्रेष्ठले पनि आफू जन्मिएको भूमिलाई बिर्सन सकेका छैनन् । *मातृभूमि मरेक, मानकोट*जस्ता कवितामा जन्मभूमिप्रति अगाध माया दर्साइएको छ । आफू जन्मिएको मातृभूमिको सम्झना कविले यसरी गरेका छन् :

प्रकृतिले नै दिएको यो सबै कुरा हाम्रो
मातृभूमि मरेक डाँडा थियो साह्रै राम्रो ।

– *मातृभूमि मऱ्याक*, पृ. १८

सल्लाको घारी भिरालो बारी गुराँस फुल्ने वन
पुर्ख्यौली घर देखेर आज रमायो मेरो मन ।

– *मानकोट*, पृ. २५

प्रस्तुत कवितामा पुर्ख्यौली घर मानकोट र जन्मभूमि मरेकको सम्झना गरिएको छ ।

### ५.४.३.११ शान्तिको कामना

राष्ट्रमा छाएको अशान्तिले शान्तिक्षेत्रको रूपमा चर्चित नेपालको गरिमालाई खस्काएको छ । शान्तिवादी भावनालाई हिंसावादी विचारले धराशायी बनाएको छ । यस्तो

परिस्थितिमा शान्तिको अलख जपेरमात्र केही सुधार हुने लक्षण देखिएको छैन । जेहोस् शान्तिप्रति सबैको सोच भएमा मानिस निर्धक्क भई स्वदेशमा बसेर स्वतन्त्रतापूर्वक आफ्नो व्यवसाय गरी जीविकोपार्जन गर्न सक्दछ । शान्तिको कामना कविले यसरी गरेका छन् :

नबनाऊ अब नेपाली छोरा, गोलीको सिकार
खोलेर कान सुनिदेऊ हेर, आमाको पुकार ।
यो शान्तिक्षेत्र बुद्धको देश इज्जत नफाल
त्यो दूराचारी हत्या र हिंसा मनमा नपाल ॥

– *नेपाल आमाको पुकार*, पृ. ३०

राज्यपक्ष र विद्रोहीपक्षबीचको तनावले राष्ट्रभरि अशान्ति व्याप्त भएको छ । क्रान्तिको आगो दन्किएको छ । भाइभाइबीचको सङ्घर्षले कसैको हित हुन सक्दैन । देशमा चर्किएको युद्धलाई शान्त पार्न दमन होइन, वार्ता गर्नुपर्छ भन्दै कविले यस्तो अभिप्राय व्यक्त गरेका छन् :

अहिंसाका अनुयायी हाम्रा गौतम बुद्ध
उनकै देशमा भइराछ आज गृहयुद्ध ।

दमन होइन वार्ताबाटै खोज्नुपर्छ निकास
गृहयुद्ध चलाएर हुन्न देशको विकास ।

– *शान्ति वार्ता*, पृ. ४१

प्रस्तुत कवितामा द्वन्द्वको समाधानका लागि वार्ताबाटै निकास खोज्नुपर्छ भन्दै शान्तिको कामना गरिएको छ ।

### ५.४.३.१२ **स्वास्थ्य चेतना**

समाजमा मानिस स्वस्थ भई बाँच्न चाहेको हुन्छ । स्वास्थ्य नै सबैभन्दा ठूलो धन हो भन्ने कुरालाई हामीले बिर्सनु हुँदैन । यस सङ्ग्रहमा सङ्कलित कैं कविताहरूमा स्वास्थ्यका बारेमा चेतना जगाउने काम भएको छ । *यौनरोग, एड्स रोकौँ*जस्ता कविताले स्वास्थ्यका बारेमा चेतना जगाएका छन् । स्वास्थ्य चेतना झल्काउने कविताको नमुना यस्तो रहेको छ :

परस्त्री सम्भोग गर्दा हेर एड्स सर्छ
त्यस्तो रोगी रगत लिँदा पनि प्रवेश गर्छ
एउटै सुई दुई लिँदा पनि प्रवेश गर्छ
होशियारी बन्यौं भने एड्स रोगले छुन्न ।

– *एड्स रोकौँ*, पृ. ४७

प्रस्तुत कवितामा एड्स रोगबाट बच्नका लागि स्वास्थ्य चेतनाको प्रस्तुतीकरण गरिएको छ ।

### ५.४.४ भाषाशैली

भाषाशैली कविताको मुख्य तत्त्व हो । भाषा भनेको सञ्चारको माध्यम हो र शैली भनेको व्यक्त गर्ने तरिका हो । काव्यको भाषा सरल र सबैले बुझ्नसक्ने किसिमको हुनुपर्छ ।[२१]

यस सङ्ग्रहका कवितामा पनि सरल भाषाको प्रयोग छ । सरल भाषाको प्रयोगले गर्दा अर्थबोधका निम्ति दिमागी कसरत आवश्यक पर्दैन । कविताहरूमा झर्रा नेपाली शब्दहरूको प्रयोगले भाषालाई अझ सरलतातर्फ डोऱ्याउँदै लगेको छ । विभिन्न लोकलयमा लयबद्ध गरिएका र अन्त्यानुप्रास मिलाइएका यी कविताहरू सरल शैलीमा प्रस्तुत भएका छन् । लयात्मकतालाई पनि सहज रूपमा निर्वाह गर्ने प्रयास भएको छ । नेपाली अनुकरणात्मक शब्द र उखानटुक्काको प्रयोगसमेत यस सङ्ग्रहका कवितामा पाइन्छ । अनुकरणात्मक शब्द र उखानटुक्काको प्रयोग भएको कविता यस्तो रहेको छ :

बिरानो देशमा आएर सम्झन्छु आज झल्झली,

यहाँको घाम चर्को छ, पसिना बग्छ खल्खली ।

– *काफल पाक्यो*, पृ. १

माथि उल्लिखित कवितामा (झल्झली र खल्खली) अनुकरणात्मक शब्दको प्रयोग भएको छ । उखानटुक्काको प्रयोग भएको कविताको नमुना यस्तो छ :

जौना जोगी आउँछ कानै चिरेको

हातमा कमण्डलु काँधमा झोला भिरेको ।

– *जौना जोगी खाए पनि कानै चिरेका*, पृ. ३१

प्रस्तुत कवितामा 'जौना जोगी आउँछ कानै चिरेको' उखानटुक्काको प्रयोग भएको छ ।

### ५.४.५ बिम्ब तथा अलङ्कार

प्रस्तुत कवितामा बिम्ब तथा अलङ्कारले आभूषणको काम गर्दछन् । अलङ्कार रमाइला शब्दयोजना र अर्थचमत्कारद्वारा काव्यलाई सजाउने तथा आकर्षक पार्ने तत्त्व हो । यसले भाषामा लालित्य झल्काउँछ ।[२२]

---

२१ कृष्णप्रसाद पराजुली, **राम्रो रचना मीठो नेपाली**, पच्चीसौं संस्क., (काठमाडौं : सहयोगी प्रेस, २०६१), पृ. २६६ ।

२२ ऐजन, पृ. २४८ ।

यस सङ्ग्रहमा बिम्ब तथा अलङ्कारको प्रयोग भएको पाइन्छ । रचनामा मिठास ल्याउन र व्यङ्ग्यात्मक पाराले अभिव्यक्त गर्न अलङ्कार र बिम्बको प्रयोग भएका उदाहरणहरू यसप्रकार रहेका छन् :

खुदोको माखासरि नै लामखुट्टे यहाँ भन्कन्छ
अग्निको कुण्डसरि नै धरती यहाँ रन्कन्छ ।

यहाँ माखा र लामखुट्टे अनि अग्निकुण्ड र धरतीबीचमा तुलना गरिएकाले उपमा अलङ्कार छ ।

विश्वको शिर सगरमाथा यो हाम्रो नेपाल ।

यसमा सगरमाथालाई विश्वको शिर भनिएको छ त्यसैले यसमा रूपक अलङ्कार छ ।

पूर्णिमाको जूनजस्ती सधैँ हाँसी मुख
पैतलाको तल कुल्ची राख्ने आफ्नो दु:ख ।

माथिको कवितामा उपमा अलङ्कारको प्रयोग भएको छ ।

## ५.४.६ शीर्षकविधान

कवितासङ्ग्रहको नामकरण सार्थक छ किनकि यसमा सङ्कलित कविताहरूको विषयवस्तु फरकफरक किसिमको छ र सबै कविताहरू सम्झनायोग्य छन् । यसमा विविध विषयवस्तुलाई बुझिनेगरी प्रस्तुत गरिएको छ । यस सङ्ग्रहभित्र *सम्झना* कविता पनि रहेको छ । ईश सत्यम् जगन्मिथ्याको भाव रहेको *सम्झना* कविता यस सङ्ग्रहभित्रको उत्कृष्ट कविता पनि हो । यसैलाई आधार बनाएर सङ्ग्रहको नामकरण गरिएको छ ।

## ५.४.७ लयविधान

यस कवितासङ्ग्रहका धेरै कविताहरू लोकलयमै लेखिएका छन् । केही कविताहरू मुक्तलय र गीतिकविताका रूपमा समेत लेखिएका छन् । मुक्तक शैलीका कविता पनि यस सङ्ग्रहमा छन् । समग्र रूपमा हेर्दा लोकलयलाई नै आधार बनाएर यस सङ्ग्रहका कविताको रचना भएको छ । लोकलयलाई आधार बनाएर लेखिएको भए तापनि कहीँकहीँ लयभङ्गको अवस्थासमेत देखिएको छ ।

गुराँस फुल्ने पाखामा, गाई र बाखा चरेको,
ऐँसेलु, काफल खाएर चरीले चिर्बिर गरेको ।
निर्मल स्वच्छ झरना कलकल गर्दै झरेको,
मध्यान्हको घाममा शीतल छाया परेको ।

– *काफल पाक्यो*, पृ. १

यस कवितामा १६ अक्षरको एक पङ्क्ति रहेको लोकलयको सिर्जना भएको छ ।

साथी फर्क !
बल्ल मैले सुनेँ
तिमी विदेश गयौ रे
तिमी एक्लो भयौ रे
मैले बिर्सेको छैन
अन्याय, अत्याचार सिरिखुरी पार्न
कुनाकाप्चासम्म जागृति ल्याउन
जोसिलो बिगुल फुकेथ्यौ
सायद त्यसैले तिमीलाई विदेशिन पऱ्यो ।

– *फर्क*, पृ. ६

प्रस्तुत कविता मुक्तलयमा लेखिएको छ ।

## ५.४.८ निष्कर्ष

**सम्झना** ताराप्रसाद श्रेष्ठको कवितायात्राको तेस्रो चरण (२०५८ देखि हालसम्म) मा सिर्जना भएका कविताहरूको सङ्ग्रह हो । यस सङ्ग्रहमा सङ्कलित कविताहरू साधारण पाठकका लागि पनि बोधगम्य र उपयोगी छन् । साधारण व्यक्तिले समेत बुझ्नसक्ने गरी अत्यन्त सरल शब्दमा जुनसुकै विषयवस्तुलाई पनि कवितामा ढाल्नसक्ने क्षमताले लेखकलाई जनकविका रूपमा चिनाएको छ । यिनी धेरै पढेर साहित्यलेखनका क्षेत्रमा लागेका व्यक्ति नभई स्वअध्ययन गर्दै विभिन्न कविहरूका कविता पढेर यस क्षेत्रमा लागेका व्यक्ति हुन् । त्यसैले यिनका प्राय: सबै कविताहरू लोकलयमा आधारित छन् । कतिपय कविताहरूमा लयभङ्गको अवस्थासमेत छ । यसै सन्दर्भमा अजम्बरध्वज खातीले साहित्यकार श्रेष्ठ यथेष्ट शिक्षा पाएका व्यक्ति होइनन्, उनले आफ्ना कृतिहरूमा व्याकरण पनि दिएका छैनन् र केही विचार दिउँ भन्दा दिन सकेका छैनन् । त्यसैले यी दोषहरू पाठकहरूले गौण ठानिदिनुपर्छ र उनले हैसियतअनुसार जे दिए धेरै दिए, यस्तै रूपमा भए पनि दिँदै जाऊन् भनेका छन् ।[२३]

२३ ताराप्रसाद श्रेष्ठ, **सम्झना**, (नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६२), पृ. क ।

# परिच्छेद : छ

# नेपाली कवितामा ताराप्रसाद श्रेष्ठको योगदान र मूल्याङ्कन तथा उपसंहार

यस परिच्छेदमा कवि ताराप्रसाद श्रेष्ठको योगदान र मूल्याङ्कनका साथै अघिल्ला परिच्छेदहरूमा गरिएको अध्ययनको सार-सङ्क्षेप प्रस्तुत गरिएको छ ।

## ६.१ नेपाली कवितामा ताराप्रसाद श्रेष्ठको योगदान

नेपाली कविताका क्षेत्रमा विगत लामो समयदेखि साधनारत व्यक्तित्वको नाम हो, ताराप्रसाद श्रेष्ठ । वि.सं. २००१ साल आषाढ १५ गते शुक्रबारका दिन पाल्पा जिल्ला दोभान गा.वि.स. वडा नं. २ मरेकमा माता मनकुमारी श्रेष्ठ र पिता चित्रमान श्रेष्ठको पुत्ररत्नका रूपमा जन्मिएका श्रेष्ठले नेपाली साहित्यको कविताविधामा कलम चलाएका छन् । बाल्यावस्थादेखि नै कविता लेखनप्रति अभिरुचि देखाए पनि उनको औपचारिक कवितायात्रा भने वि.सं २०१८ बाट आरम्भ भएको पाइन्छ । पुस्तकाकार कृति कवितासङ्ग्रहका अतिरिक्त फुटकर रूपमा मुक्तक, हाइकु, रोइला र गजलसमेत उनका प्रकाशित छन् । आफ्नै जीवनभोगाइका क्रममा देखापर्ने विषयवस्तुहरूलाई उनले आफ्ना कविताको विषयवस्तु बनाएका छन् । प्रगतिशील चिन्तन भएका कवि श्रेष्ठले समाजका यावत् विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै सामाजिक सुधार, परिवर्तनको आग्रह र नारीवर्गप्रति सहानुभूतिसमेत प्रकट गरेका छन् । कुनै पनि घटनाले तुरुन्त घच्घच्याउने श्रेष्ठका कवितामा ग्रामीण परिवेश, निम्नवर्गीय जनजीवन, अशिक्षा, अचेतना, अस्वस्थताजस्ता विषयले स्थान पाएका छन् ।[१] उनका कवितामा विशेषगरी अन्याय र अत्याचारप्रति आक्रोशको भाव पाइन्छ । आफ्ना रचनाहरू सकेसम्म धेरै पाठकहरूले पढून् र त्यसबाट केही चेतना पाऊन् भन्ने उद्देश्यले उनले कतिपय फुटकर

---

१ जिज्ञासु पौडेल, *ताराको सम्झनामा डुब्दा,* **दैनिक लुम्बिनी**, (साप्ताहिक कोसेली, वर्ष २१, अङ्क ६१, २०६५), पृ. ३ ।

कविताहरू २/४ पृष्ठमा छाप्दै, वितरण गर्दै र सार्वजनिक स्थानहरूमा टाँस्ने कामसमेत गरेका छन् ।

जीवनमा आइपर्ने जस्तोसुकै कठिन क्षणमा पनि अविचलित भई लेखनकार्यमा निरन्तर लागिरहेका श्रेष्ठले कविता सिर्जनाका निम्ति आफ्नो जीवनलाई समर्पण गरेका छन् । कवि श्रेष्ठका कविता, गीत, मुक्तक, हाइकुहरू विभिन्न पत्रपत्रिकाहरूमा पनि प्रकाशित हुँदैआएका छन् ।

कवितायात्राको विभिन्न चरणहरूमा उनले लघु र केही मझौला आकारका कवितासङ्ग्रहहरू प्रकाशित गरिसकेका छन् । मूलत: कविताक्षेत्रमा उनको योगदान अविस्मरणीय छ । समाजमा रहेका यावत् विकृति, विसङ्गति र राज्यको अन्यौल पक्षलाई उनले आफ्ना कविताको कथ्य पक्ष बनाएका छन् । व्यक्ति अनुभव र तत्कालीन परिवेशमा प्राप्त भएका वस्तु र जगत्को छाप आफ्ना कविताकृतिमा दिन श्रेष्ठ सफल भएका छन् । यसलाई नै उनको गुणात्मक प्राप्ति मान्न सकिन्छ । उनको लेखनले जीवनजगत्मा मानिसले भोग्नुपरेका दु:ख, पीडा र मर्कालाई व्यक्त गर्न सफल भएको छ । अन्याय, अत्याचार र शोषणको प्रस्तुतीकरणसमेत उनका कवितामा पाइन्छ ।

यसरी समाजका तीतामीठा कुराहरूलाई अन्तर्वस्तुका रूपमा ग्रहण गरी प्रगतिशील ढङ्गले सत्यतथ्यको निरूपण गर्ने साहित्यकारका रूपमा उनी चिनिन पुगेका छन् । जस्तोसुकै कठिन परिस्थितिमा पनि नेपाली भाषासाहित्यको सेवा गर्न उनी कत्ति पछि परेका छैनन् । यसरी उनले चारओटा कवितासङ्ग्रह र थुप्रै फुटकर लेखरचना प्रकाशित गरी नेपाली भाषासाहित्यमा महत्त्वपूर्ण योगदान दिएका छन् । वास्तवमा उनी जीवनभर साहित्यसाधनामा लाग्ने नि:स्वार्थी साहित्यसाधकका रूपमा चिनिएका छन् । तसर्थ, नेपाली साहित्यको कविताविधामा उनको योगदान स्मरणीय छ ।

## ६.२ मूल्याङ्कन तथा उपसंहार

यस परिच्छेदमा कवि ताराप्रसाद श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वबारे अघिल्ला परिच्छेदमा उल्लेख गरिएका विषयवस्तुको समग्र मूल्याङ्कन र परिच्छेदगत सारांशका साथै समग्र निचोड प्रस्तुत गरिएको छ ।

### ६.२.१ परिच्छेद एकको निष्कर्ष

यस परिच्छेदमा **कवि ताराप्रसाद श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रको परिचय रहेको छ ।

## ६.२.२ परिच्छेद दुईको निष्कर्ष

वि.सं. २००१ साल आषाढ १५ गते पाल्पा जिल्लाको दोभान गा.वि.स. वडा नं. २ मरेकमा जन्मेका ताराप्रसाद श्रेष्ठ स्व. चित्रमान श्रेष्ठ र स्व. मानकुमारी श्रेष्ठका ज्येष्ठ सुपुत्र हुन् । नेपाली साहित्यमा ताराप्रसाद श्रेष्ठ नामले परिचित भए तापनि यिनको जन्मकुण्डलीको खास नाम रेवलाल श्रेष्ठ हो । श्रेष्ठको बाल्यकाल घरपरिवारका सदस्यको माया, ममता र लालित्यमा मरेककै डाँडाकाँडामा बितेको हो । सानै उमेरदेखि कृषि, व्यापार-व्यवसाय आदि विविध पेसा अँगाल्न पुगेका श्रेष्ठले विभिन्न सामाजिक, सांस्कृतिक, राजनैतिक, साहित्यिक संस्थामा रहेर आफ्नो जीवनको उर्वर समय बिताएको पाइन्छ । आर्थिक अभावको गहिराइसम्म पुगेर पनि जागिर र व्यापार-व्यवसायका माध्यमबाट आफ्नो पारिवारिक जीवनको किनारा भेट्टाउन सफल श्रेष्ठ हाल मध्यमवर्गीय आर्थिक अवस्थामा जीवनयापन गर्दैआएका छन् । यिनको दाम्पत्य जीवन सुखमय रहेको र पारिवारिक स्थिति मध्यम खालको छ । यिनले देशदर्शनअन्तर्गत नेपालका विभिन्न क्षेत्र र भारतका पनि विभिन्न स्थानहरूको भ्रमण गरेका छन् । श्रेष्ठले सानै उमेरदेखि सामाजिक, साहित्यिक, सांस्कृतिक, राजनैतिक विभिन्न कार्यक्षेत्रमा प्रवेश गरेको देखिन्छ । विशेषत: सामाजिक, साहित्यिक र सांस्कृतिक क्षेत्रमा मन, वचन, कर्मले लागी त्यसको संरक्षण, सम्बर्धन र उन्नयन गर्ने कार्यमा यिनको महत्त्वपूर्ण योगदान रहेको छ । नेपाली लोकसंस्कृति र लोकगीतको परिवेश पाएर हुर्केका श्रेष्ठ मूलत: गीतिकविता सिर्जनाका क्षेत्रमा सक्रिय रहेका छन् । यस क्षेत्रबाट यिनले यथेष्ट सन्तुष्टि र सम्मानसमेत पाउन सफल भएका छन् ।

## ६.२.३ परिच्छेद तीनको निष्कर्ष

शारीरिक व्यक्तित्वबाटै आकर्षक देखिने श्रेष्ठ ६६ वर्षको उमेरमा पनि यिनी फुर्तिला र जोशिला छन् । यिनको स्वभाव शान्त, सौम्य र मिलनसार छ । सिर्जनाका क्षेत्रमा मूलत: कविताविधामा यिनको कलम सक्रिय र उर्वर रहेको छ । यिनका प्रकाशित पुस्तकाकार कृति र असङ्गृहीत रूपमा यत्रतत्र पत्रपत्रिकामा छरिएर रहेका सयौं कविताहरूले यिनको साहित्यिक व्यक्तित्वलाई उच्च राखेको पाइन्छ भने सामाजिक, सांस्कृतिक र राजनैतिक कार्यले यिनको सामाजिक व्यक्तित्वलाई उजागर गरेको छ । यसका अतिरिक्त यिनको व्यक्तित्वले नृत्य, वाद्यवादन, अभिनय, सङ्गीत, व्यापार-व्यवसाय आदितर्फ पनि विस्तार पाएको छ । समग्रमा भन्नुपर्दा बहुमुखी व्यक्तित्वका धनी कविस्रष्टाका रूपमा यिनी चिनिन्छन् । लोकसंस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने यिनको तीब्र इच्छा अझ पनि क्रियाशील रहेको छ । श्रेष्ठमा रहेको यही लगनशीलता र सिर्जनात्मकताले नै यिनको व्यक्तित्वलाई उच्च बनाउने काम गरेका छन् ।

## ६.२.४ परिच्छेद चारको निष्कर्ष

नेपाली साहित्यको कविताविधाअन्तर्गत गीतिकविता, गजल, मुक्तक, हाइकु, रोइला आदि क्षेत्रमा कलम चलाई प्रसिद्धि पाएका श्रेष्ठको योगदान उल्लेखनीय रहिआएको छ । साहित्य समाजको गहना हो । जीवन सुखदु:खको सङ्गम हो । जीवन र साहित्यमा अन्योन्याश्रित सम्बन्ध छ; त्यसैले जीवन र साहित्यलाई सँगै लैजानुपर्छ भन्ने मान्यता श्रेष्ठमा रहेको छ । विशेषगरी लोकलयमा आधारित गीतिकवितामा महत्त्वपूर्ण योगदान दिएका हुनाले यिनी नेपाली जनमानसमा लोककविका रूपमा समेत परिचित हुन पुगेका छन् । वि.सं. २०१६ सालमा *जुवातास* शीर्षकको कविताबाट आफ्नो कवितायात्रा प्रारम्भ गर्ने श्रेष्ठ वि.सं. २०१८ सालमा **श्री नेपाल तारा** कवितासङ्ग्रह प्रकाशन गरी नेपाली साहित्याकाशमा उदाएका हुन् । कविकै भनाइमा महाकवि र विभिन्न कविहरूका कविता अध्ययन गरी नेपाली कवितालेखनमा अघि बढेका श्रेष्ठलाई नेपालकै सामाजिक र सांस्कृतिक परिवेशले साहित्यसिर्जनातर्फ आकर्षित गरेको हो ।

वि.सं. २०१६ सालदेखि २०३८ सालसम्ममा श्रेष्ठ राष्ट्रवादी कविका रूपमा देखापर्दछन् । २००७ सालमा राणाशासनको पतन र प्रजातन्त्रको प्राप्तिले कवि-लेखकहरू साहित्य सिर्जनामा स्वच्छन्द रूपमा लाग्ने वातावरणको विकास भयो । यसै परिवेशको परिणामस्वरूप श्रेष्ठले पनि आफ्नो देशको प्राकृतिक सुन्दरताको वर्णन गर्ने र ऐतिहासिक क्रान्तिपछि प्राप्त प्रजातान्त्रिक उपलब्धिको चर्चा गर्ने सन्दर्भमा विभिन्न कविताहरू सिर्जना गरे । आर्थिक, सामाजिक र राजनैतिक विषयवस्तुको उठान गर्दै नेपालको प्राकृतिक सुन्दरताको वर्णन गर्नु र देश-नरेशप्रति अगाध आस्था प्रस्तुत गर्नु श्रेष्ठको साहित्ययात्राको प्रथम चरणको मुख्य विशेषता रहेको छ । यस चरणको यिनको प्रतिनिधि कृति **श्री नेपाल तारा** कवितासङ्ग्रह (२०१८) हो । कविता लेखनका दृष्टिले यस काललाई अभ्यासकाल र सिकारुको अवस्था मान्न सकिन्छ ।

वि.सं. २०३९ सालदेखि २०५७ सालसम्मको १९ वर्षको समयावधि श्रेष्ठको लेखनयात्राको दोस्रो चरण हो । यस चरणमा यिनले परिवर्तनगामी सङ्घर्ष, क्रान्ति र स्वतन्त्रताका स्वरलहरीहरूलाई आफ्ना कविताहरूमा समेटेका छन् । आर्थिक, सामाजिक, राजनैतिक असमानता, अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन आदिको विरोध गर्नु र परिवर्तनका लागि क्रान्तिको आह्वान गर्दै प्रगतिवादी स्वर उजागर गर्नु श्रेष्ठको कवितायात्राको दोस्रो चरणका मुख्य विशेषताहरू हुन् ।

वि.सं. २०५८ सालदेखि हालसम्मको अवधि तेस्रो चरण हो । यिनको यो तेस्रो चरण समयका आधारमा छोटो देखिए तापनि प्रवृत्तिगत सचेतताका दृष्टिले उल्लेखनीय रहेको छ । प्रकृतिप्रेम, मानवीय प्रेम र राष्ट्रप्रेम यस चरणमा देखिएका प्रमुख विशेषताहरू हुन् । कविको

दोस्रो चरणमा देखिएको राजनैतिक आवरण यस चरणमा हराएको छ । यस चरणका कविताहरूमा ग्रामीण परिवेश, निम्नवर्गीय जनजीवन, अन्याय र अत्याचारको विरोध तथा अशिक्षाजस्ता विषयले स्थान पाएका छन् । नारीवर्गप्रति सहानुभूति, सामाजिक विकृति र विसङ्गतिको चित्रण पनि यस चरणका कवितामा पाउन सकिन्छ । कविताप्रतिको पूर्ण सचेतताका कारण यस चरणका सम्पूर्ण कविताहरूले श्रेष्ठको कवि व्यक्तित्वको पूर्ण परिचय दिन सफल छन् । कलाप्रतिको यिनको पूर्ण सचेतता र अनुभूतिलाई कलात्मक रूप दिई बाह्यरूपमा प्रकट गर्नु यिनको तेस्रो चरणको उपलब्धि हो । यस चरणको पुस्तकाकार कृति **सम्झना** कवितासङ्ग्रह (२०६२) हो । सर्वसाधारण जनताले बुझ्ने यस चरणका सरल शैलीका कविताहरूले श्रेष्ठलाई जनकविका रूपमा चिनाएका छन् ।

## ६.२.५ परिच्छेद पाँचको निष्कर्ष

विभिन्न साहित्यकारबाट प्रेरणा र प्रभाव ग्रहण गरी लोकलयात्मक गीतिकविताका क्षेत्रमा लाग्ने ताराप्रसाद श्रेष्ठले लोकलयात्मक गीतिकविता, मुक्तक, हाइकु, गजल एवम् मुक्तछन्दका कविता लेखेर आफ्नो कवितायात्रालाई अघि बढाएका छन् । पाँच दशक लामो आफ्नो कवितायात्रामा यिनले चारओटा कविताका पुस्तकाकार कृतिहरू जन्माएका छन् । उनका यी कविताकृतिका प्रवृत्तिगत विविधतालाई अध्ययन गर्दा प्रथमतः उनमा राष्ट्रवादी भावना, त्यसपछि क्रमशः क्रान्तिचेतना, स्वच्छन्दतावाद, प्रगतिवादी दृष्टिकोण, चिन्तनशीलता, कवितालेखनमा निरन्तरताजस्ता प्रवृत्तिहरू देखापर्दै आएका छन् । यसैगरी उनका विभिन्न कवितामा प्रयुक्त विषयगत विविधतालाई अध्ययन गर्दा क्रान्तिकारिता, नारी जागरण, सामाजिक, आर्थिक, राजनैतिक असमानता र अन्याय, शोषण, दमन, उत्पीडनप्रतिको विरोध, गाउँप्रतिको मोह, सामाजिक भेदभावप्रति व्यङ्ग्य, मानवतावादी चिन्तन, राष्ट्रियता, राष्ट्रप्रेम, प्रकृतिप्रेम, मानवीय प्रेम र आफ्नै नितान्त वैयक्तिक जीवनका उतारचढाव, विसङ्गत-असङ्गत आदि विविध पक्षलाई आफ्ना कवितामा समेटी प्रस्तुत गरेका छन् । भाषाशैलीका दृष्टिले हेर्दा ताराप्रसाद श्रेष्ठका कविताहरू सरल, सहज र सम्प्रेषणीय छन् । यिनका गीतिकविताले लोकलयात्मक शैलीलाई आत्मसात् गरेका छन् । कुनै पनि विषयवस्तुलाई सरल भाषामा सरसताका साथ रोचक तथा आकर्षक शैलीमा व्यक्त गर्नु यिनका गीतिकविताको शिल्पगत विशेषता हो ।

अध्ययनका क्रममा फेला परेका श्रेष्ठका फुटकर रचनाहरूको तालिका हेर्दा पत्रपत्रिका, साहित्यसङ्कलन र विभिन्न स्मारिकाहरूमा प्रकाशित यिनका १८३ ओटा फुटकर रचनाहरू देखापर्दछन् । समयसमयमा हुने साहित्यिक गोष्ठीहरूमा नयाँनयाँ रचनाहरूसहित आफ्नो नियमित उपस्थिति जनाउने श्रेष्ठका रचनाहरूको व्यवस्थित संरक्षण एवम् सङ्कलन हुन

सकेको देखिँदैन । तसर्थ यिनका अरू रचनाहरू पनि प्राप्त हुनसक्ने सम्भावना छ । यिनका धेरै रचनाहरू राष्ट्रवादी भावनामा ओतप्रोत गीतिकविताहरू रहेका छन् । फाटफुट रूपमा गजल, मुक्तक, रोइला, हाइकु र लघुकथा पनि भेटिन्छन् । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने श्रेष्ठ प्रथमत: गीतिकवि र त्यसपछि अन्य हुन् । समसामयिक पत्रपत्रिकाहरूमा प्रकाशित एवम् गोष्ठी-जमघटहरूमा प्रस्तुत श्रेष्ठका विभिन्न फुटकर रचनाहरूले यिनलाई उत्कृष्ट कविप्रतिभाका रूपमा चिनाएका छन् । जीवनको उत्तरार्धको हालको समयमा पनि कवितालेखनमा यिनको निरन्तरता रहेको छ ।

## ६.२.६ समग्र मूल्याङ्कन

अन्त्यमा निष्कर्षमा के भन्न सकिन्छ भने ताराप्रसाद श्रेष्ठ युगानुकूल कविता सिर्जना गर्ने ग्रामीणस्तरका प्रतिष्ठित कवि हुन् । १८३ ओटा विभिन्न पत्रिकामा प्रकाशित फुटकर रचना र सानाठूला ४ ओटा पुस्तकाकार कृति प्रकाशन गर्नु यिनको साहित्यप्रतिको चासो हो । यिनले आफ्ना मानवीय चाहनालाई कृतिमा पोखेका छन् । सामाजिक र राजनीतिक विषयवस्तु अँगालेर लेखिएका कृतिले राज्य र समाजको उत्थानमा आधारशीला खडा गर्न सक्ने कुरामा कवि विश्वस्त देखिन्छन् । यिनको जीवनचर्या कवितालेखनमा व्यस्त छ । कवितालेखनमा नै यिनले आफ्नो जीवनलाई समर्पण गरेका छन् । यिनको साहित्यप्रतिको रुचिलाई नै जीवनको वास्तविक अङ्ग मान्न सकिन्छ । यसरी समग्रमा भन्नुपर्दा यिनी नेपाली भाषा र साहित्यप्रति निरन्तर लागिरहने राष्ट्रवादी लेखक हुन् ।

# सन्दर्भसामग्रीसूची

## (क) प्रमुख पुस्तकसूची


श्रेष्ठ, ताराप्रसाद, **श्री नेपाल तारा**, पाल्पा : लेखक स्वयम्, २०१८ ।

__________, **किसान चित्कार**, नवलपरासी : लेखक स्वयम्, २०४८ ।

__________, **तीजको गीत**, नवलपरासी : लेखक स्वयम्, २०४८ ।

__________, **सम्भना**, नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६४ ।


## (ख) सहायक पुस्तकसूची


अर्याल, भगवती, **नवलपरासीको साहित्यिक गतिविधि**, नवलपरासी : लालीगुराँस प्रकाशन, २०६३ ।

अधिकारी, वामदेव, **श्यामप्रसाद न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, २०६४ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाशन**, पाँचौँ संस्क., ललितपुर : साभ्का प्रकाशन, २०४९ ।

ओभ्का, रामनाथ, गिरी, मधुसूदन, **लोकसाहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध**, तेस्रो संस्क., काठमाडौँ : स्टुडेन्टस् बुक्स् पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, २०६० ।

कुँवर, उत्तम, **स्रष्टा र साहित्य**, चौथो संस्क., ललितपुर : साभ्का प्रकाशन, २०५० ।

खाती, अजम्बरध्वज, *मऱ्याकमा सम्भना टेकाएर*, **सम्भना**, नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६२ ।

गैरे, ईश्वरीप्रसाद र आचार्य, कृष्णप्रसाद, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, काठमाडौँ : न्यु हीरा बुक्स इन्टरप्राइजेज्, २०५९ ।

त्रिपाठी, वासुदेव, **नेपाली कविता** भाग-१, छैटौँ संस्क., ललितपुर : साझा प्रकाशन, २०६० ।

थापा, हिमांशु, **साहित्य परिचय**, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन, २०४७ ।

न्यौपाने, घनश्याम, *दुई शब्द,* **तीजको गीत**, नवलपरासी : ताराप्रसाद श्रेष्ठ, २०४८ ।

पराजुली, कृष्णप्रसाद, **राम्रो रचना मीठो नेपाली**, सोह्रौँ संस्क., काठमाडौँ : सहयोगी प्रेस, २०५१ ।

लामिछाने विष्णु, *भूमिका,* **सम्झना**, नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६२ ।

शास्त्री, नारायण, *सानु व्यक्तिको सम्मति,* **श्री नेपाल तारा**, पाल्पा : ताराप्रसाद श्रेष्ठ, २०१८ ।

श्रेष्ठ, ताराप्रसाद, **तीजको कोसेली**, नवलपरासी : इन्द्रेणी सामाजिक मञ्च, २०६४ ।

## (ग) पत्र–पत्रिकासूची

ताराप्रसाद श्रेष्ठ, *ढोका थुनी नकुट बिरालो,* **नयाँ सत्ता**, (वर्ष ३, अङ्क ११, २६ पौष २०६५), पृ. ३

___________, *हाम्रो आवाज,* **हाम्रो आवाज**, (वर्ष १, अङ्क १, श्रावण २०६३, पृ. ४

___________, *लागूपदार्थ सेवनबाट बचौँ र बचाऊँ,* **नयाँ मौसम**, (वर्ष १, अङ्क ६, पौष २०६४, पृ. २२ ।

___________, *कविता,* **कायाकैरन**, (वर्ष १, अङ्क ५२, ९ मङ्सिर २०६३, पृ. ३ ।

___________, *गजल,* **नेपाली माटो**, (वर्ष २५, अङ्क ९, मङ्सिर २०६४), पृ. ११ ।

___________, *नेवा नेपाः को सारसङ्क्षिप्त परिचय,* **मध्यपुर**, (वर्ष १, अङ्क १२, फागुन २०६५), पृ. ३३ ।

पाण्डे, राधा, *मेरो दृष्टिले देखेका कविप्रति अभिवादन,* **दैनिक लुम्बिनी**, (वर्ष २१, अङ्क ४८, २०६५), पृ. २ ।

पौडेल, जिज्ञासु, *ताराको सम्झनामा डुब्दा,* **दैनिक लुम्बिनी (साप्ताहिक कोसेली)**, (वर्ष २१, अङ्क ६१, २०६५), पृ. २ ।

श्रेष्ठ, देवप्रसाद, *रोडम्यापभित्र ताराप्रसाद श्रेष्ठ,* **कुराकानी साप्ताहिक**, (वर्ष २२, अङ्क २४, २०६१), पृ. ३ ।

ज्ञवाली, हिमलाल, *नवलपरासीका लेखकहरूको परिचय,* **लालीगुराँस**, (वर्ष २८, अङ्क १, २०६४), पृ. ८–५९ ।

# परिशिष्ट

## (क) कवितासङ्ग्रहमा नपरेका पत्रपत्रिकामा प्रकाशित केही फुटकर रचना

### (१) ढोका थुनी नकुट बिरालो

रेशमी जाल बुनेर

झ्याल, ढोका थुनेर

बिरालो मार्ने तयारी गर्दैछौ,

बुद्धिको बट्टामा बिर्को लागेकाहरू,

वर्षौंवर्षसम्म

धनसारको अन्न खाएर

मोटाएका मुसाहरू

गनीगनी खाएर

धनसारको अन्न जोगाइदिने

असल मित्र बिरालोलाई कुँडेमा बाँकी रहेको

एकमुठी दूध खाएको झोँकमा

लाठी र मुङ्रोले कुटेर

भाला रोपेर

मार्ने योजना बनाइरहेछौ ।

बुद्धको देशमा

बुद्धि हराएका मान्छेहरू

न्वारनदेखिको बल
पाउदेखि शिरसम्म पुऱ्याउँदा पनि
एक्लै बिरालो समाउने
आँट नभएका भुसतिघ्रेहरू,
बल्लतल्ल झरे, पल्लाघरे, तल्लाघरे, माथिल्लाघरे
साने, माने, दाने, सेते, काले, भुन्टेहरूलाई गुहार माग्दैछौ ।
बाजेले घिउ खाएको पाखुरा देखाउने
बले र बुट्टे नातिहरू
नौरङ्गका लौरोले
दर्जनौँदर्जनौँ हातहरूले
बनाएको बिरालो मार्ने योजना
क्षणभरमै भङ्ग हुनेछ ।
जबजब अन्तिम निकासद्वार
बन्द गर्नेछौँ
तबतब देख्नेछौँ
बिरालो मार्ने तिम्रा दुस्वप्न
बिरालोले आफ्नो जीवन रक्षाका लागि
वायुबेगमा झम्टन थाल्नेछ
दाह्रा र नङ्ग्राले चिथोरेर
सबैसबैलाई
रक्ताम्मे पार्दै
भागाभाग पर्नेछ
कोठाहरू रक्ताम्मै हुनेछन्
बल्ल बिरालो
निर्धक्क भएर
घर बाहिर निस्केर

घरअगाडि आँपको रूखमा चढेर

ढुक्कसँग तिमीहरूको रमिता हेर्नेछ

साहसी बिरालो ।

– ताराप्रसाद श्रेष्ठ, *ढोका थुनी नकुट बिरालो,* **नयाँ सत्ता**, (वर्ष ३, अङ्क ११, २६ पौष २०६५), पृ. ३ ।

(२) **हाम्रो आवाज**

रगत चल्छ चल्दैन पानी, भन्छन् खानलाई

दलित भनी हुँदैन भन्छन्, मन्दिर जानलाई

एउटै घाम एउटै जून एउटै जगत्

काटेमा हाम्रो आउने तातो रातै छ रगत

श्रम र सीप चल्दछ हाम्रो अछुत भए नि

भेद र भाव गर्दछन् यहाँ स्कुल गए नि ।

राम र कृष्ण बुद्धले पनि दलित भनेनन्

अछुत भनी कहिल्यै पनि त्यसरी गरेनन् ।

सामन्तहरू जात र पात यिनैले बनाए ।

शोषण गरी चाड र पर्व खुसीले मनाए ॥

शिरको टोपी पाउको जुत्ता हामीले सिएको ।

लगाई हेर मान र सान त्यसैले दिएको ॥

धर्मको नाउ लिएर यहाँ विभेद गरेको ।

शिक्षाले गर्दा दलित हामी पछाडि परेको ॥

त्रिशूल मूर्ति गजुर पनि हामीले बनाको ।

पुर्खाको धर्म भनेर हामी खुसीले मनाको ॥

शिक्षाको ज्योति नपाईकन कर्मले भनेर ।

नबुझीकन बसेका हामी दलित बनेर ॥

दलित सबै भएका एक अगाडि बढेर ।

कुरीति सबै फाल्नु छ अब स्कुलमा पढेर ॥

हामीले पनि समाजसेवा देशको गर्नुछ ।
पाउन हक नमानी धम अगाडि सर्नुछ ॥
नेतृत्व हाम्रो किटान गरी पर्दछ पाउन ।
कानुन बन्ने ... पुग्न हामी नै जाउन ॥
त्यसैले अब दलित वर्ग एकजुट भएर ।
आवाज हाम्रो पुऱ्याउनुपर्छ सबैले गएर ॥
न्यायको निम्ति दलित वर्ग मिलेर लडौँ न ।
हातमा हात मिलाईकन अगाडि बढौँ न ॥
नेपाल हाम्रो नेपाली हामी भएर बाँचौँ न ।
शान्तिको दियो बालेर अब खुसीले नाँचौँ न ।

– ताराप्रसाद श्रेष्ठ, *हाम्रो आवाज*, **हाम्रो आवाज**, (वर्ष १, अङ्क १, श्रावण २०६३), पृ. ४ ।

(३) **लागूपदार्थ सेवनबाट बचौँ र बचाऊँ**

लाग्ने चीज सेवन गरेर ।
गयो जीवन धन पैसा छरेर ॥
फूलजस्तो जीवन हाम्रो ।
आजैबाट बचाउँ झन् राम्रो ॥

फूलजस्ता नानीबाबु कुरा सुन हेर ।
लागू चीज सेवन गरी, नजाउन खेर ॥
कुलतको सङ्गतमा, नजानेर पर्ने ।
कलिलो त्यो उमेरमा, दुःख पाई मर्ने ॥

कुलतको साथ छोड, हेर बाबुनानी ।
लेखपढ अघि बढ, सुधारेर बानी ॥
राम्रो साथी बनाएमा, राम्रै मिल्छ फल ।

नराम्रोले बनाउँछ, सधैँ तल-तल ॥
धुम्रपान, मद्यपान, हैन कुनै राम्रो ।
कुरा सुन सबै जना, ध्यान दिई हाम्रो ॥
हिरोइन, फेन्सिडिल, मार्फिनहरू ।
ट्याब्लेट, सिरिञ्ज, यस्तैयस्तै अरू ॥

गाँजा, चरेस, भाङ अनि कोकिन सबै जान ।
प्रतिबन्धित औषधिहरू, हुँदैन नि खान ॥
कुलतमा लागेकालाई, यसरी हो चिन्ने ।
स्वभाव बन्छ रिसाएर, झर्किएर हिन्ने ॥

एकान्तमा एक्लै बसी, टोलाउने रुने ।
हल्ला गरी कराउने, एकोहोरो हुने ॥
ओँठ सुक्ने शरीरमा, घाउ आई पाक्ने ।
चुरोट, सलाई, सुई, ब्लेड, पाकेटमा राख्ने ॥

यस्तो असर घर-पर समाजमा पर्छ ।
अम्मलीले लुटपाट, चोरी पनि गर्छ ॥
समाजमा विकृतिले रूप, लिन्छ ठूलो ।
कुलघरको इज्जतमा पर्न जान्न धूलो ॥

अभिभावक सबैजना, दिनपऱ्यो ध्यान ।
समाजमा चेतनाको, फैलाएर ज्ञान ॥
कतिबेला आउँछ छोरा, आमा बाउले घर ।
छात्रछात्रा हेर्नुपर्छ स्कुलमा सर ॥

खानेबेला सुत्ने बेला ख्याल गर्नु आमा ।
समयमा होश गरे, पर्ने छैन धामा ॥
छोराछोरी बराबरी, हुन जाने खर्च ।
आमाबाबु दुवैजना, हिसाब राख्नुपर्छ ॥

गाउँघर, इष्टमित्र, समाजले पनि ।
शिक्षादीक्षा दिनुपर्छ, कर्तव्य हो भनी ॥
रिसाएर गाली हैन, मीठो बोलीकन ।
सम्झाएर लिनुपर्छ, तिन्को भित्री मन ॥

यो राष्ट्रका कर्णधार, भविष्यका तारा ।
अघि बढ्नुपर्छ हेर, बोकी अभिभारा ॥
पढी ज्ञानी भईकन, असल मान्छे बन्ने ।
लक्ष्य लिई अघि बढे, हुने छौ नि धन्य ॥

सङ्घसंस्था प्रशासन, सहकार्य गरी ।
चेतनाको सन्देश दिँदै, हिँडौं अघि सरी ॥
अरूलाई बचाउने, आफू पनि बाँच्ने ।
हाम्रो घर-आँगनमा, खुसियाली नाच्ने ॥

सीपमूलक कार्य सिकाइ, रोजगार भर्ने ।
समाजबाटै लागूऔषध, उन्मूलन गर्ने ॥
लागूऔषध सेवनका, परिणामका कुरा ।
एकएक गरीकन, सम्झाएर पूरा ॥

कुलतमा लागेकालाई, लत छुटाउन ।
समस्याको समाधान, सबै जुटाउन ॥
व्यक्ति-व्यक्ति, सङ्घसंस्था, सबैजना जागौँ ।
आफ्नो-आफ्नो क्षेत्रबाट आजैदेखि लागौँ ॥

उत्पादन गरी बिक्री, ओसारपसार गर्छ ।
त्यस्तो व्यक्ति पत्ता लगाई, दण्ड गर्नुपर्छ ॥
आफ्नो मान्छे पर्‍यो भनी, दिन हुन्न छुट ।
महामारी अन्त्य गर्न, बनौँ एकैजुट ॥

– ताराप्रसाद श्रेष्ठ, *लागूपदार्थ सेवनबाट बचौँ र बचाऊँ*, **नयाँ मौसम**, (वर्ष १, अङ्क ६, पौष २०६४), पृ. २२ ।

(४) **कविता**

प्रवासका बहिनी घर बसी भाइ
हृदय खोली शुभकामना दुवैलाई
कायाकैरन पत्रिकाभित्र आँखा लाएँ
दिदीभाइ दुवैको पत्र पढ्न पाएँ

पराई घर गएकी चेली भन्नै पो के छ र
माइतीघर झगडामा हेरेर बस्यौ पर
आमाको फोनले पो बल्ल तिम्रो मन रोएछ
दसवर्षको घटनाले बल्ल पो छोएछ

आफ्नो गाउँ-माइतीलाई सम्झी रिथ्यौ कस्तो याद
प्रवासी चेली तिमीलाई धेरैधेरै धन्यवाद
कान्छा भाइले मनका धेरै गुनासो गरेका छन्
यसमा तिमीले कत्ति पनि दुखाउनु पर्दैन मन

दाजुभाइ मिलीसक्यौँ घरमा शान्ति आएको छ
छिमेकीहरूमा पनि खुसियाली छाएको छ ।
आमा खुसी हुनुभा'छ दाजुभाइ मिलेको देखेर
भन्नुभएको छ बहिनी बोलाउनु पत्र लेखेर

माघेसङ्क्रान्तिको निम्तो छ बहिनी तिमीलाई
सँगै बसेर खाउँला दिदीबहिनी दाजुभाइ
ज्वाइँ, भान्जा, भान्जी सँगै लएर आउनु साथमा
माया भए पुग्छ कोसेली ल्याउनु पर्दैन हातमा ।

– ताराप्रसाद श्रेष्ठ, *कविता,* **कायाकैरन राष्ट्रिय दैनिक**, (वर्ष १, अङ्क ५२, ९ मङ्सिर २०६३), पृ. ३ ।

(५) **गजल**

नारी हुन् मिर्मिरे बिहानी, हुन् सरिता पनि
नारी हुन् हिमशिखर, शीतल पवन अनि ।

नारी हुन् बगैँचाकी फूल, घरभित्रकी दियो
नारी हुन् अमृतकी मुहान्, प्रकृतिकी धनी ।

नारी हुन् भृकुटी, सीता, नारी हुन् 'पारिजात'
'पासाङ ल्हामु' शिखर चुमिन्, आफू अमर बनी ।

नारी हुन् सरस्वती, लक्ष्मी, रणचण्डी कालिका
दुर्जनहरूको संहार गर्छिन् एकएक गनी ।

– ताराप्रसाद श्रेष्ठ, *गजल,* **नेपाली माटो**, (वर्ष २५, अङ्क ९, मङ्सिर २०६४), पृ. ११ ।

(६) **नेवाः नेपाःको सारसङ्क्षिप्त परिचय**

राष्ट्रसङ्घमा दर्ता भएको 'रञ्जना' लिपि सुन्दर
नेपाल चिनाउने हाम्रो मौलिकता धरोहर
आफ्नै छ हाम्रो रीतिरिवाज भेषभूषा पनि
छौँ हामी नेवारहरू अमूल्य कलाका धनी ।

पुज्दछौँ देवीदेवता चैत्य मन्दिर विहार
मान्दछौँ चाडपर्व नखः दसैँ तिहार
म्हपूजा किजापूजा गरीकन रमाउछौँ भोजमा
जीवन्त राख्न पुर्खाको गौरव लागौँ सबै खोजमा ।

बेलविवाह, गुफा, इही, कन्या कुमारीहरू
कर्मकाण्ड चलाउने छन् रीति र थिति अरू
सुकुन्दा, करुवा, हाम्रो चिनारी छन् अनेकथरि
साइपाटा भित्र्याई हुन्छ विवाह स्वयम्बर गरी ।

गाईजात्रा, लाखेनाच पनि हाम्रो पहिचान हो
कुमारीजात्रा, इन्द्रजात्रा संस्कृतिको सम्मान हो
ऋणभारले थिचिएका प्रिय सकल जन
गरिदिनुभयो शङ्खधरले ऋणमोचन ।

त्यही दिन म्हपूजाको चलन चलेको
शुभदीपावलीको झलमल दियो बलेको
छन् हाम्रा सम्वत् महिना गतेरस तिथिमिति
'शङ्खधर साख्वा' हुन् हाम्रा राष्ट्रका विभूति ।

हाट हटिया बसेका कति सहर बजार
नेवा: समाज छरिएका देशमा हजार
बस्ती पर जातिको हुँदा भाषा भुलेर गए
आफ्नै लिपि पनि कतिले बुझ्दै नबुझ्ने भए ।

जोजो छौँ जहाँजहाँ भाषा जान्ने नजान्ने सब
एकसूत्रमा बाँधिएर अगाडि बढौँ अब
भाषा जान्दैमा भर नपरौँ नेवा: रहेछ भनी
भाषा नबुझे हुन्छ धनको असङ्ख्य घाटा पनि ।

भादगाउँले टोपी चौबन्दी चोली अरू
दौरा सुरुवाल र भोटो कछाडहरू
प्रिय थिए पोसाक, आफ्नै हातले बुनेका
विगतका कथा हुन गए मात्र सुनेका ।

कार्यविभाजन गरियो राज्य मल्ल कालमा
छन् हाम्रा अमूल्य सम्पदाहरू बहालमा
राजादेखि सब काम हुने गर्थ्यो आफ्नै जातमा
आफ्नै पसिनामा रमाउने कला थियो हातमा ।

धनी गरिब सब व्यापारमै रम्दथे
बसाइँ सरे पनि ती बाटोमै जम्दथे
थोरै थिए किसान व्यापारी नै हुन् ती पनि
सम्बोधन गर्दछन् सबैले 'साहुजी' भनी ।

प्रधानसेनापतिको पद प्रधान भयो
राज्यकोषको भण्डारे राजभण्डारी भयो
जोशी, श्रेष्ठ, राजवैद्य पनि सब कामले
छोरा नाति पनाति चिनिए त्यही नामले ।

काठमाडौँ, भक्तपुर, कीर्तिपुर, भादगाउँ
पाटन बनेपा राजधानीको नेपाल नाउँ
नेवा:बाट नेपाल सम्वत् नेवारको राज यो
शाहवंशले चलाएको विक्रम सम्वत् आयो ।

नेपाल सम्वत् लेख्ने गरौँ भाषा नजाने पनि
भाषाको विकास गरौँ न मिलेर गरिब धनी
कतै गुठी कतै समाज भनी विधान दर्ता गरी
आबद्ध बनौँ आजैबाट हामी सबै अगाडि सरी ।

हाट-हटिया, गाउँटोल, बस्ती बजार सहर
हातेमालो गरौँ केन्द्रमा निर्णायक भूमिका हाम्रो छ
मात्र एकता बनौँ हामीहरू भविष्य राम्रो छ ।

लालीगुराँस फुल्ने वनपाखा, डाँफे-मुनाल अनि
रारा-फेवा ताल सुन्दर छौँ हामी प्रकृतिका धनी
विश्वशिर सगरमाथा विश्वमा छरेर
मुस्कुराउँछ झलमल बिहानीमा लाली भरेर ।

लहरा पहरा छहरा बाँदर देखिन्छ शिलाजित
घना जङ्गल चरा चिरिबिरी गाउँछ कोइली गीत
छन् यहाँ फुलेका थरीथरी रङ्गीबिरङ्गी फूल ।

छन् यस्ता असङ्ख्य पाखापखेरा पर्वत हिमाल
सुन्दर धरतीको स्वर्ग बनेको यो हाम्रो नेपाल
जोगाउनुपर्दछ हाम्रो भाषासंस्कृति संस्कार
दुई हात जोडी सबैमा यही छ मेरो पुकार ।

नेवा नपाको सङ्क्षिप्त परिचय शब्दसार यो
बोक्नुपर्दछ हामी सबैले अभिभार यो
भन्दै बिदा माग्दछु म आज दुई हात जोडेर
सफलताको कामना गर्दछु सम्झना छोडेर ।

– तාराप्रसाद श्रेष्ठ, *नेवाः नेपाःको सारसङ्क्षिप्त परिचय*, **मध्यपुर**, (वर्ष १, अङ्क १२, फागुन २०६५), पृ. ३३ ।

(७) **पीडित महिलाको कथा**

पारिवारिक हिंसापीडित कथा एउटा नारीको
विरह र वेदनाको पोको भारीको ।

बलिन्द्र यी आँसुधारा बगाउँदै रोएको
त्यै आँसुले हातको रुमाल तिन्ले धोएको ।

उमेरमै चुरा फुट्यो सिन्दुर पनि पुछियो
विरहको त्यो आँसुले माटो मुछियो ।

सुनजस्ता सुन्तला फलेका थे झपक्क
काल आई श्रीमान्लाई लग्यो टपक्क ।

छोराछोरी मुख हेरी तिन्को भलो चिताए
जवानी र चढ्दो उमेर रुँदै बिताए ।

दिन काट्न बजारमा गर्थें मैले पसल
गाउँघर ईष्टमित्र थिए असल ।

चिप्ला मीठा कुरा गरी लागे उनी धाउन
अनपढ म नारीको मन पाउन ।
        तिम्रोजस्तै मेरो पनि बेथा एउटै भनेर
        सहारा भै जीवन बिताउँ भन्ने मानेर ।
विश्वासघात गर्ने छैन भन्थे सधैँ आएर
बारम्बार भन्ने गर्थे कसम खाएर ।
        दशा लाग्यो मर्ने बेला बुद्धि मेरो भुटियो
        इज्जत र धन सबै मेरो लुटियो
मिसिनले पेलिएको उखुजस्तो भाकी छु
त्यही उखुमा आगो लगाउन मात्र बाँकी छु ।
        वचनको भिर रोप्छन् रातो बनाई बेसरी
        दिन काट्छु हिजोआज मैले यसरी ।

– ताराप्रसाद श्रेष्ठ, *पीडित महिलाको कथा,* **तीजको कोसेली**, (नवलपरासी : इन्द्रेणी सामाजिक मञ्च, २०६४), पृ. ८ ।